## परिच्छेद-एक
# शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक **एक पालुवा अनेकौं याम उपन्यासको परिवेशको अध्ययन** रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्यको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअर्न्तगत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको परिपूर्ति गर्नु रहेको छ ।

### १.३ विषयपरिचय

दौलतविक्रम विष्ट (वि.सं १९८३-२०५९) नेपाली साहित्य जगत्का एक प्रतिभा हुन् । उनले नेपाली साहित्यका कविता,कथा,नाटक र उपन्यास विधाका अतिरिक्त विभिन्न प्रबन्धात्मक लेखमा पनि कलम चलाएका छन् । उनको साहित्यिक यात्रा विधागत रूपमा वैविध्यपूर्ण भए तापनि खास सफलता भने कथा र उपन्यास विधामा देखिएको छ । त्यसमा पनि यिनको उपन्यासकारिता अझ सशक्त देखिन्छ । नेपाली उपन्यासपरम्पराको आदर्शोन्मुख यथार्थवादी धाराबाट उपन्यासयात्रा सुरू गरेका विष्टले वि.सं २०३० को दशकपछि विसङ्गतिवादी तथा मानवतावादी चिन्तनतर्फ झुकाउ राखेका छन् । उपन्यासकार विष्टका नौ वटा उपन्यासहरू प्रकाशित छन् ती हुन् : **मञ्जरी** (२०१६), **एक पालुवा अनेकौं याम** (२०२६), **चपाइएका अनुहार** (२०३०), **बिग्रिएको बाटो** (२०३३), **थाकेको आकाश** (२०३४), **भोक र भित्ताहरू** (२०३८), **ज्योति ज्योति महाज्योति** (२०४५), **हिमाल र मान्छे** (२०४५) र **फाँसीको फन्दामा** (२०५३) । यी उपन्यासहरूमा विष्टले जीवनका विविध पक्षका यथार्थ, विसङ्गति, सामाजिकता, मनोविज्ञान, सङ्घर्ष, युगीन सङ्क्रमण र अन्यौलका साथै आफ्ना विचार र चिन्तनलाई कलात्मकताका साथ प्रस्तुत गरेका छन् ।

उनका नौ वटा उपन्यासहरूमध्ये **एक पालुवा अनेकौं याम** (२०२६) नेपाली उपन्यासविधाकै एक सफल र उत्कृष्ट उपन्यास हो । यस उपन्यासमा मूल कार्यस्थलका रूपमा काठमाडौँ, कलैया, वीरगञ्ज, झापा, चैनपुर, विराटनगर, पूर्वी तराई आदिका स्थानीय परिवेश आएका छन् । यस उपन्यासले वि.सं २००७ सालअघिको सामन्ती व्यवस्था, युवापुस्ताको द्वन्द्वशीलता र सामाजिक सङ्क्रमणको पृष्ठभूमिमा नेपाली सामाजिक जीवनको एक विशाल परिवेशलाई सामाजिक र मनोवैज्ञानिक यथार्थका आधारमा चित्रित गरेको छ । समग्र तत्त्वका आधारमा कृतिको अध्ययन, विश्लेषण हुने गरे तापनि कुनै एक तत्त्वमा आधारित भई अध्ययन गर्ने परम्परा कम छ । त्यसैले एक तत्त्व परिवेशमा आधारित भई **एक पालुवा अनेकौं याम** उपन्यासको अध्ययन गरिएको हो ।

## १.४ समस्याकथन

दौलतविक्रम विष्ट नेपाली उपन्यासजगत्का एक विशिष्ट प्रतिभा हुन् । उनले नौ वटा औपन्यासिक कृतिहरू लेखेर सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिबाट नेपाली उपन्यासजगत्लाई समृद्ध तुल्याएका छन् । उनका नौ वटा उपन्यासहरूमध्ये **एक पालुवा अनेकौ याम** उपन्यासलाई परिवेशविधानका आधारमा अध्ययन गर्नु शोधपत्रको मुख्य समस्याकथन रहेको छ । प्रस्तुत शोधपत्र उपन्यासको परिवेशमा केन्द्रित भएको हुनाले यसका समस्याहरू यसप्रकार रहेका छन् :

क) **एक पालुवा अनेकौं याम** उपन्यासको स्थान कुन रहेको छ ?

ख) **एक पालुवा अनेकौं याम** उपन्यासले कुन समयवृत्तको जीवनगाथालाई समेटेको छ ?

ग) उपन्यासका विभिन्न तत्त्वसँग **एक पालुवा अनेकौं याम** उपन्यासमा प्रस्तुत परिवेशको के-कस्तो सम्बन्ध रहेको छ ?

## १.५ शोधका उद्देश्यहरू

माथि उल्लेखित समस्याकथनमा केन्द्रित रहेर **एक पालुवा अनेकौं याम** उपन्यासमा प्रस्तुत परिवेशको अध्ययन गर्नु यस शोधपत्रको मुख्य उद्देश्य रहेको छ । प्रस्तुत शोधपत्र उपन्यासको परिवेशमा केन्द्रित भएको हुनाले यसका उद्देश्यहरू यसप्रकार रहेका छन् :

क) **एक पालुवा अनेकौं याम** उपन्यासमा प्रस्तुत स्थानको विश्लेषण गर्ने,

ख) **एक पालुवा अनेकौं याम** उपन्यासले समेटेको समयवृत्तको जीवनगाथालाई विश्लेषण गर्ने,

ग) औपन्यासिक तत्त्वका दृष्टिले **एक पालुवा अनेकौं याम** उपन्यासका विभिन्न पक्षसित परिवेशको सम्बन्ध सम्बन्ध केलाउने

## १.६ पूर्वकार्यको समीक्षा

दौलतविक्रम विष्टद्वारा रचित **एक पालुवा अनेकौं याम** उपन्यासका बारेमा विभिन्न विद्वान्हरूद्वारा टीका टिप्पणी तथा समीक्षा भएको पाइन्छ । फुटकर पत्र-पत्रिका तथा पुस्तकहरूमा यस कृतिका बारेमा चर्चा गरिएको भए पनि परिवेशमा मात्र केन्द्रित भई अध्ययन विश्लेषण हुन सकेको देखिदैन । यस कृतिका बारेमा विद्वान्हरूद्वारा गरिएका समीक्षा तथा टीका टिप्पणीहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**एक पालुवा अनेकौं याम** (२०२६) उपन्यासको प्रकाशकीय लेखमा साझा प्रकाशनले दौलतविक्रम विष्टले विस्तृत परिवेशमा यो उपन्यास लेखेर टड्कारो रूपमा बृहत् नेपाली समाजको चित्रण गरेको कुरा उल्लेख गरेका छन् । त्यस्तै यस्तो उपन्यास लेख्ने धैर्य नेपाली उपन्यासकारहरूमा कमै पाइने कुरा बताएका छन् ।

शोधार्थी सीता शर्माले **दौलतविक्रम विष्टको जीवनी र व्यक्तित्वको अध्ययन** (२०३८) नामक शोधग्रन्थमा **एक पालुवा अनेकौं याम** उपन्यास विशाल भूमिमा खडा भएको कुरा चर्चा गरेकी छन् । वि.सं २००७ सालअघिको सामन्ती व्यवस्था, युवापुस्ताको द्वन्द्वशीलता र सामाजिक सङ्क्रमणको परिवेशलाई सामाजिक र मनोवैज्ञानिक यथार्थका आधारमा **एक पालुवा अनेकौं याम** उपन्यासले चित्रित गरेको कुरा बताएकी छन् । उनले यस उपन्यासमा स्थानीयताका दृष्टिले काठमाडौँदेखि मकवानपुर हुँदै पूर्वी तराईको ग्रामीण समुदायको विशेष रस्ति बस्ती भएका कलैया,

वीरगञ्ज, झापा, विराटनगर आदिका स्थानीय परिवेश आएका र विभिन्न ठाउँका विभिन्न मान्छे र संस्कार तथा तिनीहरूसँगको बसउठ उपन्यासमा चित्रित भएको कुरा उल्लेख गरेकी छिन् ।

प्रतापचन्द्र प्रधानले **नेपाली उपन्यास परम्परा र पृष्ठभूमि** (२०४०) नामक पुस्तकमा विष्टका उपन्यासमा युगप्रतिको वितृष्णा र विसङ्गतिको अभिव्यक्ति पाइने कुरा बताएका छन् ।

गोपीकृष्ण शर्माले **एक पालुवा अनेकौं याम उपन्यासको पात्रविधान** (२०४२) वाङ्मय पत्रिकामा प्रकाशित समालोचनात्मक लेखमा यो उपन्यास नेपालको निकै फराकिलो भौगोलिक र सामाजिक परिवेशलाई अँगाली लेखिएको र परिवेशको विशाल आयाम सिर्जनामा पात्रहरूको बाहुल्यले भूमिका खेलेको छ । बाबुछोराको पुस्तागत अन्तर्क्रियाको आख्यानरेखामा उभिएको यस बृहदाकार उपन्यासले विस्तृति र पात्रविधानको बाहुल्यले गर्दा सङ्क्रमणकालीन नेपाली समाजका युगीन घात-प्रतिघातहरूलाई प्रतिबिम्वत गर्न पुगेको कुराको उल्लेख गरेका छन् ।

पशुपति नेउपानेले **ज्योति ज्योति महाज्योति उपन्यासको अध्ययन** (२०५०) नामक शोधग्रन्थमा **एक पालुवा अनेकौं याम** मा पात्रहरू पुरातन र नवीन मूल्यका प्रतिचापमा परेको र स्थानीयताबाट च्यापिएका साथै नारी पात्रहरू अत्यन्त परम्परावादीदेखि लिएर आधुनिक कान्तिकारीस्तरसम्म भएको कुरा चर्चा गरेका छन् ।

घटराज भट्टराईले **प्रतिभै प्रतिभा र नेपाली साहित्य** (२०५१) नामक पुस्तकमा **एक पालुवा अनेकौं याम** आकारप्रकारले जति ठूलो छ सामाजिक अवस्थाको विविध चित्रण पनि त्यत्तिकै विस्तृत र व्यापक छ । यस उपन्यासमा मूलतः विष्ट स्वयंले नेपालका पहाडी र तराईका जिल्ला-जिल्ला र गाउँगाउँ बालककालमा चहार्दा देखेका र भोगेका, सुनेका र बुझेका घटना र स्थितिको राम्रो झलक यस उपन्यासमा प्रस्तुत भएको कुराको उल्लेख गरेका छन् ।

तारानाथ शर्माले **चपाइएका अनुहार** (२०५५) उपन्यासको भूमिका लेख्ने क्रममा **एक पालुवा अनेकौं याम** लाई चर्चा गर्दै यसको क्षितिज विस्तृत, कार्यक्षेत्र व्यापक, मनोविश्लेषण सूक्ष्म, चरित्र चित्रणमा विस्तृत आयाम ओगट्नुको साथै ओजस्वी तथा आकर्षक, कुतूहल र प्रभावकारी शैलीले गर्दा यो उपन्यास माथि पुगेको बताएका छन् ।

धनप्रसाद सुवेदीले **नेपाली आञ्चलिक उपन्यासको ऐतिहासिक सर्वेक्षण** (२०५६) नामक शोधग्रन्थमा **एक पालुवा अनेकौं याम** उपन्यासमा विभिन्न परिवेशको चित्रण भए पनि अञ्चलको विशिष्ट जीवनचर्या, रहनसहन, संस्कृति आदिको चित्रण छैन । आञ्चलिक भाषाको प्रयोग छैन । एउटा पात्र कमलको सेरोफेरोमा यसको कथानक दौडेको छ । एकाध लोकगीतको प्रयोग भए पनि यसको उद्देश्य आञ्चलिक विशिष्टता देखाउनु नभएर अरू नै कुरा देखाउनु रहेको हुनाले पनि यो उपन्यास आञ्चलिक बन्न नसकेको कुराको पुष्टि गरेका छन् ।

सुन्दरी थापाले **एक पालुवा अनेकौं याम उपन्यासमा द्वन्द्वविधान** (२०५६) नामक शोधग्रन्थमा सामाजिक वा पारिवारिक बिडम्वना, शोषणयुक्त सामाजिक स्वभाव, राजनैतिक चेतना, पुरानो संस्कार र नयाँ संस्कार र त्यसबाट उब्जेका परिस्थितिहरूलाई **एक पालुवा अनेकौं याम** मा चित्रण गरिएको कुरा चर्चा गरेकी छन् ।

विष्णुप्रसाद पौडेलले **साहित्यकार दौलतविक्रम विष्ट र उनको औपन्यासिक यात्राको चरण विभाजन** (२०५८) नामक **गरिमा** पत्रिकामा प्रकाशित समालोचनात्मक लेखमा **एक पालुवा अनेकौं**

**याम** उपन्यासलाई समाजको यथार्थ परिवेशको विविधपक्षीय चित्रण, व्यापक परिवेश र स्थानीय रङ्को सबल प्रस्तुति भएको उपन्यासको रूपमा चर्चा गरेका छन् । साथै वि.सं २००७ सालको सङ्क्रमणकालीन परिवेशले उत्पन्न गराएको नयाँ पुस्ता र पुरानो पुस्ताको द्वन्द्व, सङ्घर्ष या युगीन यथार्थको सन्तुलित चित्र आफूमा समेटेको हुँदा यो उपन्यास नेपाली उपन्यास साहित्यको महत्त्वपूर्ण रचना हुन पुगेको कुरा उल्लेख गरेका छन् ।

कृष्णहरि बराल र नेत्र एटमले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (२०५८) नामक पुस्तकमा **एक पालुवा अनेकौं याम** उपन्यासको चर्चा गर्दै वि.सं. २००७ सालको प्रजातन्त्र प्राप्तिपछिका दुई युवापुस्ताका द्वन्द्वलाई देखाउँदै नयाँ मूल्यका लागि लागिपर्नेहरू र यथास्थितिवादको रुढि फलाकेर समाज कुहाउनेहरूको चर्चा यस उपन्यासमा भएको उल्लेख गरेका छन् ।

कृष्णचन्द्रसिंह प्रधानले **साझा समालोचना** (२०५८) नामक पुस्तकमा सामन्ती समाज तथा सामाजिक अन्तर्विरोधको चित्रण साथै सात सालपूर्वको विद्रोहात्मक संचेतना प्रतिबिम्वित गर्ने कृतिको रूपमा **एक पालुवा अनेकौं याम** उपन्यासलाई चित्रण गरेका छन् ।

इन्द्रबहादुर राईले **नेपाली उपन्यासका आधारहरू** (२०५८) नामक पुस्तकमा आञ्चलिक उपन्यासको रूपमा **एक पालुवा अनेकौं याम** लाई चिनाएका छन् । उनी भन्छन्-"आञ्चलिकताको बृहत्कथा छ दौलतविक्रम विष्टको **एक पालुवा अनेकौं याम** (१९६९) जसमा देश (नेपाल) समग्र नै युगीय एक पूर्ण आञ्चलिकतामा आरोहित छ । कथा लिएर चरित्रहरूले नेपालका तराईली पाखा चहारेका छन् र प्रक्रममा र प्रसङ्गमा पारिवेशिक विशेषताहरू-रहन, विचार र कार्य-का बुनेटोबाट उपरि बुट्टाई र लय निक्लन लाग्छन् । एकजोर बाबुछोराका कथाका रेसामा देशका वार्तमानिक स्थितिहरू आएका र आउन खोज्ने पया बाटिएका छन् । विगतदेखि आएर आजमा बसेका बाबुका आकाङ्क्षा र अभ्यस्तताहरू यसमा विजयी बन्दैनन, पारिवारिक अश्रान्ति र मानसिक व्यलिक बटुलेका छन् । नितान्त अभिनवलाई अङ्गीकार गर्न छोरो असमर्थ छ, प्रेमिका पत्नीको अज्ञान ठूलो विराम पनि बिर्सन सक्दैन ।"

विश्वबन्धु अधिकारीले **एक पालुवा अनेकौ याम उपन्यासको कृतिपरक अध्ययन** (२०६०) नामक शोधग्रन्थमा कृतिको विश्लेषणका साथै परिवेशको सम्बन्धमा पनि सामान्य चर्चा गरेका छन् ।

नरेन्द्रराज प्रसाईंले **दौलतविक्रम विष्टको परिक्रमा** (२०६०) नामक पुस्तकमा **एक पालुवा अनेकौं याम** उपन्यासलाई सर्वप्रथम विशाल जीवनको बृहत् परिवेशलाई आत्मसात् गरेर युगकै प्रतिनिधित्व गर्न खोज्ने कृतिको रूपमा उल्लेख गर्दै समाजका अनेकौं रूप, पक्ष, अवस्था आदिलाई व्यक्तिमा आरोपित गरेर त्यसैको सर्वाङ्गीण चित्रणद्वारा बोध गराइएको कुरा चर्चा गरेका छन् ।

लक्ष्मी अधिकारीले **चपाइएका अनुहारको कृतिपरक अध्ययन** (२०६२) नामक शोधग्रन्थमा सामाजिक यथार्थ घटनाको सशक्त यथार्थपरक विश्लेषण, विस्तृत आयाम, भाषिक शिल्प तथा औपन्यासिक कलागत सौन्दर्यले भरिपूर्ण उत्कृष्ट कृतिको रूपमा **एक पालुवा अनेकौं याम** उपन्यासलाई चिनाएकी छिन् ।

राजेन्द्र सुवदीले **नेपाली उपन्यासःपरम्परा प्रवृत्ति** (२०६४) नामक पुस्तकमा **एक पालुवा अनेकौं याम** उपन्यास नेपालको इतिहास, संस्कृति र पर्यावरणमा मौलाएका अनेकौं विकृतिहरूलाई केन्द्रमा राखेर लेखिएको बृहत् कायको उपन्यास हो । प्रस्तुत उपन्यासले वि.सं २००७ सालपछिको सामाजिक संरचना र त्यसमा आउन थालेका विचलनलाई यथावत् रूपमा स्थापना गर्ने प्रयत्नमा वस्तुको चयन गरेको छ । अर्थका क्षेत्रमा आएका शोषण र उत्पीडनका विसङ्गति प्रणय र यौनकाबीचका रेखाहरूको पहिचानपूर्ण प्रयोग, वर्गीय उच्चता र त्यस मर्यादाबाट बिस्तारै गिर्दै गएको अवस्थिति अनि सांस्कृतिक र राजनीतिक अस्थिरताले जन्माएको परम्परा त्यसमा चित्रित भएको कुरा उल्लेख गरेका छन् ।

यसप्रकार माथि उल्लेख गरिएका सामान्य प्रयासहरू भए पनि **एक पालुवा अनेकौं याम** उपन्यासको परिवेशमा मात्र केन्द्रित भई विस्तृत अध्ययन विश्लेषण भएको छैन । यही अभाव पूर्ति गर्ने उद्देश्यले यस शोधपत्रले **एक पालुवा अनेकौं याम** उपन्यासको परिवेशको विस्तृत अध्ययन र सूक्ष्म विश्लेषण गरिएको छ ।

## १.७ अध्ययनको औचित्य र महत्त्व

उपन्यासकार दौलतविक्रम विष्टको सिङ्गो उपन्यासकार व्यक्तित्वलाई सम्झँदा उनको उपन्यासकार व्यक्तित्वले प्राप्त उपन्यासकारिता र सिर्जनात्मक प्राप्ति आज अध्ययनको एउटा महत्त्वपूर्ण विषय नै बन्न पुगेको छ । वि.सं  २०२६ सालमा प्रकाशित **एक पालुवा अनेकौं याम** उपन्यासमा वि.सं २००७ साल अघिको सामन्ती व्यवस्था र सामाजिक घटनाको यथार्थपरक चित्रण गरिएको छ । यस उपन्यासको सम्बन्धमा जे-जति अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको भए पनि परिवेशमा केन्द्रित भई विश्लेषण गरिएको पाइँदैन । त्यसैले **एक पालुवा अनेकौं याम** उपन्यासको परिवेशको विश्लेषण गर्नु यस अध्ययनको औचित्य रहेको छ । यस शोधमा परिवेशको विश्लेषण र विस्तृत अध्ययन गरिएकाले यस विषयमा अध्ययन गर्न चाहने अध्येताहरूले थप ज्ञान प्राप्त गर्न सक्छन् । यसैगरी कुनै पनि कृतिको परिवेशको अध्ययन गर्न चाहने शोधार्थीले सामान्य मार्ग निर्देश प्राप्त गर्न सक्ने हुँदा यस शोधकार्यको महत्त्व स्वतः पुष्टि हुन्छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

नेपाली उपन्यासका क्षेत्रमा वि.सं २०१६ सालदेखि कलम चलाउँदै आएका दौलतविक्रम विष्टले **मञ्जरी, चपाइएका अनुहार, एक पालुवा अनेकौं याम, बिग्रिएको बाटो, थाकेको आकाश,ज्योति ज्याति महाज्योति, हिमाल र मान्छे, भोक र भित्ताहरू  र फाँसीको फन्दामा** जस्ता नौ वटा उपन्यासहरू प्रकाशनमा ल्याउन सफल भएका छन् । उनका नौ वटा उपन्यासहरू प्रकाशनमा आइसकेको भए तापनि प्रस्तुत शोधकार्यको लक्ष्य उनले वि.सं २०२६ सालमा प्रकाशनमा ल्याएको **एक पालुवा अनेकौं याम** कृतिको परिवेशविधानको अध्ययन गर्ने रहेको हुँदा सोही कृतिको परिवेशमा मात्र केन्द्रित भई अध्ययन गरिएको छ ।

## १.९ सामग्री सङ्कलन र विधि

यस शोधपत्र लेखनमा मूलतः पुस्तकालयीय विधिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । यसका अतिरिक्त विभिन्न विद्वान्हरूका लेख, रचना र सल्लाह सुझाव आदिलाई सामग्रीका रूपमा उपयोग गरिएको छ । प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा मूलतः अन्वेषणात्मक विधिको अवलम्बन गर्नुका साथै वर्णनात्मक र विश्लेषणात्मक पद्धतिको पनि प्रयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

**एक पालुवा अनेकौं याम उपन्यासको परिवेशको अध्ययन** शीर्षक शोधपत्रको रूपरेखा यसप्रकार रहेको छ :

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : परिवेशको तात्पर्य र प्रकार तथा उपन्यासका अन्य तत्त्वहरूसँग परिवेशको सम्बन्ध

परिच्छेद तीन : **एक पालुवा अनेकौं याम** उपन्यासमा परिवेश चित्रण

परिच्छेद चार : उपन्यासका विभिन्न तत्त्वसँग एक पालुवा अनेकौं याम उपन्यासमा प्रस्तुत परिवेशको अन्तर्सम्बन्ध

परिच्छेद पाँच : शोधनिष्कर्ष

## परिच्छेद-दुई

# 'परिवेश'को तात्पर्य र प्रकार तथा उपन्यासका अन्य तत्त्वसँग परिवेशको सम्बन्ध

## २.१ 'परिवेश' को तात्पर्य र प्रकार

उपन्यास निर्माण वा संरचनाप्रक्रियामा विभिन्न तत्त्वहरूको आवश्यकता पर्दछ । संरचना तत्त्वहरूको विन्यासले उपन्यासको मूर्त रूप तयार हुन्छ । उपन्यासका तत्त्वहरूबारेमा विद्वान्हरूबीच मतैक्य नभए पनि अनिवार्य तत्त्वहरूलाई सबैले स्वीकार गरेका छन् । ती हुन् कथानक, चरित्र, दृष्टिबिन्दु, परिवेश, संवाद अथवा कथोपकथन, भाषाशैली, उद्देश्य । यिनै तत्त्वहरूका माध्यमबाट उपन्यासले रूप धारण गरी जीवनको कुनै पूर्ण चित्र उपस्थित गर्दछ । यसमा कथानक र पात्रहरू अनिवार्य हुन्छन् भने भाषा र संवाद अभिव्यक्तिका माध्यम हुन् । पात्रहरूको अन्तर्क्रिया र घटनाका लागि परिवेश आवश्यक पर्छ (बराल र एटम,२०६४:२७४) । उपन्यासकारको लेखनको निश्चित उद्देश्य हुन्छ र त्यो उद्देश्य पूर्तिका लागि उसले दृष्टिबिन्दुको चयन गर्दछ । यसरी एउटा उपन्यासको निर्माण पूरा हुन्छ । यस शोधग्रन्थमा चर्चाको विषय रहेको छ **परिवेश** । उपन्यास निर्माण  वा संरचना प्रक्रियामा चाहिने विभिन्न तत्त्वहरूमध्ये **परिवेश** एक महत्त्वपूर्ण तत्त्व हो । यसको प्रयोग घटना र पात्रको आधारका रूपमा गरिने हुँदा आख्यानमा यसको निकै महत्त्व छ । **परिवेश** मूलतः तत्सम शब्द हो । हाम्रो वरिपरिको सेरोफेरोलाई नै **परिवेश** भनिन्छ । **वेश** शब्दमा **परि** उपसर्ग लागी **परिवेश** शब्द बन्दछ । **वेश** शब्दले मानिसको पहिरन, पोसाक वा भेष भन्ने अर्थ बुझाउँछ भने **परिवेश** शब्दले खास कार्य वा घटना हुने क्षेत्र वा त्यस आसपासको क्षेत्र भन्ने बुझिन्छ (अधिकारी, २०६३:५९४) । यसलाई देशकाल वा वातावरण भनेर पनि बुझिन्छ । **देश** शब्दको अर्थ स्थल, थलो वा ठाउँ हो र **काल** शब्दको अर्थ समय, युग वा बेला हो भने **वातावरण** भनेको परिस्थिति हो । यसलाई अङ्ग्रेजीमा **सेटिङ** भनिन्छ । सेटिङअन्तर्गत नै वातावरण, पृष्ठभूमि, पीठिका, देशकाल आदि पर्दछन् (बराल, २०५५:३२५) । साहित्यका सन्दर्भमा विभिन्न विभिन्न विद्वान्हरूले दिएका परिभाषा मार्फत् परिवेशको अर्थ र विशेषता पहिल्याउन सकिन्छ :

देशकालको अर्थ कार्यव्यापार, त्यसको स्थान र समय हो । यसमा जीवनका कथा रीतिरिवाज, रहनसहन, व्यवहार, प्राकृतिक पूर्वाधार र परिवेशजस्ता विषय पर्दछन् (बराल र एटम, २०५८:३६) ।

कुनै पनि काम हुनका लागि उपयुक्त मानिएको स्थल वा कार्यपीठिका नै उपन्यासको परिवेश हो  (सुवेदी, २०६४:२५) ।

परिवेश उपन्याससंरचनाको क्रममा पात्र र कथानकका लागि सिर्जना गरिने आधारभूमि वा वातावरण हो (बराल, २०६३:२५) ।

वर्णित वस्तु वा चरित्र देशकालको वातावरणमा आबद्ध भई त्यसै युगको सामाजिक परिस्थितिले उपन्यासलाई सङ्गति दिन्छ, विश्वसनीयता दिन्छ (प्रधान, २०६१:१०) ।

मूलतः औपन्यासिक संरचना प्रक्रियामा वातावरण भन्नाले उपन्यासका आन्तरिक तथा बाह्य समयावधि प्रवाहित औपन्यासिक कार्यव्यापारसँग सम्बन्धित विशेष देश, काल र परिस्थिति अथवा कुनै समाज, जातजाति वा वर्गको आचार, सभ्यता एवम् संस्कृति र साथै सामाजिक, सांस्कृतिक, राजनैतिक, ऐतिहासिक आदि परिवेशको चित्रणलाई बुझिन्छ (प्रधान, २०४०:८३) ।

वस्तुको भविता र समय, स्थिति एवम् घटनाको विघटनका निम्ति चाहिने भाँडो हो परिवेश वा पर्यावरण । परिवेशले प्रासङ्गिक वस्तु वा घटनालाई घेरेर बस्ने प्रत्येक तत्त्वलाई समेट्दछ, मूर्त वा अमूर्त सबैलाई (नेपाल, १९८७:५४) ।

देशकाल भनेको आख्यानमा वर्णित ठाउँ, समय र परिस्थिति वा अवस्था हो । समग्रतः यो भौतिक वातावरण र सामाजिक वातावरण दुवै नै हो (बराल, २०५५:३२६) ।

उपन्यासको विषय र घटना घट्ने स्थान कुनै जिल्ला, अञ्चल, सहर वा गाउँ वा कुनै न कुनै हुन्छ । जहाँ रहेर पात्रपात्राहरू काम गर्छन् त्यस्तो घटनाको समय वरिपरिको आन्तरिक र बाह्य स्थिति यिनीहरूलाई देश, काल तथा वातावरण भनिन्छ (न्यौपाने, २०३८:१९५) ।

कथात्मक साहित्यमा वर्णित कार्यको यथार्थ चित्रणको लागि त्यसमा घटित स्थान तथा समयको निर्देश गर्नु नै देशकाल हो तर, देशकाल अर्न्तगत केवल स्थान र समयमात्र नभई रीतिरिवाज, रहनसहन, पात्रको भेषभूषा, शिष्टाचार, आचारव्यवहार, विचार/चिन्तन, कुराकानी, भाषाशैली तथा कथाको प्राकृतिक पृष्ठभूमि आदि सबै कुराहरू आउँछन् र यिनले स्वाभाविक वातावरण प्रदान गर्दछन् (बर्मा, २०२०:३७३) ।

देशकालको अर्थ कार्यव्यापारको समय एवम् ठाउँ हो र यो यस शब्दभित्र रीतिस्थिति, प्रथा, आचारव्यवहार, जीवन तथा रहनसहनका साथै प्राकृतिक पृष्ठभूमि र परिवेश आदि आख्यानको समस्त पर्यावरण समाविष्ट छ (हड्सन्, १९९१ : १५८) ।

कुनैपनि कथानक अथवा नाटकीय कार्यमा परिवेश भन्नाले साधारण वातावरण, ऐतिहासिक समय, सामाजिक घटनाक्रमहरू बुझिन्छ जसमा कार्यहरू सम्पन्न हुन्छन् (अब्राहम्स, २००१:२८४) ।

आख्यानमा परिवेशअर्न्तगत समय, स्थान, घटनाक्रमहरू र चरित्रहरू पर्दछन् । कथाले लिएको स्थान र घटनाक्रमहरूको अवस्थालाई परिवेशले प्रस्तुत गर्दछ । परिवेशलाई कथाको संसारको रूपमा पनि सर्न्दभित गरिएको हुन्छ । सामाजिक वातावरण वा कथाको तत्कालीन वातावरणको अलवा यसले विशेष गरी समाजको चित्रण गरेको हुन्छ । परिवेशका तत्त्वहरूमा संस्कृति, ऐतिहासिक समय, भूगोल र समय समावेश हुन्छन् । कथानक, चरित्र भाव र शैलीका साथसाथै परिवेशलाई पनि आख्यानको आधारभूत तत्त्वको रूपमा लिइन्छ (Wikipedia) ।

कुनैपनि कथाले लिएको समय, अवस्था र ठाउँ नै परिवेश हो (elements of story) ।

कथामा चरित्रले गर्ने र घटनाहरू घटित हुने वस्तुजगत्लाई परिवेश भनिन्छ (शर्मा, २०५५:४३९) ।

यसरी हेर्दा परिवेश भनेको देशकाल र वातावरण हो । देशकालले उपन्यासमा हुने कार्यव्यापार, समय र स्थानलाई बुझाउँछ । उपन्यासमा घट्ने घटनाहरूका आधारका रूपमा रहने स्थानलाई देश र समयलाई काल भनिन्छ भने त्यस्ता घटनाहरूमा संलग्न चरित्र वा पात्रहरूले

भोग्ने वा दर्शाउने विभिन्न मानसिक अवस्थाहरूको समग्र चित्रलाई वातावरण, परिस्थिति वा भावपरिमण्डल भनिन्छ । त्यसैले परिवेशअर्न्तगत भौतिक देश र कालमात्र होईन सामाजिक वातावरण र त्यसमा रहने जीवनका आन्तरिक अवस्थाजस्तै जीवनका कथा, रहनसहन, रीतिरिवाज, सांस्कृतिक पक्ष, धार्मिक पक्ष पनि हुन्छन् । परिवेश पात्र वा चरित्रका कार्यव्यापार सञ्चालन हुने आधारभूमि हो । यो बाह्य स्थल वा भूगोल पनि हो र आन्तरिक स्थल वा मानसिक जगत् पनि हो । परिवेश कथानकसितै जन्मिन्छ र कथानकसितै त्यसको आन्द्रा जोडिएको हुन्छ (बराल, २०६३:५४) । कथानकमा चरित्रका कार्यव्यापारहरू वा घटनाहरू घट्ने प्राकृतिक स्थिति, समयक्रम र चरित्रले वहन गर्ने सामाजिक भावभूमि रीतिरिवाज, रहनसहन, व्यवहार, संस्कार आदिलाई यसले समेटेको हुन्छ । यसले उपन्यासको यात्रालाई गतिमान् बनाउँछ र कथानकलाई विश्वसनीयता प्रदान् गर्दछ । उपन्यासलाई प्रभावशाली बनाउन परिवेशको भूमिका रहन्छ । पात्रको कार्यव्यापारको निर्माणमा परिवेशले महत्त्वपूर्ण जिम्मेवारी बहन गर्दछ (सुवेदी, २०६४:२५) । त्यसैले यो उपन्यासको अपरिहार्य अङ्ग हो । यसअर्न्तगत देशकाल र वातावरण पर्दछन् ।

### २.१.१ देशकाल

सामान्यतया उपन्यासमा घट्ने स्थान र समयलाई देशकाल भनिन्छ । यो कहाँ र कहिले भन्ने प्रश्नको उत्तरको रूपमा आउँछ । व्यापक अर्थमा यसले चरित्रलाई गतिवान् बनाउने नैतिक, बौद्धिक तथा सामाजिक सन्दर्भलाई पनि बुझाउँछ (बराल र एटम, २०६४:२८०) । कथावस्तुको आधार कुनै देशको घटना हुन्छ र यो घटना त्रिकाल बाधित हुन्छ । देशको अभिप्राय पृथ्वीको स्थानको कुनै भू-भाग हो र जहाँ उपन्यासको घटनाको काल्पनिक रङ्गस्थल हुन्छ । समयको परिवर्तनसँगै त्यस स्थानको विविध कुराहरूमा पनि परिवर्तन हुन्छ । त्यसैले जुन समय तथा जुन स्थानको घटनाको वर्णन गरिएको छ त्यहाँको सामाजिक अवस्था र रहनसहनको पूर्ण परिचय प्राप्त हुनुपर्छ यसरी, देशकालको स्वाभाविक चित्रणले उपन्यास सजीव बन्दछ (अग्निहोत्री, १९६१:२०७-२०८) । उपन्यासमा कुनै समयको कथा प्रस्तुत गरिएको हुन्छ । त्यो कुनै स्थानसँग सम्बन्धित हुन्छ । तर देशकाल अर्न्तगत केवल स्थान र समयमात्र नभई रीतिरिवाज, रहनसहन, भेषभूषा, शिष्टाचार, आचारव्यवहार, विचार-चिन्तन, भाषाशैली तथा प्राकृतिक पृष्ठभूमि आदि सबै कुराहरू आउँछन् यिनले कथामा स्वाभाविक वातावरण प्रदान गर्दछन् (बर्मा, २०२०:३७३) । हड्सनले देशकाललाई भौतिक वा स्थूल र सामाजिक वा सूक्ष्म भनी दुई भागमा विभाजन गरेका छन् (हड्सन्, १९९१ :१५८) । भौतिक वा स्थूल देशकाल भनेको चरित्रले कार्य गरेको स्थल (भूगोल), सम्बद्ध प्राकृतिक स्थिति एवम् समयवृत्त हो भने सामाजिक वा सूक्ष्म देशकाल भनेको पात्रको सामाजिक भावभूमि, रीतिस्थिति, रहनसहन आदिको समष्टि हो । उदाहरणका लागि **भ्रमर** उपन्यासको कथानकमा आउने घटनाहरू र त्यहाँ प्रमुख भूमिका खेल्ने केन्द्रीय चरित्र इन्द्रशेखर, वीणा आदिका कार्यव्यापार भारतका दार्जिलिङ, कलकत्ता, वनारस, बर्मा, रङ्गुन आदि स्थानमा विविध सामाजिक रीतिथिति, रहनसहन, व्यवहार, संस्कार आदिलाई समेटेर अघि बढेको छ ।

उपन्यासलाई प्रभावशाली बनाउन तथा कथानकलाई विश्वसनीयता प्रदान गर्नको लागि देशकालको महत्त्वपूर्ण भूमिका रहन्छ । उपन्यासमा जुन स्थान र समयको कथा प्रस्तुत गर्ने हो त्यसको अध्ययन गर्नु जरुरी हुन्छ किनभने त्यसको अभावमा चरित्रको कियाकलाप प्रस्तुत गर्न

तथा उनीहरूले बोल्ने भाषिक शैली अभिव्यक्त गर्न गाह्रो पर्छ । देशकालले भावकमा एउटा भावमण्डल पनि सिर्जना गर्ने हुनाले प्रयोगमा सचेतता हुनु अपरिहार्य ठहर्छ (बराल र एटम, २०६४:२८०) । यसको आधारमा देशकाललाई दुई भागमा विभाजन गर्न सकिन्छ :

– आधुनिक समयका दृश्य र पात्र भएको देशकाल

– ऐतिहासिक समयका दृश्य र पात्र भएको देशकाल

आधुनिक समयका दृश्य र पात्र भएको देशकालको चित्रण गर्दा कुनै देशकाल लेखकलाई व्यक्तिगत अनुभव भएका हुन्छन् भने कुनै व्यक्तिगत अनुभव नभएको र आफूले भनेको, सुनेको र पढेको आधारमा पनि प्रस्तुत गरिएको हुन्छ । सुनेको र पढेको आधारमा गरिएको देशकाल चित्रणभन्दा व्यक्तिगत अनुभव भएको देशकाल चित्रण प्रभावकारी र विश्वसनीय हुन्छ । ऐतिहासिक उपन्यासमा कथा जुन युगसँग सम्बन्धित छ त्यसमा त्यस युगको पूर्ण छाप हुनु अनिवार्य हुन्छ अन्यथा त्यसमा वास्तविकताको अभाव हुन्छ । जुन युगको चित्रण उपन्यासमा भएको छ त्यसको इतिहास, भूगोल वा तत्कालीन प्रत्येक आन्दोलन र अन्य कुराहरूको पूर्ण ज्ञानको आवश्यकता पर्दछ (मिश्र, १९५६:६४-७०) । ऐतिहासिक उपन्यासमा कुनै विशिष्ट युग र काल चित्रित गर्नुपर्ने हुँदा तत्कालीन आचारविचार, रीतिरिवाज, राष्ट्रिय स्थितिको पूर्ण जानाकारी प्राप्त हुनुपर्छ ( न्यौपाने, २०३८:१९५) ।

देशकालको चित्रण गर्दा कुनैपनि दृश्यको प्रस्तुतिकरणमा सजीव चित्रण हुनुपर्छ, कुनै व्यक्तिको बयान गर्दा त्यसको बाह्य र आन्तरिक दुवै पक्षको वर्णन गर्नुपर्छ । घटनाको छनोट होसियारीपूर्वक गर्नुपर्छ ता कि लेखकले आफ्नो र पात्रको र पाठकको मानसिकतालाई ध्यान दिनुपर्छ । भाषिक अवस्थाले पनि स्थान र समयलाई प्रभाव पार्ने हुनाले त्यसमा ध्यान दिनुपर्छ । कृतिमा देशकाल नै घटना र पात्रहरू क्रियाशील हुने आधार भएकाले यसमा आधारित भएर मात्रै पात्र र घटना स्वाभाविक र जीवन्त बन्दछन् । त्यसैले कथा उपन्यासजस्ता आख्यानात्मक रचनामा यसको विधान जीवनका अनुरूप र अनुकूल हुनुपर्दछ र यसको चित्रण सूक्ष्म, स्वाभाविक र पत्यारिलो ढङ्गमा हुनु आवश्यक छ । देशकाल सामाजिक, राजनैतिक, ऐतिहासिक, जासूसी, तिलस्मी आदि विभिन्न प्रकारको हुन्छ (बराल, २०५५:३२६) ।

देशकालको आयोजना सामान्य रूपले जुनसुकै उपन्यासमा पनि भएकै हुन्छ । यदि देशकालको प्रस्तुति विशेष प्रकारले गरिन्छ भने त्यसलाई स्थानीय रङ् भनिन्छ । कृतिमा कुनै गाउँ, सहर वा स्थान विशेषको बोलीचाली, लवाइखवाइ, चालचलन, रीतिस्थिति आदि बाह्य तत्त्वहरूको चित्रण श्रृङ्गार वा अलङ्कारका रूपमा गरिन्छ भने त्यो स्थानीय रङ् हुन्छ । **बसाइँ** उपन्यासमा पूर्वी पहाडी गाउँको चित्रण स्थानीय रङ्का रूपमा गरिएको उदाहरण पाइन्छ । स्थानीय रङ्लाई नै केन्द्रीय विषयवस्तु बनाइयो भने त्यो आञ्चलिक उपन्यास हुन्छ । स्थानीय रङ्को सूक्ष्मतम प्रयोग गर्दा आञ्चलिकताको प्रादूर्भाव हुन्छ । आञ्चलिकता भनेको कुनै खास अञ्चल वा भू-भागको सामाजिक, आर्थिक, सांस्कृतिक आदि जीवन र परम्पराको चित्रण कृतिको अनिवार्य, आधारभूत र आन्तरिक तत्त्वका रूपमा गर्नु हो । त्यसैले स्थानीय रङ् र आञ्चलिकताको सम्बन्ध हुँदाहुँदै पनि पर्याप्त भिन्नता पाइन्छ । यदि स्थानीय रङ् बाह्य अलङ्कारको रूपमा प्रयोग हुन्छ भने त्यो केवल स्थानीय मात्र हुन्छ । तर यदि रङ् उपन्यासको आन्तरिक तत्त्व भई कृतिभरि व्याप्त रहन्छ भने त्यो

आञ्चलिकता हुन्छ । यसरी देशकालले उपन्यासको मूल कथ्य बनेर आउने अनिवार्य तत्त्व वा सूक्ष्म, गम्भीर वा विशिष्ट तत्त्वहरूको रूप लिएमा आञ्चलिक उपन्यासको सृष्टि हुन्छ । नेपालीमा **खैरेनीघाट** आञ्चलिक उपन्यासको उदाहरण हो ।

## २.१.२ वातावरण

परिवेशभित्र पर्ने अर्को महत्त्वपूर्ण तत्त्व परिस्थिति वा वातावरण हो । उपन्यासमा हुने कार्यव्यापारले पाठकमा छोड्ने प्रभावलाई वातावरण भनिन्छ । उपन्यासको कथानक अगाडि बढ्दै जाँदा पाठकमा उत्पन्न हुने दुःख, सुख, घृणा, क्रोध आदि भावनाको उद्बोधन र तिनको परितृप्ति नै वातावरण हो (बराल र एटम, २०५८:३७) । उपन्यासमा भावको प्रस्तुति गर्दा सुखद वा दुःखद परिस्थितिको व्याप्ति रहेको हुन्छ र यसले पाठकका मनमा घटनाक्रममा सुखद वा दुःखद मोड लिन्छ भन्ने प्रत्याशा जगाइदिन्छ । यसरी उपन्यासको सुरूदेखि नै पाठकका मनमा उत्पन्न गरिने सुखद वा दुःखद भावको जुन पूर्वानुमान हो त्यसैलाई वातावरण भन्ने गरिन्छ । उपन्यासमा मानव समाजको एउटा खण्डविशेषको एउटा सम्पूर्ण चित्र हुन्छ । त्यस सम्पूर्ण चित्रमा मानिसको सुख दुःख, इच्छा, आकांक्षा, उद्वेग, अन्तर्वेग आदि प्रतिबिम्वित हुन्छ । उपन्यासमा त्यही प्रतिबिम्वको एउटा सम्पूर्ण बिम्ब हुन्छ । त्यो बिम्बचाहिँ मानिस र परम्पराले भोगेको समाज हो । यसरी मानव र समाज अभिन्न रूपमा रहन्छन् । मानव र समाजको अभिन्नताबाट नै वातावरणको जन्म हुन्छ (थापा, २०३६:१४३) । यसको निर्माण देशकालमा घट्ने घटना, दृश्य वा चरित्रको कार्यबाट हुन्छ । वातावरण देशकालभन्दा सूक्ष्म हुने हुँदा यसको सोझो सम्बन्ध पात्रहरूको भावनाको क्रियाकलापसँग रहन्छ । मानसिक अवस्थासँग सम्बद्ध हुने हुँदा वातावरणलाई भाव पनि भनिन्छ (बराल र एटम, २०५८:३७) । वातावरणको निर्माणमा प्रकृतिको आफ्नो भूमिका हुन्छ । प्रकृतिले पनि मानिसको अर्न्तभावनामा ठूलो प्रभाव पारेको हुन्छ । मानिसको सुख-दुःख, आशा-निराशा, घात-प्रतिघात आदिको प्रतिबिम्वको रूपमा पनि प्रकृतिको चित्रण र विश्लेषण भएको हुन्छ । हरिको मानसमा सानीप्रतिकै प्रणय भावनाले व्याप्त हुन्छ । उसको मानस आकाशमा प्रणयको जून लाग्छ । त्यही जून भावनाको बादलभित्र पस्छ । आकाशमा जून र बादल खेलिरहन्छन् ठीक त्यसरी नै उसको मानसमा पनि विभिन्न मनोभावहरू खेलिरहन्छन् (थापा, २०३६:१४४-१४५) ।

उपन्यासको घटना वा पात्रको कार्यले पाठकलाई कल्पनाको असीम उडानमा डुलाइदिन पनि सक्छ जसले गर्दा उसका मनमा विषाद, आसक्ति, क्षोभ, हर्षजस्ता गुण अवगुणहरूको मूल फुट्दछन् अर्थात् स्थायी भावको उद्दीपन हुन्छ र तिनको समष्टिमा वातावरणको निर्धारण हुन्छ ( बराल र एटम, २०५८:३७) । वातावरणको सफल प्रयोगले उपन्यासलाई जीवन्त र सशक्त मात्र तुल्याउने होइन, त्यसमा सहजता, स्वाभाविकता र यथार्थतासमेत अभिवृद्धि गर्दछ । स्थानविशेषले मानिसको बोलीचाली, रहनसहन र संस्कार संस्कृतिमा प्रभाव पारेको हुन्छ । सोहीअनुसार मान्छेले भोग्नुपरेको परिस्थिति र जीवनपद्धतिको यथार्थ बिम्ब वातावरणले प्रदान गर्छ । त्यस्तै प्रकारले मान्छेको सोचाइ, चाहाना र आवश्यकताहरू युगअनुसार बदलिँदै जान्छन् । त्यसले मान्छेको जीवनशैलीलाई प्रभावित गरेको हुन्छ । त्यतिमात्र नभएर कुनै एउटा स्थान विशेषमा एउटा कालखण्डमा कुन मान्छे कस्तो परिस्थिति र परिवेशमा गुज्रिरहेको छ भन्ने कुरा देश, काल र वातावरणको सफल प्रस्तुतिले अङ्कित गर्ने हुनाले उपन्यासमा यसको महत्त्वपूर्ण भूमिका रहेको

हुन्छ (घर्ती, २०५३ :५२) । वातावरणको प्रयोग ऐतिहासिक उपन्यासहरूमा महत्त्वपूर्ण हुन्छ । ऐतिहासिक उपन्यासमा कुनै विशिष्ट स्थान र समयको चित्रण गर्नुपर्ने हुन्छ । सोहीअनुसारको बोलीचाली, रीतिरिवाज, सामाजिक बनोट, आचार विचार र रहनसहनको चित्रण गर्नुपर्ने हुन्छ । वातावरणको चित्रणले पात्रहरूको मनोमय चित्रमा छायाँ पारेको हुनुपर्छ । वातावरणको अनुकूलता र प्रतिकूलतामा रचनाको गरिमा र लछिमा केही हदसम्म आँक्न सकिन्छ । हास्यरञ्जनको अवसरमा शोक सुर्ताको वातावरण र शोक सुर्ताको अवसरमा हास्यरञ्जनको वातावरण तयार गर्नाले उपन्यासको मूल उद्देश्यमा नै बाधा पुग्न सक्छ (पोखरेल, २०४०:१८५) । त्यसकारण वातावरणको चित्रण गर्दा अनावश्यक रूपमा गरिनुहुँदैन र उचित मात्रामा विश्वसनीयता र रोचकता ल्याउन प्रयोग गर्नुपर्छ । मोहनराज शर्माका अनुसार वातावरण भनेको कथामा व्याप्त त्यो रङ्गसङ्गति हो जसले घटनाक्रममा कथाले सुखद वा दुःखद मोड लिन्छ भन्ने प्रत्याशा जगाउँछ उदाहरणका निम्ति मधेशतिर कथाको आरम्भमा निम्नलिखित प्रकारको रङ्गसङ्गति पाइन्छ :

– अशक्तता : सुनकोशीलाई तर्न सक्ने कोहीकोही मात्र होलान् तर तामाकोशीलाई दह्रो तिघ्रा भएको जसले पनि तर्न सक्थ्यो ।
– उदासी : यी दुई नदीको किनारमा दुवैतिर हरियोपरियो केही उम्रेको थिएन ।
– जुगुप्सा : सूर्यको प्रथम किरण पर्नासाथ पृथ्वीको पाप्रा उप्केजस्तो गरेर नदीका किनारमा घुम्लुङ्ग परेर सुतेका चारपाँचजना उठे ।
– निराशा : उठ्नासाथ सबैको मनमा प्रश्न उठ्यो पेट कसरी भर्ने ?

**मधेशतिर** कथाको शिरानमा देखिने अशक्तता, उदासी, जुगुप्सा र निराशाको कालो रङ्गसङ्गतिले घटनाक्रममा कथाले दुःखद मोड लिन्छ भन्ने प्रत्याशा जगाउँछ । यही हो कथाको वातावरण (शर्मा, २०५५:४००-४०१) ।

सामाजिक र प्राकृतिक पक्ष वातावरणको बाह्य पक्ष हो । यही बाह्य पक्षलाई वातावरणको भौतिक पक्षको रूपमा लिन सकिन्छ । वातावरणको आन्तरिक पक्षचाहिँ उपन्यासमा प्रस्तुत गरिएको मानसिकता हो । बाह्य पक्षमा व्यक्ति र प्राकृतिको बाह्य सौन्दर्य हुन्छ । यसबाट पाठकलाई नेत्रसुख हुन्छ । यसरी बाह्य पक्षलाई भौतिक सौन्दर्य पनि भन्न सकिन्छ । आन्तरिक पक्षचाहिँ उपन्यासको मानसिक वा आत्मिक सौन्दर्य हो । यसैले आन्तरिक पक्षमा पात्रको मानसिकताको र सुन्दरता र हार्दिकता अभिव्यक्त हुन्छ । अर्को शब्दमा, औपन्यासिक पात्रहरूको संवेग र उद्वेगहरूको सबल र सफल प्रस्तुति हुन्छ । विभिन्न सामाजिक र सांस्कृतिक धरातलमा विभिन्न पात्रहरूको मनोदशा र मनोविश्लेषणको मूर्तरूप प्रस्तुत हुन्छ (हिमांशु थापा, २०३६:१४७)

यसरी परिवेश भन्नाले उपन्यासको कार्यव्यापार हुने स्थान, समय र वातावरण बुझिन्छ । परिवेश घटनाक्रममा पात्र खेल्ने भौतिक वा पृष्ठाधार र सामाजिक वा मानसिक धरातल वा भावभूमि भएकाले उपन्यासको अनिवार्य अङ्ग बन्न पुग्दछ ।

परिवेशलाई कतै कतै यसरी वर्गीकरण गर्ने गरिएको पनि पाइन्छ :

Wikipedia मा परिवेशको वर्गीकरण यसरी गरिएको छ :

- वैकल्पिक इतिहास (alternate history)
- अभियान परिवेश (campaign setting)
- निर्मित संसार (construction word )
- काल्पनिक विकृत ठाउँ (dystopia)
- स्वैरकल्पनात्मक संसार (fantasy world)
- आख्यानात्मक देश (fictional country)
- आख्यानात्मक अवस्थिति (fictional location)
- आख्यानात्मक संसार (fictional universe)
- भविष्यको कथा (future story)
- काल्पनिक संसार (imaginary world)
- पौराणिक ठाउँहरू (mythical places)
- समानान्तर संसार (parallel universe)
- विज्ञान आख्यानका पिण्डहरू (planets in science fiction)
- अनुकरणीय वास्तविकता (simulated reality)
- वास्तविक सत्यता (virtual reality)
- आदर्श राज्य (utopia)

element of story मा परिवेशको वर्गीकरण यसरी गरिएको छ :

-ठाउँ (place)

भौगोलिक अवस्थिति, जहाँ कथाको कार्यव्यापारले स्थान लिएको हुन्छ ।

-समय (time)

कथाले कुन ऐतिहासिक कालखण्ड, समय या वर्षमा स्थान लिएको छ ?

-मौसमको अवस्था (weather condition)

पानी परिरहेको, घमाइलो वा बदलिएको आदि ।

-सामाजिक अवस्था (social condition)

पात्रको दिनचर्या कस्तो खालको छ ? के कथाले स्थानीय रङ्ग (रीतिस्थिति, विशेष लवज वा बोली, पोशाक) समावेश गरेको छ ?

-अवस्था वा वातावरण (mood or atmosphere)

कथाको सुरूवात् कसरी गरिएको छ ? यो सुखान्त वा हँसिलो र दुःखान्त वा डरलाग्दो छ ?

## २.२ उपन्यासका विभिन्न तत्त्वहरूसँग परिवेशको सम्बन्ध

साहित्यका विभिन्न विधामध्ये आख्यानविधाअर्न्तगत पर्ने एक महत्त्वपूर्ण विधा हो । जुनसुकै साहित्यिक विधाका आफ्नै पहिचान र वैशिष्ट्यहरू हुन्छन् । ती वैशिष्ट्यहरूले उक्त विधालाई चिनाउने कार्य गर्दछन्  र एक अर्को विधालाई पृथक पार्ने कार्य गर्दछन् । उपन्यासको विधागत चिनारीलाई निजत्व दिने प्रमुख वैशिष्ट्य यसका उपकरणहरूको संरचनागत व्यवस्थापनको पक्ष पनि हो । त्यसैले संरचनाको अर्थ कुनै वस्तुका आन्तरिक वा बाह्य उपकरणहरूको अनुशासित र व्यवस्थित व्यवस्थापन हो । उपन्यासको संरचनाका सन्दर्भमा पनि यही कुरा लागू हुन आउँछ (बराल, २०६३:२०) । आधुनिक उपन्यासको संरचना प्रक्रियामा अगालिने मूलभूत सामग्रीहरू के के हुन् ? वास्तवममा यही प्रश्नसँग उपन्यासको तत्त्वगत विवेचना सम्बन्धित छ (प्रधान, २०४०: ४४) । उपन्यासको संरचना प्रक्रियामा विभिन्न तत्त्वहरूको समायोजनको आवश्यकता पर्छ, जसबाट उपन्यासले मूर्त रूप प्राप्त गर्दछ । उपन्यास निर्माणमा केही तत्त्व अनिवार्य मानिन्छन् भने उपन्यासमा के कति तत्त्व हुन्छन् भन्ने सम्बन्धमा विद्वान्हरूबीच मतैक्य पाइँदैन । लेखकहरूले आ-आफ्नै तरिकाले उपन्यासका तत्त्वहरूको निरूपण गरेका छन् । ई.एम.फोस्टरले उपन्यासका तत्त्वहरूमा कथावस्तु, चरित्र, कथानक, कल्पना, सन्देश, रूप तथा लयको चर्चा गरेका छन् (फोस्टर, १९८८ : ५१) । रोबर्ट स्कोलसले कथानक, चरित्र, विचार, उद्देश्य, दृष्टिबिन्दु, सेटिङ्लाई आख्यानका तत्त्व मानेका छन् (स्कोलस,१९९१:१२१-१३९) । कृष्णचन्द्रसिंह प्रधानले कथानक, चरित्र, कथोपकथन, शैली, भाषा, वातावरण र उद्देश्यलाई उपन्यासका आधारभूत तत्त्वहरू मानेका छन् (प्रधान, २०६१:७) । राजेन्द्र सुवेदीले वस्तु, चरित्र, कथोपकथन, द्वन्द्व, परिवेश र उद्देश्यलाई उपन्यासका प्रमुख तत्त्वका रूपमा चर्चा गरेका छन् (सुवेदी, २०६४:१७) । कृष्णहरि बराल र नेत्र एटमले कथानक, चरित्र, पर्यावरण, दृष्टिबिन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्ब, गति र लयलाई उपन्यासको तत्त्वका रूपमा लिएका छन् (बराल र एटम, २०६४:१९१) । ऋषिराज बरालले कथानक, चरित्र, सारतत्त्व, दृष्टिबिन्दु र भाषालाई प्रमुख तत्त्व तथा शैली, भावपरिमण्डल, कार्यपीठिका, चित्तवृत्ति, पर्यावरण, लय र गतिलाई सहायक मानेका छन् (बराल,२०६३:२७-५४) । घनश्याम नेपालले उपन्यासका तत्त्वहरू कथावस्तु, कथानक, कथा, पात्र तथा चरित्र चित्रण, विचार तत्त्व, पर्यावरण र चित्तवृत्ति, दृष्टिकोण, प्रतीक र बिम्ब, गति तथा लयसँग भाषा र बुनोटलाई  मानेका छन (नेपाल, १९८७:४०) । प्रतापचन्द्रप्रधानले कथानक वा कथावस्तु, पात्र वा चरित्र, औपन्यासिक संवाद, औपन्यासिक भाषाशैली र उद्देश्यलाई उपन्यासका तत्त्वका रूपमा लिएका छन् (प्रधान, २०४०:४५) ।

यसरी उपन्यासका तत्त्वहरूबारेमा विद्वान्हरूबीच मतैक्य पाइँदैन तापनि सबै विद्वान्हरूका दृष्टिकोणलाई आधार मानेर उपन्यासका प्रमुख तत्त्वहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### २.२.१ कथानक

कथानक उपन्यासको प्रमुख वा आधारभूत तत्त्व हो । यसलाई अङ्ग्रेजीमा उक्ति भनिन्छ । उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा कथानक हो । यसमा आउने घटनाहरू कार्यकारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन् (बराल र एटम, २०५८:२२) । अर्को

शब्दमा भन्ने हो भने घटनाहरूलाई एक अर्कोसित सम्बन्ध जोर्ने र सुसङ्गठितता प्रदान गर्ने काम कथानकले गर्दछ । यसलाई कार्यकारणहरूको तारतम्यपूर्ण सूत्रबद्धस्वरूप अथवा घटनाहरूको सङ्गठन भन्न सकिन्छ । जसको जम्माजम्मीमा उपन्यासको आकृति खडा हुन्छ (प्रधान, २०६१:७) । उपन्यासको मूल ढाँचा निर्माण गर्ने यो प्राथमिक तत्त्व हो । यसभित्र चरित्र, विचार र बुद्धि, कल्पनाजस्ता कुराहरू समाविष्ट हुन्छन् (बराल र एटम, २०५८:२२) । यसले के को बारेमा कथा छ भन्ने बुझाउँछ । कथानकमा कार्यकारणको क्रमिक गतिले समस्या-समाधान-समस्या गर्दै अन्तिम र पूर्ण समाधानको विन्दुसम्म पुग्ने अवसर पाएको हुन्छ । त्यसैले कथानकको प्रारम्भ कुनै जटिल समस्याको मूलबाट हुन्छ र अन्त्य त्यसले पूर्ण समाधानको स्थिति प्राप्त गरेपछि हुन्छ । अर्थात् पाठकका मनमा कुनै जिज्ञासा कुनै कुतूहलता सिर्जना गर्ने पहिलो घटनाबाट कथानकको सुरूवात् हुन्छ भने त्यस कुतूहलताले पूर्ण सन्तुष्टिको अवस्था प्राप्त गर्ने घटनालाई देखाएर कथानकको अन्त्य हुन्छ । त्यसैले कथानक उपन्यास रचनाको लागि अनिवार्य अङ्ग मानिन्छ ।

उपन्यास लेखनकाक्रममा उपन्यासकारले कुनै न कुनै स्रोतबाट कथानक ग्रहण गरेको हुन्छ । मुख्यतः उपन्यास रचनामा इतिहास, यथार्थमूलक अनुभव, मिथक, सङ्गठनात्मक सौन्दर्य र स्वैरकल्पना आदिलाई स्रोत वा आधार बनाउने गरिएको पाइन्छ (बराल र एटम, २०५८:२४-२५) । कथानकको विकासमा द्वन्द्वको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यस्तो द्वन्द्व आन्तरिक वा बाह्य जुन रूपमा पनि हुन सक्छ । कथानक उपन्यासको आदिदेखि अन्तसम्म रहेको हुन्छ । उपन्यासमा रहने आदिदेखि अन्तसम्मका घटनावलीहरूको संयोजन नै कथानकको ढाँचा हो । कथानकलाई दुई ढाँचामा उपन्यासमा प्रस्तुत गरिन्छ रैखिक र वृत्ताकारीय । सरल रेखाको सोझो ढङ्गले बढ्ने कथानक रैखिक र भुमरीको चक्रझैं वृत्त आकारमा घुम्ने वृत्ताकारीय हुन्छ ।

कथानक विभिन्न प्रकारका हुन्छन् । कथानकको वर्गीकरण यसको विस्तार, सङ्गठन, बनोट, प्रभाव, उद्देश्य आदिलाई आधार मानेर गरिने चलन छ । विस्तारका आधारमा कथानक दुई प्रकारका हुन्छन् : मुख्य र सहायक । आरम्भदेखि अन्तसम्म व्याप्त रहने कथानक मुख्य र बीचमै सुरू भई बीचमै समाप्त भएको कथानक सहायक वा गौण हुन्छ ।

सङ्गठनका आधारमा कथानक दुई प्रकारका हुन्छन् सुगठित र असुगठित । घटनाहरूको संयोजन अत्यन्तै योजनाबद्ध ढङ्गमा कसिलो बनाइएको भए कथानक संगठित हुन्छ । घटनाहरूको संयोजन शिथिल वा खुकुलो बनाइएको भए कथानक असङ्गठित हुन्छ ।

बनोटका आधारमा पनि कथानक दुई किसिमकै हुन्छन् सरल र जटिल । एउटै मात्र कथानक सुरूदेखि अन्त्यसम्म रहेमा त्यो सरल कथानक हुन्छ भने एकभन्दा बढी कथानकहरूको मिश्रित स्वरूपले विकसित भएको उपन्यासमा जटिल कथानक रहन्छ ।

प्रभावका आधारमा पनि कथानक दुई किसिमकै हुन्छन् सुखान्तक र दुःखान्तक । सुखद वा आनन्ददायक अन्त्य भएर पाठकमा मनोरञ्जनात्मक प्रभाव छोड्ने कथानक सुखान्तक हुन्छ भने दुःखद वा कारुणिक अन्त्य भएर पाठकमा गम्भीर प्रभाव छोड्ने कथानक दुःखान्तक हुन्छ ।

उद्देश्यका आधारमा कथानकलाई दुई प्रकारमा बाँडिन्छ रागात्मक र व्यङ्ग्यात्मक । जुन कथाको उद्देश्य प्रेमानुरागलाई व्यक्त गर्ने खालको छ त्यो रागात्मक हो र जुन कथानकको उद्देश्य

सामाजिक विकृति र विसङ्गतिलाई व्यङ्ग्यपूर्वक व्यक्त गर्दै स्वस्थ समाजको निर्माण गर्ने खालको हुन्छ त्यस्तो कथानकलाई व्यङ्ग्यात्मक भनिन्छ ।

कथानकमा आङ्गिक विकासको अपेक्षा रहन्छ । ती अङ्गहरूको विकास नै कथानकको विकास हो जर्मनेली समालोचक फेटागले पिरामिड शैलीमा कथानकको विकास देखाएका छन् । उनले आदि, मध्य र अन्त्यमा कथानकको विकासका पाँच अवस्था देखाएका छन् । ती हुन् आरम्भ, सङ्घर्ष, विकास, चरम, सङ्घर्ष ह्रास र उपसंहार । आरम्भ घटनाको उठान, विकास त्यसको विस्तार, चरमोत्कर्ष त्यसको सबभन्दा प्रभावशाली स्थिति, ह्रास त्यसको शिथिलता र उपसंहार त्यसको बैठान वा समापन हो ।

परिवेश भनेको उपन्यासमा कार्यव्यापार हुने समय, स्थान र वातावरणलाई बुझाउँछ । परिवेशले उपन्यासको यात्रालाई गति दिने कार्य गर्नाका साथै कथानकलाई विश्वसनीयता प्रदान गर्दछ । यदि कथानक देशकाल अनुरूप भयो भने मात्र वास्तविक र पत्यारिलो हुन्छ । उपन्यासमा जुन समय, स्थान र वातावरणसँग सम्बद्ध रहेको छ परिवेश पनि त्यही अनुकूल चित्रण गर्नुपर्छ । जङ्गबहादुरको पालाको कुरा लेख्दा आजको परिवेशलाई समेटिएमा त्यो उपन्यास निरर्थक, अस्वाभाविक र अविश्वसनीय हुन्छ । आख्यानात्मक कृतिको तुलना मानवदेहसँग गर्ने हो भने कथानक त्यस देहको ढाँचा हो, चरित्र त्यसको प्राण हो र देशकाल त्यसको धिरवाहिनी नसा हो । यस नसारूपी देशकाल कृतिरूपी देहमा प्राणको सञ्चार गर्ने माध्यम, साधन र तत्त्व हो भन्ने स्पष्ट हुन्छ (बराल, २०५५:३२६) । कुनै पनि कृतिमा देश, काल र वातावरण नै कथानकलाई गति दिने र पात्रहरूलाई क्रियाशील गराउने आधार भएको हुनाले यसमा भएर मात्रै घटना स्वाभाविक र जीवन्त बन्दछ । त्यसैले आख्यानात्मक रचनामा परिवेशविधान जीवनका अनुरूप र अनुकूल हुनुपर्छ तब मात्र कथानक पत्यारिलो र स्वाभाविक बन्दछ ।

### २.२.२ चरित्र/पात्र

उपन्यासको आवश्यक तत्त्वका रूपमा चरित्र पनि पर्दछ । कथानकमा को छ भन्नु नै चरित्र हो । यो उपन्यासमा कर्ताको रूपमा आएको हुन्छ । चरित्रको प्रयोगले उपन्यासको कथानक वा घटनाहरूको विकास हुन्छ । कथानकको गतिलाई बढाउने मुख्य तत्त्व नै चरित्र हुन्छ । त्यसैले चरित्र उपन्यासको अपरिहार्य अङ्ग हो र यसले कथानकसित अभिन्न रही उपन्यासको संरचनामा सबभन्दा प्रभावशाली तत्त्वका रूपमा भूमिका खेलेको हुन्छ । प्राय: गरेर उपन्यासमा पात्रहरू भन्नाले मानव पात्रहरू पुरुष वा स्त्रीको बिम्ब सामु आउँछ । परन्तु विश्व साहित्यमा मानव पात्रलाई छाडेर मानवेतर, अतिमानवेतर पात्रहरूलाई पनि लिएर उपन्यासहरू लेखिएका छन् । उपन्यासका चरित्रहरू कथावस्तुको समग्रतालाई गति र अन्विति मार्फत् निश्चित रूपमा फेर्ने माध्यमहरू हुन् । चरित्रहरू उपन्यासको सारतत्त्व तथा विचारलाई संवहन गर्ने माध्यम हुन् । उपन्यासकारले आफ्नो उपन्यासमा के भन्न खोजेको छ, उसको जीवनदृष्टि कस्तो छ भन्ने कुरा चरित्रको प्रस्तुति र तिनबाट प्रस्तुत हुने निष्कर्षबाट अवगत गर्न सकिन्छ । पात्रहरूको संवाद, कार्य र गतिमा कथावस्तुको विस्तार हुनुका साथै विचार र उद्देश्यको पनि विस्तार भइरहेको हुन्छ । वास्तवममा पात्रहरू विचार सम्प्रषेणका माध्यम पनि हुन् र चारित्रिकरण कथाकारको कथाकारिताको चिनारी हो । उपन्यासले भन्न खोजेका कुरा पात्रहरूका कार्यव्यापारबाट प्रकट हुने

भएकाले पात्रहरू सबै विचारधाराका उपन्यासकारहरूका लागि उत्तिकै महत्त्वपूर्ण हुन्छन् (बराल, २०६३:३२-३३) । पात्रहरू जीवनका विभिन्न सन्दर्भबाट टिपिने हुँदा एक अर्काका सापेक्षतामा उनीहरूले आफ्नै विशेषताहरू लिएर आएका हुन्छन् । मोहनराज शर्माकाअनुसार पात्रहरूको वर्गीकरण वा चरित्र चित्रणका आधारहरू लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धता हुन् (शर्मा, २०५५:१२४-१२५) ।

**- लिङ्गका आधारमा**

प्राकृतिक रूपमा पात्रको जात छुट्ट्याउने लिङ्गका आधारमा पात्रलाई पुलिङ्गी र स्त्रीलिङ्गी गरी वर्गीकरण गरिन्छ ।

**- कार्यका आधारमा**

उपन्यासमा पात्र वा चरित्रको कार्यको घटीबढीका आधारमा पात्रहरू प्रमुख, सहायक र गौण वर्गका हुन्छन् ।

**- प्रवृत्तिका आधारमा**

यस आधारमा पात्रहरूलाई अनुकूल र प्रतिकूल गरी छुट्टायाइन्छ । अनुकूल पात्रले उपन्यासमा सकारात्मक भूमिका निर्वाह गरेको हुन्छ भने प्रतिकूल पात्रले नकरात्मक भूमिका निर्वाह गरेको हुन्छ ।

**- स्वभावका आधारमा**

स्वभावका आधारमा पात्रलाई गतिशील र गतिहीन गरी दुई भागमा वर्गीकरण गरिन्छ । उपन्यासमा कथानक र परिस्थितिअनुसार बदलिने पात्र गतिशील तथा समय र परिस्थितिले बदलिए पनि विचलन नहुने पात्र गतिहीन हुन् ।

**- जीवनचेतनाका आधारमा**

जीवनचेतनाका आधारमा वर्गीय र व्यक्तिगत गरी विभाजन गर्न सकिन्छ । वर्गीय पात्रले कुनै सामाजिक वर्गको प्रतिनिधित्व गर्दछ भने व्यक्तिगत पात्रले आफ्नै निजी स्वभाव वा वैयक्तिकताको प्रतिनिधित्व गर्दछ ।

**- आसन्नताको आधारमा**

यस आधारमा पात्रलाई मञ्चीय र नेपथ्यीय गरी वर्गीकरण गर्न सकिन्छ । उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र र कथयिताले अन्य पात्रले नामोच्चारण मात्र गर्ने पात्र नेपथ्यीय पात्र हुन् ।

**- आबद्धताका आधारमा**

यसमा बद्ध र मुक्त दुई भेद छन् । बद्ध पात्रको कथानकसँग सम्बन्ध गाँसिएको हुन्छ जसलाई झिक्दा कथानकको संरचना भत्किन्छ भने मुक्त पात्रलाई कथानकले त्यति स्थान नदिएको हुँदा तिनलाई झिक्दा पनि कथानकलाई खासै हलचल उत्पन्न हुँदैन ।

उपन्यासमा प्रयोग गरिने चरित्रहरू जीवनका विभिन्न सन्दर्भबाट टिपिने हुँदा तिनमा पनि विभिन्नताको आरोपण गरिएको पाइन्छ । कथानक र वातावरणको फरकपनले गर्दा पात्रका गुणहरू फेरिन पुग्छन् (बराल र एटम, २०५८:३०) । लेखकले जीवनको प्रतिबिम्व उतार्ने क्रममा चरित्रलाई त्यसै प्रकारले चित्रण गरेको हुन्छ । जीवनका बहुविध चित्र उतार्ने अनेक प्रकारका चित्रहरूको

छनोट गर्ने रुचि लेखकले राखेको हुन्छ । प्राकृतिक र भौगोलिक प्रभाव, सामाजिक प्रभाव र मान्छेका स्वभावहरूले गर्दा पात्रमा फरकपन र विशेषता पाइन्छ । त्यस्तै आधारमा चरित्रको निर्धारण गरिएको हुन्छ । उपन्यासमा प्रयोग गरिने चरित्रका अन्य प्रकारहरू यस्ता पनि हुन्छन् :

-गतिशील र गतिहीन

-यथार्थ र आदर्श

-अन्तर्मुखी र बहिर्मुखी

-गोला र च्याप्टा

-सार्वभौम र आञ्चलिक

- पारम्परिक र मौलिक

विगतलाई र अनागतलाई तानेर ल्याउने तत्त्व चरित्र हो । त्यसरी तानेर ल्याएको वस्तु पाठकसमक्ष सम्प्रेषण गर्न जाँगर देखाउने वस्तु पनि उपन्यासभित्र चरित्र नै प्रमुख भएर रहेको हुन्छ । उपन्यासमा प्रयुक्त पात्रको चरित्र पुरै युग र परिवेशको संवाहक भएर उपस्थित भएको हुन्छ (सुवेदी, २०६४:२३) । त्यसकारण चरित्र उपन्यास निर्माणको महत्त्वपूर्ण तत्त्व हो ।

पात्रहरूको कार्यव्यापार प्रकट हुने स्थान, समय र वातावरण नै परिवेश हो । पात्रको व्यक्तित्व र रहनसहन परिवेशअनुकूल हुनुपर्दछ । देशकाल र वातावरणअनुकूल चरित्रको चित्रण भएन भने कृति अस्वाभाविक लाग्दछ । जुन देश, काल र वातावरणको कथानक छ पात्रको आचरण पनि सोहीअनुसार भयो भने पात्रमा सजीवता आउँछ । प्राचीन आख्यान साहित्यमा पात्र देशकाल निरपेक्ष रहन्थे त्यसैले ती कृतिहरू पढ्दा स्वाभाविक र यथार्थ लाग्दैनन् तर आधुनिक कथा, उपन्यासमा पात्र संरचना देश, काल र वातावरण अनुकूल रहने हुँदा ती सत्य र यथार्थ लाग्छन् । उपन्यासमा घटना जुन स्थान वा समयको हो त्यसको वास्तविक चित्र उतार्ने खालको पात्र हुनु आवश्यक पर्छ । स्थान, समयअनुसारको जीवनशैली, भेषभूषा, भाषा आदि पात्रमा भयो भने त्यमा सजीवता आउँछ । त्यसैले परिवेश र पात्रबीच घनिष्ट सम्बन्ध रहेको छ ।

### २.२.३ संवाद

संवाद भन्नाले वार्तालाप वा कुराकानी भन्ने बुझिन्छ । संवादलाई कथोपकथन पनि भनिन्छ । यसलाई अङ्ग्रेजीमा डाइलग भनिन्छ । उपन्यासमा संवादको प्रयोग पात्रको अभिव्यक्तिकला र कथानकलाई गति दिने सन्दर्भमा गरिएको हुन्छ । संवादले कथानकमा आउने घटना र कार्यव्यापारलाई सङ्गठित गर्ने काम गर्दछ । संवाद दुई व्यक्ति वा उपन्यासका पात्रहरूबीचको प्रत्यक्ष कुराकानी हो । उपन्यासमा प्रयोग भएका घटना, दृश्य र पर्यावरणहरूमा सजीवता ल्याउनका साथै रोचकता, स्वाभाविकता सृष्टि गर्नमा यसको महत्त्वपूर्ण भूमिका हुन्छ (प्रधान, २०६१:८) । संवादले मात्रै पात्रको बाह्य र आन्तरिक व्यक्तित्वको पहिचान दिन सकिन्छ । कथोपकथन नाटकीय तत्त्व पनि हो । यसले उपन्यासलाई नाटकीय निकटता प्रदान गर्दछ । नाटकमा अभिनयद्वारा व्यञ्जित गरिने तत्त्व पनि उपन्यासमा संवादद्वारा व्यञ्जित हुन्छ (सुवेदी, २०६४ :२४) ।

वर्णित घटना र दृश्यहरूमा सजीवता ल्याउनका साथै रोचकता र स्वाभाविकताको सिर्जना गर्न संवादको महत्त्वपूर्ण भूमिका हुन्छ (प्रधान, २०६१:८) । संवादले घटनालाई गति दिने

कार्य गरेको हुन्छ भने यसले उपन्यासलाई नाटकीयता प्रदान गर्नमा महत्त्वपूर्ण भूमिका खेल्दछ । पात्रहरूको संवादमा परिवेशले फरक पार्दछ । जुन परिवेशको चरित्र छ त्यसअनुरूप संवाद प्रस्तुत भयो भने कृति पत्यारिलो र जीवन्त बन्दछ । जस्तैः तराईको परिवेश आएका ठाउँमा पहाडी मानिसहरूले बोल्ने संवाद प्रस्तुत भयो भने त्यो उपयुक्त हुँदैन । त्यस्तै निम्नस्तरका पात्रहरूको संवाद बौद्धिकखालको र उच्चस्तरीय भयो भने पनि त्यो स्वाभाविक हुँदैन त्यसैले परिवेशअनुकूल संवादको प्रयोग भयो भने कृति उत्कृष्ट ठहर्छ ।

### २.२.४ भाषाशैली

उपन्यास साहित्यिक विधा भएकोले यसलाई अभिव्यक्त गर्ने माध्यम भाषा हो । चित्रको अभिव्यक्ति गर्ने माध्यम रङ् र रेखा हुन् भने उपन्यासको अभिव्यक्ति गर्ने माध्यम भाषा हो । उपन्यास जीवनको यथार्थ तस्वीर हो त्यसैले यसलाई अभिव्यक्त गर्ने माध्यम गद्य भाषा हुन्छ । उपन्यासमा भाषा व्यक्त हुँदा लेख्य रूपमा आएको हुन्छ भने उपन्यासका पात्रहरूका संवादका माध्यमबाट भाषा कथ्य रूपमा पनि आएको हुन्छ । कथ्य विषयलाई पाठकसमक्ष प्रभावकारी ढङ्गमा सम्प्रेषण गर्ने सामग्री भाषाबाहेक उपन्यासकारसँग अरू हुन सक्दैन । उपन्यासमा सरल भाषाको प्रयोग गरेर सबैले बुझ्ने खालको पनि हुनसक्छ भने आलङ्कारिक, प्रतीकात्मक, बिम्वात्मक वा व्यञ्जनात्मक भाषाको प्रयोग गरेर बौद्धिक पाठकले मात्र बुझ्न सक्ने खालको पनि भाषा हुनसक्छ । भाषाको प्रस्तुति गर्ने ढाँचा नै शैली हो । उपन्यासकारको आफ्नै शैली हुन्छ । हरेक लेखक शैलीका कारणले अन्य लेखकभन्दा भिन्न हुन्छ । अतः शैली भन्नेबित्तिकै कुनै पनि लेखकको विशिष्ट रचनाप्रकार बुझ्नुपर्दछ । वास्तवमा शैली भनेको अभिव्यक्तिको प्रकार हो । कुनैपनि लेखकले जे जसरी आफ्ना विचार, दृष्टिकोण, भावना वा कथ्य व्यक्त गर्दछ त्यो अभिव्यक्तिको प्रकार नै शैली हुन्छ । उपन्यास रचनाका सन्दर्भमा वर्णनात्मक, आत्मकथात्मक, पत्रात्मक, डायरी पद्धति, चित्रात्मक, चेतनाप्रवाहात्मकजस्ता विविध शैलीहरूको प्रयोग गरिन्छ (प्रधान, २०४०:५६-५७) ।

कुनै पनि आख्यानात्मक कृतिमा भाषा र परिवेशको घनिष्ट सम्बन्ध रहेको हुन्छ । उपन्यासमा प्रयोग हुने भाषाशैली देशकाल र वातावरणअनुकूल हुनुपर्छ । कुनैपनि स्थान, समय र वातावरणमा घटना घटित छ त्यस स्थान, समयको भाषिक अभिव्यक्ति कृतिमा अपेक्षित हुन्छ । तब मात्र कृति जीवन्त र स्वाभाविक बन्न पुग्दछ । जस्तै नेवार समुदायको पात्र उपन्यासमा लिइएको छ भने उसले मैथिली भाषा बोलेर उपन्यास स्वाभाविक बन्दैन त्यसका लागि त्यस पात्रले नेवारी भाषा नै बोल्नु उपयुक्त हुन्छ ।

### २.२.५ उद्देश्य

उपन्यास रचना गर्न प्रेरित गर्ने मूल भाव, विचार वा दृष्टिकोण नै उद्देश्य हो । उपन्यासकार कुनै न कुनै उद्देश्यको प्रतिपादन गर्ने लक्ष्य लिएर उपन्यासको सिर्जना गर्दछ । उपन्यासमा रचनाकारको विचार, धारणा, अनुभूति आदि प्रकट भएको हुन्छ । उपन्यासकारले उपन्यासमा मूल विचारलाई नाटकीकरण गरेर साधारणीकृत अवस्थामा पुऱ्याउँछ र पाठकले त्यसको बोध गर्दछ (बराल र एटम, २०५८:४१) । उपन्यासको मूल कथ्य वा बीज विषय नै उपन्यासको उद्देश्य हुन्छ । उपन्यासकारले समाजका विभिन्न पक्षहरूमध्ये कुनै पक्षको उद्घाटन

गर्ने उद्देश्य राखेको हुन्छ । जुनसुकै उपन्यासको उद्देश्य कुनै न कुनै तवरबाट मानिसको जीवनको चित्रण गर्नु हो । कुनै युग र कस्ता प्रकृतिका मानिसको चित्रण गर्ने भन्ने कुरा उपन्यासकारको आफ्नो छनौटको विषय हो (दाहाल, २०५७:६५) ।

कुनैपनि कार्य उद्देश्यविहीन हुँदैन । उपन्यासकारले उपन्यास लेख्दा कुनै न कुनै उद्देश्य लिएर लेखेका हुन्छन् । खासगरी उपन्यास मानवजीवनसँग सम्बन्धित रहने हुँदा यसको उद्देश्य मानव जीवनजगत्का विविध परिवेशलाई समेट्नु हुन्छ । कुनै उपन्यासकारले कुनै युगको चित्रण गरेका हुन्छन् भने कुनै उपन्यासकारले कुनै स्थान, घटना वा विचारलाई अघि सार्ने उद्देश्य राखेका हुन्छन् ।

## २.३ निष्कर्ष

यसरी उपन्यास निर्माण वा संरचना क्रममा विभिन्न तत्त्वहरूको आवश्यकता पर्दछ । विभिन्न तत्त्वहरूको संयोजनबाट उपन्यासले स्वाभाविक र मूर्त रूप प्राप्त गर्दछ । उपन्यास निर्माणका चाहिने तत्त्वहरूमध्ये परिवेश पनि एक महत्त्वपूर्ण तत्त्व हो । परिवेश भन्नाले उपन्यासमा कार्यव्यापार हुने समय, स्थान, र वातावरणलाई बुझाउँछ । परिवेशले उपन्यासको यात्रालाई गति दिने कार्य गर्नाका साथै उपन्यासलाई विश्वसनीयता प्रदान गर्दछ । यदि कथानक देशकालअनुरूप भयो भने मात्र कृति वास्तविक र पत्यारिलो हुन्छ । उपन्यास जुन समय, स्थान र वातावरणसँग सम्बद्ध रहेको छ परिवेश पनि त्यही अनुकूल चित्रण हुनुपर्छ । उपन्यासको निर्माणको लागि चाहिने तत्त्वहरूको पनि एकआपसमा सम्बन्ध रहने गर्दछ । कथानक- पात्र, कथानक- संवाद, कथानक - उद्देश्य, कथानक- भाषा आदिमा एकआपसी सम्बन्ध भएजस्तै अन्य तत्त्वहरूबीच पनि एकआपसी सम्बन्ध हुने गर्दछ । त्यस्तै गरी उपन्यासको एक तत्त्वका रूपमा रहेको परिवेशको पनि अन्य तत्त्वहरूसँगको आपसी सम्बन्धबाट उपन्यासले सहज, स्वाभाविक रूपमा मूर्तता प्राप्त गर्ने गर्छ । परिवेशको स्वाभाविक चित्रणका माध्यमबाट उपन्यास विश्वसनीय बन्ने गर्दछ भने उपन्यासका अन्य तत्त्वहरूले पनि गतिशील हुने अवसर पाउँछन् ।

## परिच्छेद-तीन

# एक पालुवा अनेकौं याम उपन्यासमा परिवेश चित्रण

## ३.१ स्थान

**एक पालुवा अनेकौं याम** उपन्यासमा घटित घटना मुख्य गरी भोजपुर, कलैया, दाङ, सल्यान झापा, परवानीपुर, चैनपुर, वीरगञ्ज, मोरङ, विराटनगर, गौरीगञ्ज, काठमाडौं जस्ता नेपालका भूभाग र अंशतः भारतको रक्सौल, फत्तेपुर, कटिहारजस्ता स्थानसँग सम्बद्ध छन् । यसरी विभिन्न ठाउँका विभिन्न मान्छे र संस्कारलाई उपन्यासको नायक कमलमार्फत् उपन्यासकारले प्रतिबिम्वित गराएका छन् । भोजपुरमा जन्मेर पनि विभिन्न ठाउँमा घुम्ने अवसर पाएका विष्टले **एक पालुवा अनेकौं याम** उपन्यासमा पूर्वी तराईको ग्रामीण सामाजिक परिवेशलाई मूल रूपमा चित्रण गरेका छन् ।

यस उपन्यासको औपन्यासिक कथानकको उठान र समाप्ति काठमाडौंबाट हुन्छ । कमल अध्ययनको क्रममा जेठाबाजेको घरमा बसेको प्रसङ्गबाट सुरू भएको कथानक खरिदार नरेन्द्रबहादुर, सुब्बा होमबहादुर, लप्टन बमबहादुर, जेठकी मालकिनी, तारा तथा तिनका परिवारसँग सम्बन्धित अन्य सदस्यको सेरोफेरोमा दगुर्छ । यसको केन्द्रीय थलो काठमाडौं हो । यसलाई मुख्य केन्द्र बनाएर कथा कहिले गौरीगञ्ज नरेन्द्रबहादुरको घरमा पुग्छ भने राजेश्वरीको सन्दर्भलाई लिएर कहिले कथा चैनपुर जेठकी मालकिनीकहाँ पुगेको छ । यस्तै वीरगञ्ज लिचुमैंयाकोमा पुग्छ भने कहिले परम्पराप्रति विद्रोह गर्न चाहने तारालाई चित्रण गर्न विराटनगर पुगेको देखाइएको छ । यसरी धेरैजसो उपन्यासको कथा गौरीगञ्ज, चैनपुर, वीरगञ्ज, विराटनगर र काठमाडैंमा सामन्ती शासन, पारिवारिक बिडम्वना, राजनैतिक संस्कार, पुरानो र नयाँ पुस्ताबीचको द्वन्द्वको चित्रणमा केन्द्रित देखिन्छ । उपन्यासको कथानकका चरित्रहरू काठमाडौं-गौरीगञ्ज, गौरीगञ्ज-चैनपुर, चैनपुर-वीरगञ्ज, वीरगञ्ज-विराटनगर, विराटनगर-गौरीगञ्ज, गौरीगञ्ज-काठमाडौं हुँदै फन्को मार्छन् । त्यसैले यस उपन्यासको परिवेश काठमाडौदेखि मकवानपुर हुँदै पूर्वी तराईको ग्रामीण समुदायको रहनसहन, वीरगञ्ज, झापा, विराटनगरसम्म फैलिएको छ । विविध स्थान, मानिसहरू र तिनका संस्कारलाई उपन्यासमा चित्रित गराइएको छ । नेपालको निकै फराकिलो भौगोलिक र सामाजिक परिवेशको पृष्ठभूमिमा यो उपन्यास रचना गरिएको छ । यसमा वि.सं २००७ सालको सङ्क्रमणको दुवै छेउमा टेकेर उपन्यासकार विष्टले पहाड र तराईका मध्यमवर्गीय परिवारका किसान, जागिरे र सामन्ती पात्रहरूलाई भित्र्याएका छन् । यसर्थ यस उपन्यासमा पहाड र तराईको भौगोलिक अवस्थाको साथै त्यहाँका विभिन्न स्थानहरूको चित्रण गरिएको छ ।

यस उपन्यासमा मूल औपन्यासिक पात्र कमलका जागिरे बाबु खरिदार नरेन्द्रबहादुर जागिरको सिलसिलामा विभिन्न ठाउँ चहार्दा पहाड र तराईका विभिन्न स्थानहरूको चित्रण गरिएको छ । कमलका बाबु जागिरका क्रममा सरुवा भई ठाउँ-ठाउँमा जानुपर्दा काठमाडौं, झापा, सल्यान, दाङआदिजस्ता स्थानको भौगोलिक अवस्थाको चित्रण गरिएको छ । बाबुको छिटोछिटो विभिन्न स्थानमा सरुवा हुने गरेकाले कमलको पढाइले गति लिन सक्दैन । जेठाबाजे र दिदीको

सल्लाहबमोजिम उसलाई दरबार हाइस्कूलमा भर्ना गरिन्छ । यही अध्ययनको क्रममा कमल जेठाबाजेको घरमा बसेको प्रसङ्गमा कथानकको थालनी भएको छ । नरेन्द्रबहादुरले जागिरको अवकाशपछि गौरीगञ्जमा घरजम गरेर बसेको छ। पत्नीको असामयिक निधन भएपछि ऊ आफ्ना छोराहरूको साथमा सहरकी आफ्नी जेठीसासूको घरमा बस्न थाल्छ भने कमल पनि त्यहीँ पुग्दछ। पत्नी बितेको तीन महिना पनि हुन नपाउँदै उसले अर्को बिहे गर्ने कुरा प्रकट गर्दा जेठीसासूले राजेश्वरीलाई माग्ने सल्लाह दिन्छिन् । त्यसपछि उपन्यासमा अर्को कथानक सुरू हुन्छ । कथानकले अर्को मोड लिन्छ चैनपुर पुगेर । राजेश्वरीको प्रसङ्गलाई लिएर चैनपुर पुगेको कथानकमा चैनपुरको स्थानीय वातावरणको चित्रण गरिएको छ । चैनपुरमा मकवानपुरेले जातपातको नाममा आफ्नी छोरी राजेश्वरीलाई नदिएपछि नरेन्द्रले उनीहरूलाई मुद्दा दायर गरेर वारेस छोरालाई सुम्पन्छ र आफू गौरीगञ्ज फर्कन्छ । कमल बाबुको मुद्दाको वारेस भएर चैनपुर बस्दछ जेठकी मालकिनीसँगै । त्यस क्रममा चैनपुरको वरपरको स्थानीय विभिन्न स्थानहरू, भौगोलिक तथा प्राकृतिक दृश्यहरूको चित्रण गरिएको छ । जेठकी मालकिनीको घर, मकवानपुरेको घर र रामलखन पटुवारीको घर तथा त्यस वरपरको भौगोलिक तथा स्थानीय दृश्यावलीहरू त्था विविध मानिसहरूको चित्रण गरिएको छ । जेठकी मालकिनीको गिर्दो आर्थिक अवस्थाका साथै रामलखन पटुवारीको कुकृत्यपूर्ण व्यवहारपछि उनको दयनीय अवस्था देखी आफ्नो पेट पाल्नका लागि कमल वीरगञ्जतिर लाग्दछ । कमलको वीरगञ्ज बसाइको क्रममा सुब्बा होमबहादुर, लप्टन बमबहादुरको घर वरपरका स्थानहरू उपन्यासमा आएका छन् । यसैबीचमा कमल र लिचुमैयाँबीच प्रेमसम्बन्ध रहन्छ र बमबहादुरले उनीहरूको सम्बन्धको बारेमा थाहा पाई लिचुलाई दण्ड दिएपछि अपमान र लाञ्छनाबाट आत्मरक्षा गर्ने हेतुले वीरगञ्जबाट भागेर जोगवनी रेलेस्टेसन भई कमल विराटनगरतर्फ लाग्दछ । त्यसपछि कमल पाठकनी बुढियाको घर विराटनगर पुग्दछ । त्यहाँ उसको बाबु नरेन्द्र र ताराबीच बहस भइरहेको हुन्छ । तारा आधुनिकताको पक्षपाती भएर वहस गरेकी छे भने नरेन्द्र परम्पराको पक्षपाती । यसै क्रममा ताराको जीवनकहानीका बारेमा कमलले सुनेका कुराहरूमा कुम्भमेला, मुजफ्फरपुर आदिका सन्दर्भहरू आएका छन् । ताराको सहयोग र सम्पर्कले गर्दा कमल विराटनगर गएर पुनः विद्यालय भर्ना हुने अवसर पाउँछ । पढाइको सिलसिलामा कमल पाठकनी बुढियाको घरमा बस्छ । कमलले पाठ्यपुस्तकमा भन्दा रुमानीभावका पुस्तकहरूमा ध्यान दिएको देखी ताराले उसलाई गम्भीर र विचारउत्तेजक पुस्तक पढ्न सल्लाह दिन्छे । कान्तिकारी स्वभावकी ताराले कमललाई साँझसाँझमा घुम्न लिएर निस्कँदा विराटनगरको वरपरको वातावरणको चित्रण गरिएको छ । ताराले कमलसमक्ष साङ्केतिक यौनआसक्ति व्यक्त गरे पनि कमल भने यसमा संयमी देखिएको छ । पीताम्बरलाई पर्चा छरेको अभियोगमा सिपाहीले पकेर लगेपछि सिपाहीको पकाउ पर्ने डरले तारा रातको समयमा घर छाडेर जोगवनीतर्फ भागेकी छ भने कमलले तारालाई त्यस कार्यमा सहयोग गर्दै उसलाई रेलवे प्लेटफर्ममा पुऱ्याएर आफ्नो घर गौरीगञ्जतिर पर्कन्छ । बाटोमा नूनाहा, बकाहा र रतुवा खोला, हाटखोला, गौरियाखोलाआदि स्थानहरू पार गर्दै कमल धेरैवर्षपछि आफ्नो घर गौरीगञ्ज आइपुग्दछ । उसका घरका दायाँबायाँका घरहरूको भौतिक स्वरूपमा सुधार आए पनि उसको घर भने जस्ताको तस्तै देखाइएको छ । उसको घरको बगैंचाका मोतिया, गुनकेसरी, बेली, चमेली जाही, जूही र

ग्यानतकाका फूलहरू ढकमक्क फूलेको तथा घरको वरपरको वातावरण र घरका कोठाहरूका दृश्यहरू देखाइएको छ । कमल गाउँ घुम्न गएको प्रसङ्गमा गौरीगञ्जका स्थानीय दृश्यहरू पनि उपन्यासमा चित्रित गराइएको छ । गौरीगञ्ज नरेन्द्रबहादुर अर्थात् उनको छोरा कमलको घर हो । तत्कालीन जमिनदारको प्रतिनिधित्व गर्ने नरेन्द्रबहादुरको परिवारको चित्रणमा त्यहाँका स्थानीय ठाउँहरू हाट खोला, गौरिया खोला, कालीथान र गाउँको वातावरणले सहयोग पुऱ्याएका छन् । पारिवारिक उथलपुथल अर्थात् सौतासौतामा आएको वैमनस्यताले घर भाँडिनुका साथै नरेन्द्रबहादुरले आफ्नी कान्छी पत्नी कल्पनालाई बेस्सेको आरोप लगाई उसको चरित्रमाथि चियो गर्न थाल्दछ । अन्त्यमा नरेन्द्रबहादुरले आफ्नै छोरा कमललाई आफ्नी कान्छी आमाप्रति पाप सोंचेको र उसलाई अर्कैसँग पोइल जा भनेको आरोपमा करणीको मुद्दा तथा बाह्रबर्ष ब्रह्मचारी भएर तीर्थ पठाउनुको सट्टा लप्टन बमबहादुरकी छोरी लिचुमैयाँसँग बिवाह गरिदिएर आफूले काठमाडौंमा किनेको नयाँ घरमा छोराबुहारीलाई राखेपछि कथानकले अर्कै मोड लिन पुग्दछ । यसपछिको कथानकमा काठमाडौंको स्थानीय परिवेश रहेको पाइन्छ । लिचुले तीन महिना नपुग्दै बच्चा पाएपछि कमल र लिचुबीचको विश्वासको बन्धन टुट्न जान्छ । कमलको जारपुत्रको आगमनसँगै कथानकमा विभिन्न उतारचढावहरू आएका छन् । उसले समाजको अगाडि जारपुत्रलाई आफ्नै सन्तान हो भनी आफ्ना जेठाबाबुलाई झ्यालखाना पठाउन पनि पछि परेको छैन भने आफ्ना ससुराको धाकले जागिर पनि खाएको छ । यसैक्रममा ताराको राजनैतिक यात्रासँगै कमल र ताराबीच काठमाडौंमा फेरि उनीहरूको भेट हुन्छ । उपन्यासको एउटा मोड काठमाडौंमा आएर घटेको छ र उपन्यासको अन्त्य पनि यहीं भएको छ । काठमाडौंको परिवेशमा कमलको घर, सिंहदरबार, गुह्येश्वरी, पशुपति, लिचुमैंयाँको माइती, ताराको कोठा, छाउनी, विष्णुमती, बालाजु बाइसधारा, झ्यालखाना, कमलाछी, शोभाभगवती, क्षेत्रपाटी आदि स्थानहरू यस उपन्यासको घटनाक्रममा आएका छन् ।

यस उपन्यासमा आएका विभिन्न स्थानहरूले उपन्यासलाई स्वाभाविकता प्रदान गरेका छन् साथै कथानकलाई गति दिनमा मद्दत पुऱ्याएका छन् । ग्रामीण स्थानहरूले गाउँमा घट्ने घटना र पात्रहरूलाई स्वाभाविक तुल्याएका छन् भने सहरिया स्थानले पनि त्यस्तै स्वाभाविकता प्रदान गरेको देखिन्छ । विभिन्न भौगोलिकता, भेषभूषा, लवाइखवाइ, रहनसहन, भाषा आदिजस्ता कुराहरूले पनि विभिन्न स्थानगत विविधता दर्शाएका छन् । खासगरी नेपाली राष्ट्रिय परिवेशलाई व्यापक रूपमा समेटेको यो उपन्यास अन्तर्राष्ट्रिय परिवेशमा भने फैलिन सकेको छैन केवल चर्चाको क्रममा भारतका रक्सौल, मुजफ्फरपुरजस्ता स्थानहरू आएका छन् । उपन्यासमा कोठाको परिवेश, घर परिसरका परिवेशहरू व्यापक रूपमा आएका छन् । घाम पानी, खोला नाला, हिउँद वर्षा, जाडो गर्मी, फूलहरू, झरी बादल, मेघ बिजुली, गाउँ सहरजस्ता पक्षहरूको पनि उल्लेख भएको छ । बयालीस परिच्छेदमा वितरित प्रस्तुत उपन्यास स्थानगत आधारमा भोजपुर, झापा, काठमाडौं, वीरगञ्ज, विराटनगर, मकवानपुर, गौरीगञ्जजस्ता स्थानहरू मञ्चको परिवेशमा फैलिएको र रक्सौल, दाङ, सल्यान, चारधाम मुजफ्फरपुर नेपथ्यमा वर्णित भएका परिवेशमा अडेको छ । यस उपन्यासमा सामाजिक, राजनैतिक, धार्मिक, प्राकृतिकजस्ता विविध परिवेशको चर्चा

गरिएको छ । विभिन्न परिवेशमा पात्रलाई उभ्याएर उपन्यासकारले व्यापक स्थानगत परिवेशमा यस उपन्यासको संरचना तयार पारेका छन् ।

### ३.१.१ स्थान र प्रकृति

**एक पालुवा अनेकौं याम** उपन्यासमा विभिन्न प्राकृतिक परिवेशको पनि चित्रण गरिएको छ । नरेन्द्रबहादुर र कमल चैनपुरमा रहँदा कमल रतनमामासँग बगैंचामा कुश्ती खेल्छन्, पौडी खेल्छन् भने रामलखन पटुवारीको घरमा बसेर हारमोनियम बजाउँदै गाउँले गीत गाउँछन् । यस अवस्थामा कमलको मन आनन्दित भएको हुन्छ त्यस बखतको चैनपुरको प्राकृतिक दृश्यको चित्रण गरिएको छ :

"साँझ ओर्लिसकेको छ । गाउँका फूसका छाना छानामा, आँगनमा, बाग बगैंचा र खेतका सपाट छातीमा......................................(पृ.३२) ।"

मकवानपुरेले राजेश्वरीलाई जातपातको नाममा नरेन्दबहादुरलाई नदिएपछि विक्षिप्त बनेका नरेन्द्रबहादुर जेठकी मालकिनीको घरबाहिर बसेर चिलिममा आगो फुक्तै आफ्नाे मनको अँध्यारोलाई हटाउन चाहन्छन् । यसै अवस्थामा साँझको प्राकृतिक दृश्यावलीको प्रस्तुति उपन्यासमा यसप्रकार भएको छ :

"आँगनभरि जून ओर्लिएको छ । जूनको उज्यालोमा सबै कुरा दिनमा झैं छर्लङ्गिएका छन् । खिरी र जामुनाका बोटहरूका झ्याङ्मा अँध्यारो अल्झिएको छ बत्तीमुनिको छायाँ झैं......................पृ.४२) ।"

जेठकी मालकिनीको घरका सम्पूर्ण सामानहरू चोरी भएपछि निराश भएको कमल बगैंचामा सबैभन्दा ठूलो रुखमुनि बसेर चारैतिर नियाल्छ । उदास मनस्थितिमा रहेको कमलले त्यहाँको प्राकृतिक वातावरणमा नै उदासीनता छाएझैं अनुभव गरेको परिवेशको चित्रण उपन्यासमा भएको छ ।

"बगैंचाका आँप, जामुन, लिची, खरी र कटहरका रुखहरूका पातहरूलाई छेडेर भुँइमा उछिट्टिएका घामका चोइटा जसलाई जस्ताको तस्तै बोक्न मन लाग्छ । ती घामका चोइटाहरूमध्ये कैयन चोइटा.........................................(पृ.५९) ।"

वीरगञ्जबाट विराटनगर पुगेको कमल पाठकनी बुढियाको घरमा बस्दा त्यहाँ उसँग नरेन्द्रबहादुरको भेट हुन पुग्छ । यसैअवस्थामा ऊ बिहान नुवाइधुवाइ सिध्याएर घरको पिढीँमा उक्लन्छ त्यसबखत उसको बा नरेन्द्रबहादुर केही लेखिरहेका हुन्छन । त्यसबखतको बिहानको त्यस घर वरपरको प्राकृतिक वातावरणको चित्रण उपन्यासमा यसरी भएको छ :

"...........त्यतिबेला सूर्य पारिको बगैंचामाथि उक्लिसकेका हुन्छन् । भोरको साथसाथै स्वच्छन्दता र उल्लास लिएर आँगनभरि फुरुङ्गिइरहेका भँगेरा, मैना, सारस आँप र लिचीका हाँगामा पञ्छिसकेका हुन्छन्................................................(पृ.११७) ।"

तारा र कमल साँझमा घुम्न निस्कन्छन् । उनीहरू विराटनगर वरपरका टाढा टाढासम्म पनि पुग्छन् । बजारदेखि धैरै टाढा खोलाको किनारको प्राकृतिक दृश्यको चित्रण उपन्यासमा भएको छ । उपन्यासमा कमलको घर गौरीगञ्ज वरपरको प्राकृतिक दृश्यावली, बगैंचाका विभिन्न थरीका फूलहरूको पनि उपन्यासमा सुन्दर चित्र प्रस्तुत गरिएको छ । हाटखोला, गौरियाखोला, कालीथान

तथा खेत वरपरको प्राकृतिक वातावरण उपन्यासमा चित्रित छ । काठमाडौंमा लिचुले बिहे गरेको तीन महिना नबित्दै छोरा पाएपछिको अपमानलाई सहन नसकी आफ्नै छोरा भन्न बाध्य भएको कमल सबैतिरबाट भागेर स्वयम्भू डाँडामा पुग्दछ र त्यहाँको प्राकृतिक वातावरण उपन्यासमा आएको छ । कमलको मानसिक परिवेशको चित्रणमा प्राकृतिक परिवेशले सहयोग पुऱ्याएको छ । कमल र तारा बालाजु बाइसधारा घुम्न जाँदा त्यहाँको ढुङ्गेधारा, पोखरी तथा त्यस वरपरको प्राकृतिक परिवेश देखाइएको छ :

"ऊ तिनीसँगै उठेर झरझर झरिरहेका बाइसवटा ढुङ्गेधारालाई छाडेर सिढीं उक्लन्छ । तारा बीचको पोखरीको डिलमा बस्छिन् । एकमुठी पानी उभाएर आफूले साथमा ल्याएको पिठो मुछ्छिन्...............................................(पृ.३४२) ।"

**एक पालुवा अनेकौं याम** उपन्यासमा विभिन्न स्थानका विभिन्न वनस्पतिहरूको चित्रण गरिएको छ । ठाउँअनुसार विभिन्न ठाउँमा विभिन्न बोटविरुवा र वनस्पतिहरू पाइन्छन् । विविधतायुक्त हावापानी, विविध ठाउँ र भौगोलिक बनावटअनुसार विभिन्न परिवेशमा विभिन्न किसिमका वनस्पतिहरू पाइन्छन् । **एक पालुवा अनेकौं याम** उपन्यास पनि नेपालको निकै फराकिलो भौगोलिक बनावट र विभिन्न स्थानहरूमा संरचित भएकोले विभिन्न किसिमका बोटबिरुवा र वनस्पतिहरू स्थानअनुसार देखापरेका छन् ।

यस उपन्यासमा खरिदार नरेन्द्रबहादुरको जागिरको सरुवासँगै विभिन्न ठाउँमा पुग्दा सँगै हुन पुगेको उनको छोरा कमलको स्मृतिमा दाङ, सल्यानमा रहँदा अम्बा, ओखर र बेलौतीका बोटहरू आएका छन् :

"बजारदेखिन् तलको फाँटमा फलेका ठूलाठूला अम्बाका दाना अनि ओखरको खोपी आदिले मानो उसलाई ताकेर एउटा सुकुमार चञ्चलता उडाइदिन्छ.............(पृ.६) ।"

यस्तैप्रकारले जागिरकै क्रममा कमलको बाको झापा सरुवा भएपछि उनीहरू झापामा रहँदा पिपलको रुखमुनि स्कूल रहेको सन्दर्भमा पिपलको बोट चर्चाको क्रममा आएको छ । तराईको वातावरण रहेको चैनपुरमा आँप, लिची, खिरी, जामुन, कटहर, महुवाआदि उष्ण हावापानीमा पाइने वनस्पतिहरू पाइने कुरा उल्लेख छ :

"अगाडिका आँपका बोटहरू, लिचीका बोटहरू, खिरी, जामुनाका बोटहरूका झ्याङ्मा अँध्यारो अल्झिएको छ बत्तीमुनिको छायाँझैं...............................(पृ.४२) ।"

सहरिया परिवेशमा आफ्नो घरलाई आकर्षक राख्न मानिसहरूले विभिन्न किसिमका फूलहरू रोप्ने गर्दछन् । त्यस्तै प्रकारले वीरगञ्जमा बमबहादुरको घरलाई आकर्षक राख्न लहरे गुलाबलाई घर अगाडि रोपिएको छ । त्यस्तै विराटनगरको परिवेशमा पाठकनी बुढियाको घर वरिपरि तथा विराटनगरको स्थानीय परिवेशमा आँप, केरा, बाँसजस्ता बोटबिरुवाहरू पाइने कुरा उपन्यासमा आएको छ । कमलको घर गौरीगञ्जमा बोटबिरुवाको बारेमा खासै चर्चा गरिएको नभए तापनि उसकी कान्छीआमा कल्पनाले आफ्नो घर वरिपरिको बगैंचामा ज्ञानतका, गुनकेसरीजस्ता विभिन्न प्रकारका फूलहरू रोपेकी छन् । केमरा, ज्ञानतका, गुनकेसरीका सुन्दर बोटहरूको वर्णन गौरीगञ्जमा भएको छ । काठमाडौंमा कमलको घरको बगैंचाका फूलहरू लगायत खरी र सल्लाका बोटहरू विभिन्न परिवेशमा चर्चा गरिएका छन् ।

यसरी यस उपन्यासमा फरक फरक स्थानमा फरक फरक बोटबिरुवा पाइने सत्यतालाई देखाइएको छ । तराईको हावापानी सुहाउँदो बोटबिरुवाहरू तराईको परिवेशमा पाइने कुरा देखाइएको छ भने पहाडी परिवेशमा पनि हावापानीअनुकूल बोटबिरुवा पाइने कुरालाई उपन्यासमा सार्थक ढङ्गले प्रस्तुत गरिएको छ । घाम, पानी, खोला, नाला, हिउँद, वर्षा, जाडो, गर्मी, फूलहरू, झरी, बादल, मेघ बिजुली, गाउँ, सहरजस्ता पक्षहरूको प्रस्तुति उपन्यासमा भएको छ ।

### ३.१.२ स्थान र लवाइखवाइ

स्थानअनुसार मानिसहरूको पहिरन र खानेकुरामा पनि फरक पर्दछ । **एक पालुवा अनेकौं याम** उपन्यासमा विभिन्न स्थानका फरक फरक लवाइखवाइलाई प्रस्तुत गरिएको छ । कमल काठमाडौंमा जेठाबाजेको घरमा पढाइको सिलसिलामा रहँदा उसकी आमाको देहावसान भएको हुन्छ र त्यसबेला जेठाबाजे र रिफेलले उसलाई कुलदेवताको प्रसाद भनेर जेरी र स्वारी खुवाउँछन् । यसैबेला उसले आफ्नी आमाले उसलाई सधैं माछामासु नटुटाउने तर जेठाबाजेको घरमा उसले सुँध्न पनि नपाएको कुरा स्मरण गरेको छ । चैनपुरमा रामलखन पटुवारी जेठकी मालकिनीको हिसाबकिताब राख्ने गर्दछ । ऊ आफूलाई सभ्य र जान्ने बनाउन खोज्दछ । उसले आफ्नो घरमा बिहानीपख जोसुकै आए पनि एक गिलास तातो चियाले सत्कार गर्दछ । जेठकी मालकिनी र नरेन्द्रबहादुरको तमाखु खाने आदत रहेको छ । चैनपुरमै राजेश्वरीलाई मोहनी लगाई नरेन्द्रबहादुरतिर आकर्षित गर्नको लागि मन्तरेको पेडा माइथानको प्रसाद भनेर जेठकी मालकिनीमार्फत् खुवाइन्छ । जेठकी मालकिनीको घरमा रहँदा कमल, नरेन्द्र र जेठकी मालकिनी दाल, भात र तरकारी खान्छन् । जातपातको भेदले गर्दा दाल र भात कमल पकाउँछ भने तरकारी जेठकी मालकिनी आफैं पकाउँछिन् । वीरगञ्जमा लप्टन्नी साहेब बिहान बिहान सधैं दूध खान्छिन् । भान्छा तयार भएपछि लप्टन साहेबको लागि चाँदीको थालमा भूजा तयार पारेर उनी खसखसको पङ्खा लिएर अगाडि बस्छिन् । त्यसपछि मात्र लप्टनले खाएको थालमा खान बस्छिन् । कुनै जागिरदारहरूकहाँ चिया खुवाउने चलन छैन तर तिनकहाँ जो आए पनि चियाबाट स्वागत सत्कार गरिन्छ । सहरिया परिवेशको खानपान उनीहरूको रहेको छ । कमलका जेठाबाबुको तमाखु र गाँजा खाने आदत रहेको देखिन्छ भने उनको घरमा कमलले भान्छे बाहुन नहुँदा पकाउने काम गरेको छ । विराटनगरमा पाठकनी बुढिया नरिवलको हुक्कामा तमाखु खान्छिन् । नरिवलको हुक्काको सन्दर्भ आउँदा तराईको परिवेश स्वतः पुष्टि हुन्छ । उनको घरमा बस्दा कमलले मज्जासँग दाल, भात खान पाएको छ । तारामा पनि चुरोट खाने लत रहेको छ भने बिहान उनको घरमा चिया खाने चलन छ । गौरीगञ्जको हाटखोलाको माइथानका पूजारिबाजे हरेक दिन बिहानको पूजा सकिएपछि मसिनो चामलको भात, रहर, मुँगको दाल, दुईथोक तरकारी, चटनी अनि एक गिलास खावा पारेको दूध खान्छन् । कल्पनाले कमललाई भोक लागेको भए आफ्नो कोठामा आलुको झोल र भात खान दिने कुरा गर्छिन् । हाटखोला गएका बेला कमल पान खान्छ । पान खाने चलन पहाडको तुलनामा तराईमा बढी पाइन्छ । काठमाडौंमा कमलका सासूससुरा उसको खल्तीमा काजु र पेस्ता हालिदिन्छन् । ताराको काठमाडौंको कोठामा तारा र कमल चिया पिउँछन् साथै कमलको घरमा चिया लगायत भातभान्सा गर्छन् ।

चैनपुरमा जेठकी मालकिनी विधवा छिन् उनले हिन्दू संस्कार र मान्यताअनुसार सेतो चोलो र फरिया पहिरेकी छिन् भने हिन्दू संस्कारअनुसार उनले श्रीमान्को मृत्युपश्चात बर्खी बारेकी छिन् । कमलले चैनपुरमा भात पकाउँदा चोखो धोती फेरेर पकाउँछ । चैनपुरमा रहँदा ढल्कँदो उमेरसँगै कमलको लवाइखवाइमा प्रभाव परेको छ । पारि अङ्ग्रेजी राजका सहरमा आउँदा जाँदा उसले देखेका युरोपेली लुगाहरूका राम्रा छाँटकाँटले उसको मष्तिष्कलाई पूर्ण प्रभाव पारेको छ । त्यसैले बाबुबाट पाएको नगदले उसले आफ्ना निम्ति प्यान्ट र कमिज सिलाउँछ जुन लुगाले उसको व्यक्तित्व गाउँलेहरूको तुलनामा भिन्न देखिन्छ । उसलाई गाउँलेहरूले धोती लगाएको पटक्कै मन पर्दैन । यसबाट  गाउँलेहरूको लवाइखवाइ सहरिया मानिसहरूको तुलनामा त्यति स्तरीय नभएको कुरा थाहा हुन आउँछ । रामलखन पटुवारीले सेतो धोती र कुर्ता लगाएको छ । यस्तो पोशाक तराईको परिवेशमा बढी प्रचलनमा रहेको छ ।

वीरगञ्जमा लप्टन बमबहादुरको लवाइखवाइमा फरकपन पाइन्छ । सस्तो साधारण किसिमका लुगा लगाउने मान्छेहरूको उनको घरमा खासै इज्जत हुँदैन । उनी सधैं सिलेक्सनको टोपी, बेलायती कस्मीराको कोट, लेवेन्डरको बास्नाले मुछिएको रेशमी मयलपोश सुरूवाल र ब्यारेटका जुत्ता लगाई हिँड्छन् । उनका घरमा स्वास्नी मानिसहरूको सिँगारपटार र पहिरनमा पनि दरबारियापन पाइन्छ । घरमा बस्दा होस् वा घरबाहिर डुल्न निस्कँदा होस उनीहरूको लिवास र सिँगार जहिले पनि कुनै खास निम्ता मान्न तयार भै बसेझैं देखिन्छ । आफ्नो परिचयभित्रका साहू महाजन कलकत्ता, बम्बई जान लागे भने नयाँ नयाँ किसिमका सारी, ब्लाउज र सिँगारपटारका सामानको फर्माइस गर्छन् । घरका धाई सुसारेदेखि लिएर छोरीबेटीहरू बिहान नुवाइधुवाइ गर्नासाथ पहिले सिँगारपटार गर्छन् । सहरिया परिवेशअनुसारको लवाइखवाइ र तडकभडक उनीहरूमा रहेको छ । ताराले विराटनगरमा हुँदा कानमा कुण्डल, कालो चोलो, रातो पारी भएको सेतो चिप्लने सारी लगाएकी छन् भने काठमाडौंको सहरिया परिवेशमा आउँदा तिनको पहिरनमा फरक परेको छ । लिपिष्टिकले जडाउ फूल, महँगो रेशमी सारी, कुर्कुच्चावाल जुत्ता, आँखामा चश्मा, हातमा बेनेटी ब्यागले उनको व्यक्तित्वलाई माथि उठाएको छ । गौरीगञ्जमा कल्पनाले गुलाबी रङ्को सारी र सेतो बाँकटे चोलो पहिरेकी छिन् । उनको लवाइखवाइ सहरिया परिवेशमा हुर्किएकी हुनाले गाउँलेहरूको तुलनामा अलि स्तरीय देखिन्छ । च्यान्टीले ओंठमा लाली लगाई सिँगार गरेकी भए पनि उनको सिँगार त्यति स्तरीय देखिँदैन । कमल र लिचुको बिहेपछि काठमाडौंमा कमलको घरमा उनीहरू रहन्छन् । त्यहाँ लिचुलाई चाहिने सिँगारका सामानहरू आँखी भौं टिप्ने चिम्टा, कपाल झार्ने ब्रस, बास्ना आउने तेल, चेपे काँटा, किलिप, लालीफा आदि सबै कुराहरू भरिभराउ छन् । कमल अफिस जाने बेलामा लिचुमैयाँले उसलाई आफ्नै हातले मयलपोश सुरूवाल दिन्छिन्, कोट पहिऱ्याइदिन्छिन् र जुत्तामा ब्रस लगाइदिन्छिन् । दसैंमा माइत जान तयार भएर कमललाई जाऊँ भनी आग्रह गर्दा उनको सिउँदोभरि सिम्रिक, नङ्भरि रातपालिस, घाँटीमा रातो पोते, नाडीमा चुराले सजिएकी छन् । उनको पहिरन हिन्दू संस्कारअनुकूल रहेको छ ।

### ३.१.३ स्थान र भाषा

**एक पालुवा अनेकौं याम** उपन्यासको भाषा कलात्मक छ भने ठाउँ-ठाउँमा स्थानीय भाषाको प्रयोग पनि गरिएको छ । स्थानअनुसार फरक र पात्रअनुकूल भाषाको प्रयोग यसमा भएको छ । प्रस्तुत उपन्यासको भाषा गद्य हुँदाहुँदै पनि लयात्मक बन्न पुगेको छ । ठाउँ-ठाउँमा उखानटुक्का, अनुकरणात्मक शब्द प्रयोगले उपन्यासको भाषाशैली सजीव, सुन्दर र कलात्मक बनेको छ । उपन्यासमा पत्रात्मक तथा सम्बोधनात्मक शैलीको प्रयोग पनि भेटिन्छ । यसले विशेषतः तराई भागका मानिसहरूको प्रतिनिधित्व गरेकाले आगन्तुक, हिन्दी तथा स्थानीय शब्दको प्रयोग भएको छ ।

यस उपन्यासका धेरै ठाउँमा मानक भाषाको प्रयोग गरिएको छ साथै तराईको वातावरण चैनपुर र गौरीगञ्जका कतिपय पात्रहरूद्वारा स्थानीय भाषाको पनि प्रयोग भएको छ । पात्रको स्तरअनुसार र ठाउँअनुसारको भाषाप्रयोगले उपन्यासले स्वाभाविक रूप प्राप्त गरेको छ । कमल र नरेन्द्रबहादुरको भाषा सामन्यतः मानक नेपाली नै रहेको छ । बमबहादुरको परिवारका सदस्यहरू लप्टनसाहेब, लप्टनी साहेब, लिचुमैयाँ तथा उनीहरूका अन्य नोकरहरूको भाषा उच्च आदरार्थी छ :

"त्यो मेरी छोरी होइन, मेरो दुश्मन हो मेरी बुझिबक्सियो ज्वाइँ ! हजूरले त्यति मर्जी नभा भए मैले सेरिएर मरेको भए पनि हुन्थ्यो । म त भगवान्सित यही प्रार्थना गर्दछु दुनियाँमा कसैले छोरी नपाऊन् (पृ.३००) ।

बमबहादुरको परिवारको भाषामा उच्चखानदानी, नवधनिक सहरिया रवाफ झल्कन्छ । चैनपुरमा रामलखन पटुवारीको भाषामा स्थानीयता झल्किएको छ । त्यस्तै गौरीगञ्जमा गंगा नुनिया तथा गाउँका अन्य मानिसहरूको भाषा स्थानीय किसिमको छ :

"के रङ्गको मानुस छ इला खर्दार । आफू कनिया गर्छ । छुआलाई कनिया गर्दिदैन । राधाकृष्णको बाबु कति भला छ, राधाकृष्णलाई कनिया गर्दियो (पृ.१७०) ।"

"मुई त एकदम से चिनुवा नि पानु । घुरिएकन हेरेर पो चिनिनुभयो (पृ.१७६) ।"

श्रीलाल : "कि करबो खरीदार साहेब "

विराटनगरमा पाठकनी बुढियाको भाषा गाउँले र बूढापाकाले बोल्ने खालको छ । उनले सधैं बोल्दा **मेरो हजूर भन्नुहुन्थ्यो** भन्ने वाक्य बारम्बार प्रयोग गर्ने गर्छिन् । ताराको भाषा भने अलि बौद्धिक र शिक्षित मानिसले बोल्ने खालको देखिन्छ । दरबारियाहरूको भाषाशैलीमा उच्च र खानदानी रवाफ देखिएको छ भने यस उपन्यासका अन्य पात्रहरूले भने मानकस्तरको नेपाली भाषाको प्रयोग गर्ने गरेका छन् ।

यस उपन्यासमा सहरिया र ग्रामीण परिवेश मूल रूपमा आएका छन् । सहरिया परिवेशको भाषा अलि स्तरीय छ भने ग्रामीण पात्रहरूले बोल्ने भाषाचाहिँ अलि स्थानीय किसिमको देखिन्छ । त्यस्तै गरेर वर्गगत हिसाबले उच्चवर्ग, मध्यमवर्ग र निम्नवर्गका रूपमा रहेका मानिसहरूले बोल्ने भाषामा पनि फरकपन देखिएको छ । बमबहादुरजस्ता दरबारिया धाक लगाउने व्यक्तिहरू त्था दरबारिया व्यक्तिहरूको भाषा उच्चस्तरको छ भने नरेन्द्रबहादुरको परिवारजस्ता अन्य मानिसहरूले प्रयोग गर्ने भाषा मध्यम किसिमको छ । त्यस्तै गरी आर्थिकरूपमा निम्नवर्गका मानिसहरूले बोल्ने

भाषा अलि तल्लोस्तरको देखिन्छ । यस उपन्यासमा पात्रअनुकूल र स्थानअनुकूल स्वाभाविक भाषाको प्रयोगले गर्दा उपन्यास स्वाभाविक बन्न पुगेको छ ।

यसरी यस उपन्यासमा स्थानीयताका दृष्टिले भोजपुर, झापा, वीरगञ्ज, विराटनगर मञ्चीय र रक्सौल, चारधाम, मुजफ्फरपुर नेपथ्यीय परिवेशको रूपमा आएर कार्यव्यापार अघि बढाएका छन् । विभिन्न भौगोलिक स्थानमा विभिन्न घटना प्रसङ्गहरूको बयान गरी विषयवस्तु निर्माण गरिएको छ । कमल यहाँ अनेक परिस्थितिका कारण नेपालका विभिन्न भू-भागहरूमा प्रकट भएको छ । सामाजिक विषयवस्तुमा आधारित यस उपन्यासमा समाज र जीवनको व्यापक पर्यवेक्षण गरेर यथार्थ चित्र प्रस्तुत गरिएको छ । सिङ्गो उपन्यास कमलको केन्द्रीयतामा संरचित छ । यसको चरित्रसँगै सम्बन्धित भएर अन्य अनेकन चरित्र र व्यापक परिवेश उपन्यासमा आएका छन् । स्थानगत परिवेशको यथार्थ चित्रणले उपन्यास स्वाभाविक बन्न पुगेको छ । यसमा विभिन्न ठाउँका मानिसहरू, तिनीहरूको संस्कार, रहनसहन, भाषा, भेषभूषा, प्रकृति, वनस्पति, आदिको स्थानअनुकूल स्वाभाविक चित्रण गरेर उपन्यासलाई सार्थक र स्वाभाविक तुल्याइएको छ ।

## ३.२ समय

**एक पालुवा अनेकौं याम** उपन्यासमा बृहत् सामाजिक सन्दर्भअनुकूल घटनाक्रमको बुनोटका साथै पात्रविधान गरिएको छ । यो उपन्यास वि.सं २०२६ सालमा प्रकाशनमा आए पनि यसले ग्रहण गरेको परिवेश यसको प्रकाशन मितिभन्दा लगभग दुईदशकभन्दा बढीअघिको नेपाली समाज हो । तत्कालीन  समयको सामाजिक परिवेश, नयाँ पुस्ता र पुराना पुस्ताबीचको द्वन्द्व, सामाजिक सङ्क्रमणको पृष्ठभूमिमा नेपाली सामाजिक जीवनको यथार्थ चित्रण **एक पालुवा अनेकौं याम** उपन्यासमा गरिएको छ । सामाजिक वा पारिवारिक बिडम्वना, शोषणयुक्त सामाजिक स्वभाव, राजनैतिक चेतना, पुरानो संस्कार र नयाँ आदर्शका सम्मिश्रित मनस्थितिबाट उब्जेका परिस्थितिहरूलाई यस उपन्यासले स्थान दिएको छ । राणाकालीन समयको सामन्ती संस्कार, शोषण, उत्पीडन र त्यसका विरुद्ध विद्रोह गर्ने वर्गको जन्म नभएको अवस्थाको चित्रण गरिएको छ । परम्परागत पात्र र आधुनिक विचार भएका पात्रका बीचमा द्वन्द्व देखाइएको छ । **एक पालुवा अनेकौं याम** उपन्यास यही केन्द्रकका वरिपरि विचरण गर्दछ ।

प्रस्तुत उपन्यास वि.सं २००७ सालको राजनैतिक हलचलका साथै नेपाली जनमानसमा क्रमशः हुर्कदै आएको सामाजिक सङ्क्रमणको दोसाँधको प्रस्तुतिका साथै २००७ सालले समाजमा ल्याएका आर्थिक, साँस्कृतिक र धार्मिक विचलनलाई समेत यसमा चित्रण गरिएको छ । सामाजिक सन्दर्भमा सङ्क्रमणकालीन नेपाली समाजका वातावरण, जीवनप्रकिया, सामन्ती मनोवृत्ति र सङ्कुचित सोचाइहरू पाइन्छन् भने नयाँ विद्रोही वर्गको जन्म भइसकेको हुँदैन । यस्तो किसिमको जीवनसन्दर्भको चित्रण यसमा पाइन्छ । साथै पात्रहरूको माध्यमबाट सामाजिक मनोवैज्ञानिक यथार्थको प्रस्तुति पनि पाइन्छ । पहाडको जीवनचर्यामा आइलागकेका आर्थिक सङ्कटबाट पलायित हुँदै तराई झरेपछि नवधनिक बन्न पुगेका उच्च वर्गहरू पनि त्यसका प्रभावमा देशको राजधानीसम्म लगेर छोराछोरी पढाउने र आफू पनि जागिरे बन्न पुग्नेजस्ता पक्षको प्रस्तुति, आभिजात्यको नयाँ आवरणमा बाँच्ने जमिनदार, खरिदार, लप्टनजस्ता पात्रको प्रस्तुतिलाई उपन्यासले समेटेको छ । प्रस्तुत उपन्यासले २००७ साल र त्यसको अघिपछिको सामाजिक

संरचना र त्यसमा आउन थालेका विचलनहरूलाई यथार्थ रूपमा स्थापना गर्ने प्रयत्नमा कथावस्तुको चयन गरेको छ । सामन्ती व्यवस्था, मानसिक द्वन्द्व, सामाजिक सङ्क्रमण र चेतनाका लहरहरू यसको पृष्ठभूमि हो । कमलको बाल्यावस्थामै आमाको मृत्यु हुनु, नरेन्द्रबहादुरले आवश्यकताभन्दा बढी श्रीमती बटुल्ने काम गर्नु, गंगा नुनियालाई जर्बजस्ती कल्पनाको नाठो सावित गराउनु, जेठकी मालकिनीलाई रामलखनले कुदृष्टिले हेर्नुका साथै उसको सम्पूर्ण शरीर नङ्ग्याउनु, कमलसँग बिहे गरेको तीन महिना पनि नपुग्दै लिचुले छोरा पाउनु र त्यसैका कारण उसले आत्महत्या गर्नु, तारा तत्कालीन परम्परा र शासकको विराध गर्ने क्रममा जेल पर्नुजस्ता जीवन घटना पनि उपन्यासमा आएका छन् । समयका दृष्टिबाट उपन्यासको कथानक कमलको बाल्यकालदेखि सुरू भएर युवाअवस्थामा पुगेर समाप्त भएको छ ।

वि.सं २००७ साल पूर्वपश्चातका जीवनमूल्यहरूको प्रस्तुति, २००७ सालले समाजमा ल्याएका आर्थिक, सांस्कृतिक र धार्मिक विचलनसमेतका आधारमा यो उपन्यास गतिशील बनेको छ । सङ्क्रमणकालीन समाजमा सामाजिक तथा पारिवारिक शोषण, उत्पीडन तथा विकृति र विसङ्गति व्यापक रूपमा एकातिर रहेको छ भने अर्कातिर राणाशासनको क्रूर सामन्ती व्यवस्थामा जनताहरू बाँच्न विवश रहेका छन् । यति भएर पनि यसका विरुद्ध विद्राह गर्ने वर्गको जन्म भएको देखिदैन । यस उपन्यासका पात्रहरू अथवा सङ्क्रमणकालीन समयका व्यक्तिहरू पुरानो मान्यता र परम्परालाई छाड्न पनि नसकेको समयअवस्थाको चित्रण उपन्यासमा भएको छ । माथिल्लो दर्जाको धाक लिएर बाँच्ने जमिनदार, खरिदार, लप्टनजस्ता व्यक्तिहरूको चरित्रलाई एकातिर छर्लङ्ग्याइएको छ भने अर्कातिर लिचुमैयाँको सतीत्व हरण गरेर पनि समाजमा शिर ठाडो पारेर हिँड्ने अवसर पाइरहेका दुष्कर्मीहरूलाई दण्ड दिने क्षमता कसैमा आर्भिभाव हुन सकेको छैन । समाजमा जमिनदारी, मुखिया, सुब्बाङ्गी, हाकिमी र मालिक्याइँजस्ता पक्षहरूलाई वर्गीय उच्चताका हतियार, शोषण र उत्पीडनको रक्षाकवच बनाएर उपन्यासमा उभ्याइएको छ । यस उपन्यासमा नरेन्द्रबहादुरजस्ता चरित्रलाई सामन्ती परम्परा बोकेर हिँड्ने कामुक व्यक्तिको रूपमा चित्रण गरिएको छ । ऊ त्यस समयको प्रतिनिधि पात्र हो । पारिवारिक शोषण, बहुबिवाह, सामन्ती मनोवृत्ति, क्रूर पिताको रूपमा देखिन्छ । अरूलाई आदर्शको आडम्वर देखाएर आफ्नो स्वार्थ सिद्ध गर्ने नरेन्द्रमा समाजका थोत्रा मान्यता अनि खराब संस्कारको अवशेष पाइन्छ । छोरालाई श्रवणकुमारको शिक्षा दिने तर आफू कामुक बन्ने, राजेश्वरीलाई बिहे गर्न नपाएको झोंकमा मकवानपुरेका विरुद्ध मुद्दा दायर गर्ने अनि कमलकी आमाको मृत्यु भएपछि च्यान्टीलाई बिवाह गरेर पनि कल्पनालाई रखौटी तुल्याउने नरेन्द्रमा पुरानो दूषित प्रवृत्ति र सामन्ती मनोवृत्ति पाइन्छ । छोराको भविष्यमाथि खेलवाड गर्ने, जागिरको धाक देखाउने, जमिनदारको अहमत्याइँ र उच्चताबोध गर्ने नरेन्द्र तत्कालीन समाजको प्रतिनिधि पात्र हो । उसले त्यस समयको सामन्ती र शोषणपूर्ण समाजको प्रतिनिधित्व गर्दछ । त्यस्तै राणाशासनको चाकडी र चाप्लुसीमा रमाउने र उनकै पूजा गर्ने कतिपय व्यक्तिहरू रहेको र त्यसको विरोध गर्दै विद्रोहमा लाग्ने तारा, पीताम्बरजस्ता व्यक्तिहरू देखिन्छन् । उनीहरू राणाशासनको जरो खन्ने र राजनीतिक परिवर्तनका लागि अग्रसर भएको अवस्थाको चित्रण गरिएको छ । त्यस्ता केही व्यक्तिहरू उनीहरू परम्परागत पुराना र थोत्रा मान्यताको अन्त्य गर्न चाहन्छन्, पुराना अन्धविश्वास र रुढिवादीलाई समाजबाट

हटाउन चाहन्छन्, नयाँ मान्यता र आधुनिक विचारलाई स्थापना गर्न चाहन्छन् । समाजमा रहेका शोषण, कुरीति, अन्धविश्वाश, रुढिवादी, सामन्ती प्रथाको अन्त्य गर्न चाहन्छन् । एकातिर परम्परागत मान्यतालाई आत्मसात् गर्न चाहने वर्ग र अर्कातिर आधुनिक मान्यताको पक्षपाती वर्ग । यस्तो अवस्थामा केही वर्ग यस्तो छ कि ऊ पुरानो संस्कारलाई त्याग्न पनि सक्दैन र सम्पूर्ण रूपमा आधुनिक विचार र मान्यतालाई अँगाल्न पनि सक्दैन । पुरानो र आधुनिक पुस्ताको प्रतिचापमा परेर किचिएर बाँच्न विवश वर्गको प्रतिनिधि पात्र हो कमल । आधुनिक पुस्ताको रूपमा रहेको कमल अर्काको पेट बोकेर आएकी लिचुमैयाँलाई आफ्नी स्वास्नी र जारपुत्रलाई आफ्नो पुत्र हो भन्नुमा, जेठाबालाई जेलपठाउनु र जागिर खानुमा उसको अनिच्छा, बाध्यता र विवशताले काम गरिराखेको हुन्छ । ऊ कहिल्यै आफ्नो हुन सकेन कहिले बाबुको, कहिले जेठाबाबुको, जेठकी मालकिनी, तारा, कल्पना त कहिले लिचुमैयाँ र बमबहादुरको (प्रधान, २०६१:२९३-२९५) । कमल तत्कालीन स्वेच्छाचारी सरकार र परम्परित सामन्ती समाजको बाध्यतामा बाँचेर पनि बाँच्न नसकिने जिउँदो अनुहार हो । कमलका माध्यमबाट तत्कालीन समयको समाजको दूषित वातावरणमा बाँच्ने मानिसहरूको अवस्थाको चित्रण गरिएको छ । कमलमा आधुनिकताप्रतिको मोह र क्रान्तिकारी बन्ने चाहाना भए पनि उसले आफूलाई त्यसतर्फ पूर्णरूपमा अग्रसर गराउन सक्दैन । तत्कालीन शासकलाई चुनौती दिँदै सङ्गठन विस्तारको नेतृत्व गर्दै काठमाडौं प्रवेश गरेकी ताराको सङ्गतले गर्दा जेल पर्नुपरे तापनि परम्परागत मान्यताले गर्दा उसले अर्काको पेट बोकेर छोरा जन्माएकी लिचुमैयाँलाई स्वीकार गर्न सक्दैन । त्यस्तै तत्कालीन राणाशासकको भरौटेका रूपमा रहेको लप्टन बमबहादुरको सिफारिसमा आफ्नो इच्छा नहुँदानहुँदै पनि दरबारमा जागिर गर्न पछि पर्दैन । उपन्यासमा ताराको व्यक्तित्वले नारीहरू पनि चेतनशील र सक्रिय हुन थालेको अवस्थाको चित्रण गरिएको छ भने अर्कातिर अपहरणमा परेर केही दिन घर बाहिर रहन बाध्य भएकी तारालाई आफ्नो पतिको घरमा स्वीकार नगर्ने तत्कालीन रुढीवादीयुक्त, अन्धविश्वासी समाजव्यवस्थाको पनि चित्रण गरिएको छ । यस उपन्यासमा नरेन्द्रले परम्परा र धर्मको आडमा समाजमा आफ्नो हैकमी शासन चलाउन खोज्दछ भने ताराले परम्परित संस्कारको खुला विरोध गरी समाजमा देखिन थालेको परिवर्तन र चेतनाको प्रतिनिधित्व गर्छे । तारा र नरेन्द्रबहादुरजस्ता परस्परविरोधी मान्यताबाट उपन्यासमा परम्परा र आधुनिकताबीच संस्कारोचित द्वन्द्वको प्रतिपादन भएको छ ।

शोषणयुक्त समाजमा नरेन्द्रबहादुर कल्पनालाई उसको घरको आर्थिक विवशताको फाइदा उठाई तीन हजारमा श्रीमतीको रूपमा भित्र्याउँछ । आफूले भनेजस्तो नहुँदा गंगा नुनियालाई उसको आर्थिक विवशताको फाइदा उठाई उसलाई कल्पनाको नाठाको रूपमा साबित गरी दुवैलाई जेल जीवन बिताउन बाध्य गराउँछ । मकवानपुरेले राजेश्वरीलाई नदिएपछि उनीहरू विरुद्ध मुद्दा दायर गर्छ साथै कमलले कान्छीआमा कल्पनालाई आशय करणी गरेको आरोप लगाई उसलाई अर्काको पेट बोकेकी लिचुमैयाँसँग बिहे गरिदिएर सजाय दिन्छ । त्यस्तै पतिको मृत्युपछि एक्लो जीवन बिताउन विवश महिलामाथि समाजको दृष्टिकोणलाई रामलखन पटुवारीले जेठकी मालकिनीप्रति गरेको दुर्व्यावहारबाट स्पष्ट पार्न सकिन्छ । यस्ता विसङ्गति र विकृतियुक्त समाजको स्पष्ट अभिव्यक्ति उपन्यासमा भएको छ । बमबहादुर तथा उसकी श्रीमती लिचुले

अर्काको पेट बोकेर बच्चा जन्माएपछि कमललाई थमाउनका लागि काजु, बदाम र किसमिस गोजीमा हालिदिन्छन्  र उसलाई हरतरहले फकाउन पछि पर्दैनन् । यस उपन्यासमा जरसाहेब, पुलिसजस्ता पात्रहरू राणाशासनका प्रतिनिधि पात्रका रूपमा आएका छन् भने बमबहादुर उनीहरूको चाकरीमा आफ्नो जीवन निर्वाह गर्ने पात्रका रूपमा उपस्थित भएर राणाकालीन समयअवस्थाको चित्रण गरेका छन् । त्यस्तै तारा र पीताम्बरजस्ता चेतनशील पात्रहरूका माध्यमबाट राणाकालीन निरंकुशतन्त्रको जरो उखेल्न कतिपय व्यक्तिहरू लागिपरेको समयको पनि चित्रण गरिएको छ । होमबहादुर र कमलको मुद्दामा बमबहादुरको कारणबाट कमलको पक्षमा जीत देखाएर तत्कालीन समयका ठूला भनाउँदा मान्छेहरूबाट अड्डा अदालतसमेत किनिने र निष्पक्ष न्याय निसाफ साधारण जनताले पाउन नसक्ने कुराको चित्रण पनि यस उपन्यासमा गरिएको छ ।

यसरी तत्कालीन समयको समाजमा प्रचलित शोषण, उत्पीडन, विकृति, विसङ्गतिहरूलाई उपन्यासमा रोचकताका साथ प्रस्तुत गरिएको छ । राणातन्त्रको महापाशमा जेलिएर उकुसमुकुस भएको त्यस युगको विसङ्गति र सङ्घर्ष, सुख र दुःख, समाज र व्यक्ति, परम्परा र त्यसको विरोध भावना र अपेक्षा, पुरानो र नयाँपन, अन्यौल र यथार्थ, विवशता र सबलता आदि विविध पक्षहरूलाई चरित्रद्वारा प्रस्तुत गरी यस उपन्यासमा वि.सं २००७ साल अघिपछिको नेपाली समाजको सूक्ष्म तथा व्यापक प्रतिनिधित्व गर्ने सफल प्रयास गरिएको छ । वि.सं २००७ साल वरिपरिको राष्ट्रियस्तरमा राणाकालीन शोषणको अवस्था, प्रजातन्त्रप्रति सङ्घर्ष र विसङ्गतिबोध र पारिवारिकस्तरमा अभिभावक वर्गको थिचोमिचो, युवापुस्ताका सङ्घर्ष र विसङ्गत नियति तथा शोषणयुक्त सामाजिक प्रवृत्ति रहेको समाजको चित्रण उपन्यासमा भएको छ । अर्को शब्दमा भन्नुपर्दा वि.सं २००७ साल यताउताका ३-४ वर्षका परिवेशको सङ्क्रमणकालीन समय हो **एक पालुवा अनेकौं** याम उपन्यासको परिवेश ।

## ३.३ वातावरण

**एक पालुवा अनेकौं याम** उपन्यासमा विभिन्न किसिमको वातावरणको प्रस्तुति पाइन्छ । मातृहीन टुहुरो बालक कमलको जीवन विसङ्गत छ । ऊ सदैव विपरीत परिस्थितिमा जेलिएको छ र उसले आफ्नो पारिवारिक र सामाजिक परिस्थितिमा सामञ्जस्य स्थापित गर्न नसकेर अनेक याम बिताएको छ । उपन्यासको सुरूदेखि अन्त्यसम्म कमल आफ्नै मनसँग सङ्घर्ष गरिरहेको छ । ऊ प्रत्येक परिच्छेदमा विगतका घटनाहरूप्रति मनमनै पछुताउँछ र व्यवहारमा चाहिँ सही बाटोको अनुसरण गर्न सक्दैन । यसरी पलायनवादी हीनताग्रन्थि र अन्योलपूर्ण मनस्थितिको बन्धनमा परेको कमल सम्पूर्ण उपन्यासमा मानसिक तनाव र आतुरतामा नै आफ्नो जीवन बिताइरहेको छ । कार्ल गुस्ताव युङ, अल्फ्रेड एडलर र सिग्मण्ड फायडको मनोविश्लेषणअनुसार कमलमा क्रमशः एनिमा तत्त्व (स्त्री तत्त्व), हीनताग्रन्थि र रतिरागात्मक भावना पाइन्छ । साथै उसमा मातृप्रणयको ग्रन्थि पनि प्रवल रूपमा भेटिन्छ । नवीनताको आग्रह तथा स्वाधीनता प्राप्तिको मोहलाई आफूमा सँगालेकी तारा निश्चल, स्पष्टवक्ता, आत्मविश्वासी र संयमित छ । ताराको मन भित्रभित्रै सल्बलाइरहेको छ । नारी वर्गलाई जड बनाउने परम्परालाई खल्बल्याई नारी क्रान्तिकारीको रूपमा उभिएको देख्न चाहने इब्सेनवादलाई ताराको माध्यमबाट उपन्यासकारले देखाएका छन् । तारामा

कार्ल युङ्को मनोविश्लेषणअनुसार एनिमस (पुरुष तत्त्व) विद्यमान छ । आफ्नो बाबुको मृत्युपछि बाध्यता र विवशतावश नरेन्द्रको स्वास्नी बन्न पुगेकी कल्पनाको आफ्नै मनोद्वन्द्व छ । कल्पनाले मृत बाबुलाई सपनामा देख्नु र नरेन्द्रलाई व्यवहारिक रूपमा पति स्वीकार नगर्नुले उनमा पितृरतिग्रन्थि र स्वपीडन रति विद्यमान देखिन्छ । राजेश्वरी बिहे गर्न नपाएकोमा मुद्दा दिनु, प्रतिशोधको भावनाले आफ्नै छोरा कमललाई अर्काको पेट बोकेकी लिचुमैयाँसँग बिवाह गरिदिनुजस्ता घटना घटाउने नरेन्द्र मनोवैज्ञानिक रूपमै परम्परित संस्कारबाट ग्रसित देखिन्छ ।

यस उपन्यासको सुरूवातमै अध्ययनको सिलसिलामा जेठाबाजेको घरमा बसेको कमलमा जेठाबाजेको डर र त्रास प्रशस्त देखिन्छ । ऊ पाठ्यक्रमबाहिरका रुमानी भावका उपन्यासहरू पढ्ने गर्दछ भने जेठाबाजेको उपस्थितिमा पढेको स्वाङ् रच्दै पाठ घोकेझैं गर्दछ । स्कूलमा तल्लो कक्षाको विद्यार्थी हुन लाज लाग्दो भएकाले मोटो गाता भएको किताब बोक्ने गर्दछ जसले उसलाई उपल्लो दर्जाको भनेर चिनाओस् । यसै सिलसिलामा कमलकी आमाको मृत्युको घटनालाई देखाउनको लागि अन्धकारयुक्त, मौन र शून्य वातावरणको चित्रण गरेर दुःखद घटनालाई देखाइएको छ । कमल र नरेन्द्रबहादुर सहरकी ठूलीआमाकहाँ रहँदा उनीहरूबीचका घरव्यवहारका व्यवहारिक कुरा, नरेन्द्रको पत्नी वियोगको मानसिकता र अर्को  बिहे गर्ने प्रसङ्गमा छोरासँग कुरा गर्दा अँध्यारो र शून्य वातावरणको चित्रण गरिएको छ । रामलखन पटुवारीको नीच, दुष्ट प्रवृत्ति र उसको कालो मनलाई देखाउनको लागि उसको रूपरङ्ग पनि सेतो धोती र कुर्ता लगाई हिँड्ने रातझैं अँध्यारो भनी चित्रण गरिएको छ । चैनपुरमा कमल रतनमामासँगको साथमा खेल्दा, हिँड्दा र डुल्दामा रमाइरहेको अवस्था र भित्री मनमा बाबुप्रतिको डर र त्रासलाई दर्शाउन चैनपुरको वातावरणको चित्रण यसरी गरिएको छ :

"साँझ ओर्लिसकेको छ । गाउँका फूसका छाना छानामा, आँगन आँगनमा बाग बगैंचा र खेतका सपाट छातीमा । हावा चालमारेर उसलाई छुँदै........................(पृ.३२) ।

जेठकी मालकिनीको घरका सम्पूर्ण सामानहरू चोरी भएपछि कमलको उदास मनस्थितिको देखाउनको लागि चैनपुरको वातावरण र बगैंचाको उराठ र नियास्रो वातावरणको चित्रण गरिएको छ । साथै चोरीको उदासीन दृश्यलाई देखाउनको लागि त्यसभन्दा अगाडि लैलामजनूका नाटकका रमाइला दृश्यहरूका साथै कमलमा चढ्दै गएको जवानीसँगै उसमा उत्पन्न भएका रङ्गिन भावनाहरूलाई र गाउँले ठिटीहरूसँगको रसङ्गको रमाइलो वातावरणलाई देखाइएको छ । चैनपुरबाट वीरगञ्जतर्फ लागेको कमलको लिचुमैयाँसँग भेट हुन्छ र उनीहरूबीच एकआपसमा प्रेमसम्बन्ध रहन्छ । यसअवस्थामा लिचुमैयाँ र कमलको प्रेमसम्बन्धलाई  देखाउनको लागि सुन्दर लहरे गुलाबको झ्याङ्को चित्रण गरिएको छ । कमलले लिचुलाई प्रेमपत्र लेख्दा वा प्रेम व्यक्त गर्दा रातको निस्तब्धता, टहटह जून लागिरहेको, आकाशमा ताराहरू चम्किरहेको बखत पोखरीको पानीमा खुट्टा चलाउँदै गरेको वातावरणको प्रस्तुतिबाट उसको मन र चेतनालाई चित्रण गरिएको छ । तारालाई क्रान्तिकारी र विद्रोही नारीको रूपमा चित्रण गर्नका लागि उनको जीवनमा सानैमा बिहे, बिहेपछि कुम्भमेलाको वातावरणमा परिवारबाट विछोडिई हिँडिरहेको बेलामा दुईजना बाबाजीहरूले परिवारको बीचमा पुऱ्याइदिन्छौं भनेर टाढा एकान्त जङ्गलमा लगी शरीरका सारा गहना एक एक गरेर फुकालेर लगेको र उनलाई त्यहीँ छाडिएको दयनीय अवस्थाको चित्रण

गरिएको छ । कमल र ताराको विराटनगरमा भेट हुन्छ साथै कमल अध्ययनलाई निरन्तरता दिने हेतुले विराटनगरमै पढ्न पाठकनी बुढियाको घरमा बस्छ । यसैक्रममा ताराको कमलप्रतिको प्रेम आसक्तिलाई देखाउन विराटनगरको सुनसान एकान्त स्थान, गोधूली साँझ, खोलाको किनारमा हरियो दुबोमाथि पल्टेर निलो आकाशतिर हेरेर पल्टिरहेको वातावरणको प्रस्तुति गरिएको छ । गौरीगञ्जमा कमल कामद गइरहेको बेलामा बाबु नरेन्द्र र च्यान्टी मिलेर कल्पनामाथि बलात्कारको प्रयास गरिरहेको अवस्थामा चुरोट बिर्सिएकाले ऊ बाटोबाट फर्केर आउँछ । यसअवस्थामा त्यो भयावह दृश्यले उसको हात कामेको र खुट्टा लगलगाएको साथै उसलाई शिथिल भएको अनुभव हुन्छ । यस्तो भयावह दृश्यलाई देखाउनको लागि रात्रीकालीन वातावरण यसमा प्रस्तुत गरिएको छ । बलात्कारको शिकार भएकी कल्पनाको ज्वरोग्रस्त अवस्थालाई देखाउन कमलको माध्यमबाट यस्तो किसिमको वातावरणको प्रतिपादन गरिएको छ :

"त्यो स्वाङ्गी दुर्गन्ध फाँसीको फन्दा हुऱ्याउँदै उसलाई आफ्नो पछि लागेझैं अनुभव हुन थाल्छ । फाँसी !.................................................................(पृ.२२९-२३०) ।

छब्बीसौं परिच्छेदमा कमल र कल्पना मिलेर घरका कोठाहरूको सरसफाई गर्ने क्रममा रमाइलो वातावरण, बिहेका कुरा, नयाँ दुलही (कमलकी हुनेवाला दुलही) कस्ती आउने हुन् भन्ने तथा कान्छीआमा कल्पनालाई अर्को बिहे गर्न सल्लाह दिँदै रमाइलो वातावरण सिर्जना भइरहेको बेलामा उसको बा नरेन्द्रबहादुर घरमा फर्केकाले सबै कुरा सुन्नाका साथै छोरालाई कान्छीआमाप्रति आशय करणी गरेको आरोप लगाउँछन् । कमललाई लिएर नरेन्द्रबहादुर गौरिया खोलातर्फ हिँडेपछि अब बाबुले के गर्ने हुन् भन्ने स्थितिमा कमलले आफूलाई एउटा चुँडिएको मालाको दानाझैं अनुभव गर्न थाल्छ । मौनता, भय र आतङ्कयुक्त मानसिक वातावरणको सिर्जना गरिएको छ । नरेन्द्रबहादुरले कमलको लप्टन बमबहादुरकी छोरी लिचुमैयाँसँग बिवाह गरिदिएर काठमाडौँको नयाँ घरमा राख्छन् । बिहे भएको तीन महिना पनि नपुग्दै अर्काको पेट बोकेर छोरा जन्माएकी लिचुको दयनीय अवस्थाको चित्रणका साथै उसलाई घरबाट निकाल्न छिमेकीहरू लागिपरेको अवस्थालाई प्रस्तुत गर्न मानिसहरूको खिसी र हाँसोयुक्त वातावरणको सिर्जना गरिएको छ । उपन्यासको अन्त्यमा लिचुमैयाँको आत्महत्यालाई देखाउन कमल दसैंमा टीका थाप्न ससुराली नगएर विरक्तिएर हिँडेको, शून्य तथा उराठतापूर्ण वातावरणको चित्रण गरिएको छ ।

यसरी **एक पालुवा अनेकौं याम** उपन्यासमा विभिन्न पात्रहरूका माध्यमबाट विविध किसिमको वातावरणको सिर्जना गरिएको छ । जसबाट उपन्यास स्वाभाविक बन्न पुगेको छ ।

## ३.४ निष्कर्ष

**एक पालुवा अनेकौं याम** उपन्यासले वि.सं २००७ सालपूर्व र त्यसपछिको नेपालको इतिहास, संस्कृति, पर्यावरणमा मौलाएका अनेकौं विकृतिहरूलाई आफ्नो केन्द्रविन्दु बनाएको छ । जसले विशाल जीवनको बृहत् परिवेशलाई आफूमा आत्मसात् गरेर कुनै एउटा युगकै प्रतिनिधित्व गरेको छ । बयालीस परिच्छेदमा वितरित प्रस्तुत उपन्यासमा स्थानगत आधारमा काठमाडौं, वीरगञ्ज, झापा, विराटनगर, बाराजस्ता मञ्चीय र रक्सौल तथा भारतका विभिन्न स्थानहरू नेपथ्यीय परिवेशमा आएका छन् । प्रस्तुत उपन्यासमा सामाजिक, राजनैतिक, आर्थिक, धार्मिक, प्राकृतिक परिवेशको पनि चित्रण भएको छ । यसले नायक कमललाई केन्द्रमा

राखेर जीवनको ठूलो घेरा वा परिवेशलाई ओगटेको छ । जेठकी मालकिनीको प्रसङ्ग, ताराको परम्परा विरोध र सङ्घर्ष, कल्पनाको विदारक सन्दर्भ, लिचुमैयाँको प्रेमिका एवं पतीत रूप, नरेन्द्रबहादुरको छद्म चरित्र, रामलखनको वासनात्मक अनुहारजस्ता विभिन्न याम परिवेशका रूपमा आएका छन् । जसलाई कमलले उपन्यासमा प्रत्यक्ष भोगेको छ । यिनै अनेक यामकाबीचमा कमललाई हुर्काएर उपन्यासकारले व्यापक परिवेशमा यस उपन्यासको संरचना तयार पारेका छन् ।

## परिच्छेद-चार

# उपन्यासका विभिन्न तत्त्वसँग एक पालुवा अनेकौं याम उपन्यासमा प्रस्तुत परिवेशको अन्तर्सम्बन्ध

## ४.१ स्थान

स्थान परिवेशअन्तर्गत पर्ने एक तत्त्व हो । उपन्यासमा घटनाहरू घट्ने ठाउँ वा आधार नै स्थान हो । स्थानका माध्यमबाट नै कथानक तथा चरित्रहरू गतिशील हुने अवसर पाउँछन् । उपन्याससंरचना प्रक्रियामा स्थान र उपन्यासका अन्य तत्त्वहरूबीचको सम्बन्धका माध्यमबाट उपन्यासले मूर्त र स्वाभाविक रूप प्राप्त गर्दछ । **एक पालुवा अनेकौं याम उपन्यास**मा प्रस्तुत भएको स्थान र अन्य तत्त्वहरूबीचको सम्बन्धलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### ४.१.१ स्थान र कथानकको सम्बन्ध

कथानक उपन्यासको कथानक उपन्यासको प्रमुख तत्त्व हो । उपन्यास निर्माण गर्ने प्राथमिक तत्त्वको कार्य कथानकले गर्दछ । कथानकको निर्माण सामान्य वा जटिल घटनाहरूको संयोजनबाट हुन्छ (प्रधान, २०६१:७) । यी घटनाहरू कार्यकारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन् (बराल र एटम, २०५८:२२) । ती घटनाहरू परस्परमा शृङ्खलायुक्त भई घटित हुनुपर्दछ । यसको निर्माण जीवनको आत्मसात् गरिरहेका वस्तु र घटनाहरूलाई जोरजाम गर्ने प्रक्रियाबाट हुन्छ । पूरा इतिहास, इतिहास र समाजका संस्कृति कला र विज्ञानका, मान्छेका अन्त:संरचना र बाह्य प्रकृतिका पक्षहरूलाई आवश्यकताअनुसार अथवा उपन्यासको उद्देश्यअनुसार प्रस्तुत गर्ने क्रियाबाट उपन्यासको निर्माण हुन्छ (सुवेदी, २०६४:१७) ।

**एक पालुवा अनेकौं याम** नेपालको इतिहास, संस्कृति र पर्यावरणमा उब्जिएका अनेक परम्परित विकृतिहरूलाई केन्द्रविन्दु बनाएर लेखिएको उपन्यास हो । प्रस्तुत उपन्यासले वि.सं २००७ सालअघि र त्यसको वरिपरिको सामाजिक, आर्थिक र राजनैतिक परिवेश, पुराना पुस्ता र नयाँ पुस्ताबीचको द्वन्द्वलाई प्रस्तुत गरेको छ । सामाजिक वा पारिवारिक बिडम्वना, बिस्तारै विकास भएको राजनैतिक चेतना, शोषणयुक्त समाज, पुरानो पुस्ता र नयाँ पुस्ताबीचको द्वन्द्वलाई यस उपन्यासमा चित्रण गरिएको छ । राणाकालीन समयको सामन्ती संस्कार, शोषण, उत्पीडन र त्यसका विरुद्ध विद्रोह गर्ने वर्गको जन्म नभइ सकेको अवस्थाको चित्रण यसमा गरिएको छ । समाजमा विद्यमान बिहावारी, लेनदेन, छुवाछुत, शिक्षादीक्षा, चेतना जागरण आदि पक्षहरूलाई यस उपन्यासमा चित्रण गरिएको छ । विशाल आयाममा निर्माण भएको यस उपन्यासले समाजका जमिनदार, मुखिया, सुब्बा, मालिक्याइँजस्ता पक्षहरूलाई वर्गीय उच्चताका हतियार, शोषण र उत्पीडनको रक्षाकवच बनाएर उभ्याइएको छ । यस उपन्यासको कथानक काठमाडौंदेखि मकवानपुर हुँदै पूर्वी तराईको ग्रामीण समुदायको विशेष रहनसहन, वीरगञ्ज, झापा, विराटनगरसम्म फैलिएको छ । विविध मानिसहरू र तिनका संस्कारलाई उपन्यासमा चित्रित गराइएको छ । उपन्यासको उद्देश्यअनुरूप यसलाई गति दिनको लागि यसको कथानकमा विभिन्न स्थानहरूको चित्रण गरिएको छ । स्थानको स्वाभाविक चित्रणको माध्यमबाट उपन्यासको कथानकले गति प्राप्त गरेको देखिन्छ । कथानक र स्थान एकअर्काका परिपूरक भएर उपन्यासमा

प्रस्तुत भएका हुन्छन् किनभने स्थान भनेको घटनाहरू घट्ने र कथानकको विकास पनि यसकै माध्यमबाट हुने गर्दछ । एक पालुवा अनेकौं याम उपन्यासको कथानकमा घटित घटना पनि विभिन्न स्थानसँग सम्बद्ध भएर स्वाभाविक रूपमा प्रकट भएको छ । यदि कथानक र स्थानलाई एकअर्काका पूरक ठान्ने हो भने कथानककै विकासमा गति प्रदान गर्ने स्थानलाई निम्नलिखित तालिकाका आधारमा उपन्यासको परिच्छेदगत कथासार उतार गरी त्यसमा प्रकट भएको स्थानलाई क्रमबद्ध रूपमा प्रस्तुत गरेर हेर्न सकिन्छ :

**४.१.१.१ तालिकाका आधारमा एक पालुवा अनेकौं याम उपन्यासको परिच्छेदगत घटनाक्रम र त्यससँग सम्बद्ध स्थान**

| क. सं | परिच्छेद क्रम | घटनाक्रम | स्थान |
| --- | --- | --- | --- |
| १ | १ | कमल काठमाडौंस्थित जेठाबाजेको घरमा बसेर पढिरहेको अवस्थामा उसको आमाको देहावसान भएपछि एकदिन रिफेलले कुलदेवताको प्रसाद भनेर मध्यरातमा खान ल्याइदिंदा त्यो खान द्विविधामा पर्नु र बाबुको जागिरसँगै ठाउँ परिवर्तन भएकोले उसको पढाइमा निरन्तरता टुट्नु । | काठमाडौंस्थित जेठाबाजे (नातामा भानिज दाइ पर्ने ) को घरको वातावरण |
| २ | २ | मातृवियोगले सताएको कमल पीडाको भूमरीमा पर्नु, उसका दुई भाइलाई शहरकी सन्तानविहीन ठूलीआमाले हेरविचार गर्नु, उसका बाबु नरेन्द्रबहादुरलाई फेरि बिहे गर्ने इच्छा हुनु, जेठी सासूको सल्लाहअनुसार च्यान्टीभन्दा राजेश्वरी बिहेको लागि उपयुक्त ठानिनु, उसले कमललाई भीष्मजस्तै बाबुको आज्ञा पालन गर्न आदेश दिनु । | काठमाडौं सहरमा बस्ने कमलकी ठूली आमाको घरको परिवेश |
| ३ | ३ | चैनपुरकी जेठकी मालकिनीको घरमा कमल र उसका बाबु राजेश्वरीसँगको बिहेको कुरा लिएर आइपुग्नु, नाताले उनी कमलकी माइजू पर्नु, त्यहाँ उनको नोकर रामलखन पटुवारीले राजेश्वरीलाई बिहे गर्न राजी बनाउनका लागि मोहनी लगाउने कुरा गर्नु, रामलखन जेठकी मालकिनीसँग आकर्षित हुनु, उसको भित्री मनमा जेठकी मालकिनीको स्वरूप खिचिएको हुनु । | बारा जिल्लामा रहेको चैनपुर भन्ने ठाउँमा जेठकी मालकिनीको घर र त्यस वरपरको स्थानको चित्रण गरिएको छ । |
| ४ | ४ | नरेन्द्रबहादुरको राजेश्वरीसँग बिहे गर्ने योजना सफल नहुनु, राजेश्वरीलाई मोहनी लगाउने पेडा खुवाउँदा पनि त्यसको असर नपर्नु, राजेश्वरीसँग नरेन्द्रको बिहे गर्ने कुरा राजेश्वरी तथा उनको परिवारले स्वीकार नगर्नु । | ” |

| | | | |
|---|---|---|---|
| ५ | ५ | नरेन्द्रले बिहे गरेको एकवर्षपछि पुनः राजेश्वरीसँग बिहेको प्रसङ्ग चलाएको, यसपटक पनि मकवानपुरेले छोरी दिन अस्वीकार गरेपछि उसले राजेश्वरीलाई स्वास्नी राखेको छु भनी अदालतमा मुद्दा दिनु र मुद्दाको वारेस कमललाई बनाउनु, नरेन्द्रबहादुर झापाको गौरीगञ्जमा गई च्यान्टीसँग बिहे गरेर बस्नु, खरिदार नरेन्द्रबहादुरले कमलको कुनैपनि कुराको वास्ता नगर्नु, समय पाएको बेला कमलले रामलखनबाट तिलस्मी, जासुसी उपन्यासहरू ल्याएर पढ्नु । | " |
| ६ | ६ | कमल वीरगञ्जबाट मुद्दाको तारेख बुझेर चैनपुर जेठकी मालकिनीको घरमा फर्किदा घरमा चोरी हुनु, चोरी कसले गऱ्यो थाहा नहुनु, दिक्क भएर कमल उसले सबभन्दा नजिक ठानेको रामलखनको घरतिर जानु, त्यहाँ रामायणको भजन गाइरहेको हुनाले केही भन्न नसक्नु, प्रसाद खाएपछि उसले कठ्याङ्ग्रिएको रात परालको कुन्युमा बिताउनु । | " |
| ७ | ७ | जेठकी मालकिनी आफ्नो घरको सामानहरू चोरी भएको थाहा पाएर चैनपुर फर्कनु, कमल निराश भएर बसेको देखेर शिर निहुराउन हुन्न, केही नभएकोजस्तै गर्नुपर्छ, आत्तिनु हुँदैन भन्ने कुराको आड दिनु, उसलाई आफ्नै छोरालाईजस्तै माया दिनु, सबै कुराको बन्दोबस्त मिलाउनतिर लाग्नु, उनीसँग हीराको औंठीबाहेक केही नहुनु, यथार्थमा रामलखनले जेठकी मालकिनीको इज्जत लुट्नु, त्यो दृश्य कमलले आफ्नै आँखाले देख्नु, त्यसपछि केही गर्न नसकी त्यहाँबाट हिँड्नु । | " |
| ८ | ८ | चैनपुरबाट निराश भएर कमल वीरगञ्जमा जेठाबा सुब्बा होमबहादुरको भान्से भएर बस्न पुग्नु, लिचुमैयाँसँग प्रेम हुनु, लप्टन बमबहादुरको परिवार र कमलको परिवारको सम्बन्ध पहिल्यैबाट परिचित भएकोले कमल त्यो परिवारसँग सजिलै नजिक हुन पुग्नु । | वीरगञ्जको परिवेश उपन्यासमा आएको छ । खासगरी बमबहादुरको घर र होमबहादुरको घरका दृश्यहरूको प्रस्तुति पाइन्छ । |
| ९ | ९ | बाबुको डरैडरमा दुईवर्षदेखि बोकेको मुद्दा जेठाबाको अनुरोधमा कमलले छोडिदिनु, कमलले आफ्नो बाबुलाई लेखेर पठाएको चिठीको कुनै जवाफ नआउनु, उसको बारेमा धेरै लामोसमयसम्म पनि केही वास्ता नगर्दा दुःखी हुनु, लिचुसँगको भेटले भावुक | " |

| | | | |
|---|---|---|---|
| | | बनेको कमललाई समय काट्न सजिलो हुनु । | |
| १० | १० | लप्टन्नी सुत्केरी भएर कुना पसेको बेला कमलले लिचुलाई विभिन्न प्रेमका कथाहरू सुनाउन थाल्नु, लिचुसँग जिस्कँदै जाँदा उसले लगाउने रातो टीकाको बट्टा हातमा लिएर भर्खरै बनाएको सिउँदोमा छर्किदिनु, लिचुको सिउँदोमा त्यो सिन्दुरको टाटै टाटा भएर फैलिनु, उसले जेठकी मालकिनीको घटना सम्भिन्न पुग्नु, लिचु र कमल एकआपसमा धेरै नजिक भएकोले कमलले चिठी लेख्न पुग्नु, कमलको चिठी लिचुले पाएपछि भावविभोर भएर पढ्दै जाँदा त्यहीँ निदाउनु, त्यो चिठी लिचुको बाबुले फेला पार्नु, उनलाई कडा अनुशासनमा राखिनु, उसलाई त्यो चिठीको जवाफमा भेटघाट हुन नसक्ने कुरा लेख्नु, प्रेमबाट पलायित भई कमलले चिठी धुजा धुजा पारेर च्यातिदिनु । | वीरगञ्जको लिचुमैयाँको घरको परिवेश साथै होमबहादुरको घरको चित्रण |
| ११ | ११ | अपमान र लाञ्छनाबाट आत्मरक्षा गर्ने हेतुले वीरगञ्जबाट भागेर कमल विराटनगर आइपुग्नु, भाग्दाका दुःखहरूसँगै उसको मानसपटलमा जेठकी मालकिनीको घटनाको सम्भनाले किचिनु, आफू डरपोक, कायर, स्वार्थी भएकोमा दिक्क बन्न पुग्नु, उसको जाने ठाउँ कतै फेला नपर्नु, रातभर भोकै माइको थानमा बस्नु, सोच्दासोच्दै गौरीगञ्ज बाबुको घर जाने निर्णय बदल्नु, कान्छीआमा च्यान्टीको साख्खे बज्यै पाठकनी बुढियाको घरतिर लाग्नु । | वीरगञ्जबाट भागेको कमल जोगवनी रेलवेस्टेसन आई रेलमार्फत विराटनगर जानेक्रममा माइको मन्दिर, फाँट तथा त्यस वरपरको स्थानीय वातावरणको चित्रण गरिएको छ । |
| १२ | १२ | पाठकनी बुढियाको घर पुग्दा चारवर्षसम्म भेट नभएको बाबुसँग भेट हुनु, तारा र नरेन्द्रबीच धर्म, संस्कृति, भाग्य, नयाँ जमाना र पुराना जमानाका कुराहरूमाथि गफ चलिरहेको हुनु, एउटी अविवाहिता नारीले स्वतन्त्रताका कुराहरू निर्धक्कसँग गरेको देखेर तीनछक्क पर्नु, भाग्यको सन्दर्भ चल्दा दस वर्षकी हुँदा भपक्कै गहना लगाएर कुम्भमेला भर्न जाँदा जोगीको भेष धारण गरेका डाँकाहरूले ताराको सबै गहना लुटी रुखमा बाँधेर छोडिदिनु, आर्य | विराटनगर पाठकनी बुढियाको घरको परिवेशका साथै नेपथ्यमा भारतको मुजफ्फरपुर, कटिहारजस्ता स्थानहरू आएका |

| | | | |
|---|---|---|---|
| | | समाजी प्रोफेसरले ताराको ठेगाना पत्ता लगाउन नसकेर आफैले लिएर जानु, तारा छ वर्षसम्म मरेको बाँचेको कसैले थाहा नपाउनु, पछि थाहा पाएर परिवारले स्वीकार नगर्नु, तारा सत्याग्रही बन्न पुग्नु । | छन् । |
| १३ | १३ | नाताले माइजूकी बहिनी पर्ने ताराले कमलको पढाइ फेरि सुरू गर्नुपर्ने कुरा नरेन्द्रबहादुरको अगाडि राख्नु, हिन्दू संस्कृतिमाथि व्यापक चर्चा हुनु, राजेश्वरीमाथि दायर गरिएको मुद्दाको तारेख गुजारिदिएकोमा कमलले नरेन्द्रबहादुरको गाली खानु, त्यसैबेला कमलले जेठकी मालकिनीमाथि घटेका सारा घटनाहरू सुनाउँदा उसको बाबुले त्यस घटनाको केही वास्ता नगर्नु, नरेन्द्रबहादुरको स्वास्नीमान्छेहरूप्रतिको नराम्रो धारणाको विरोध गर्दै ताराले कमलको पक्ष लिनु । | विराटनगर पाठकनी बुढियाको घरको वातावरण |
| १४ | १४ | कमलले ताराको घरमा बसेर पढ्न सुरू गर्नु, उसको बीसवर्षे स्कूले जीवनको असजिलोपनलाई उनकै कवि व्यक्तित्वले ढाकिदिनु, ऊ ताराको व्यक्तित्व देखेर प्रभावित बन्नु, ताराले उसलाई जीवनमा भएका प्रत्येक क्षण महत्त्वपूर्ण हुने र त्यसलाई सही ढङ्गमा प्रयोग गर्न सक्नुपर्ने कुरा भन्नु, कमलभित्र लुकेको प्रतिभालाई चिन्न तारा सफल हुनु, तारा कमलकी माइजूकी बहिनी भएकीले कमलले उनलाई माइजू भनेर सम्बोधन गर्दा कमलले उनलाई माइजू भनेको मन नपर्नु, आफ्नो प्रेमको भाव व्यक्त गर्नु, कमलले त्यो कुरालाई सहजै स्वीकार गर्न नसकेको देखेर ताराले लोग्नेमान्छे र स्वास्नीमान्छे समान हुनुपर्ने धारणा व्यक्त गर्नु, कमल स्कूलबाट फर्केपछि साँझपख विराटनगर वरपरको वातावरणमा कमल र तारा घुम्न निस्कनु । | विराटनगर पाठकनी बुढियाको घरको वातावरणका साथै विराटनगरको स्थानीय वातावरण उपन्यासमा आएको छ । |
| १५ | १५ | कमल यथार्थदेखि आफैसँग भागेकोले भित्रभित्रै पिल्सिन थाल्नु, जेठकी मालकिनीको दुःखद घटनालाई केही गर्न नसक्नु, तीन वर्षसम्म लडेको मुद्दा जेठाबाको भनाइमा लागेर छाड्नु, वीरगञ्जबाट लप्टन बमबहादुरलाई शत्रु ठानेर भाग्नु, लिचुलाई बिर्सिन नसक्नु, ताराले उसको कविता लेखनशैली मन पराउनु, राणाकालीन अवस्थाले जनताहरूले धेरै दुःख पाएका, देशमा शान्ति सुरक्षा नभएको, मानिसहरू धेरै समातिएर जेल परेका अवस्थामा ताराको कान्तिकारी व्यक्तित्व बाहिर आउनु, तारा | पाठकनी बुढियाको घर विराटनगरको परिवेशका साथै कमलको कोठा, पीताम्बरको घर वरपर, करेसाबारी, मध्यरातमा तारा भाग्न थालेको |

| | | | |
|---|---|---|---|
| | | भूमिगत जाँदा कमलले उनलाई राति जोगवनीसम्म पुऱ्याउन जानु । | अवस्थामा खेतका आलीबाट निस्कनु साथै जोगवनी रेल स्टेसनको चित्रण गरिएको छ । |
| १६ | १६ | कमलसँग छुट्टिनुअगाडि ताराले उसलाई स्नेहको म्वाइँ खाँदै तिरहुतेका देहातीहरूले वनदेवतालाई जसरी बाँधेका थिए त्यसैगरी उनले कमललाई बाँध्न चाहनु, तारालाई जन्मभूमि छोडेर भूमिगत जानुपर्ने बाध्यता भए पनि उनले दिएको स्नेह कमलले सधैं बचाएर राख्नु, कमल तारालाई बिदाइ गरेर फर्कदा तिरहुते जातिका मानिसहरू र किसानहरूका अवस्थासँगै भिज्न पुग्नु, उसको मस्तिष्कमा देश विदेशका घटनाहरू चित्रजस्तै भएर उत्रिन थाल्नु । | विराटनगरका साथै गौरीगञ्ज जान निस्केको कमलको यात्रासँगै नूनाहा, बकाहा, रतुवा, गौरिया खोला , हाटखोला आदि स्थानहरू आएका छन् । |
| १७ | १७ | कमल विराटनगरबाट बाबुको घर गौरीगञ्ज पुग्नु, बाबुले त्यहाँ धानको व्यापार गर्नु, घर आइपुग्दा आफ्नी आमा नभएकोमा दुःखी बन्नु, घरअगाडि आँगनमा राम्रो फूलको बगैंचा देखेर छक्क पर्नु, कल्पनाको परिचय कान्छीआमाको रूपमा पाउँदा जिल्ल पर्नु, कल्पना र उसको बाबुको उमेरमा अन्तर देखेर कमलले कल्पनालाई कान्छीआमाको रूपमा स्वीकार गर्न नसक्नु, आफ्नो बाबुको कमजोर चरित्रले ऊ साह्रै दुःखी बन्नु । | गौरीगञ्जमा नरेन्द्रबहादुरको घर र त्यस वरपरको वातावरण |
| १८ | १८ | खरिदार नरेन्द्रबहादुरले कल्पनामाथि गरेको अन्याय देखेर कमलले आफ्नो बाबुलाई भित्रभित्रै घृणा गर्न थाल्नु, पुरुषजातिले मात्र बहुविवाह गर्ने परम्परालाई तोड्ने चाहाना भएर पनि कमलले तोड्न नसक्नु, एकातिर उसको बाबुले हरेक दिन कालीलाई सम्झेर दुर्गावाचन गर्नु अर्कोतिर मानिसलाई दिएको दुःख स्वास्नीमान्छेप्रतिको लोलुपता निकै घिनलाग्दो देखिनु, उसका बाबुका यी दुई किसिमका चारित्रिक स्वरूप देख्दा पनि कमलले त्यसको विरोध गर्न नसक्नु । | गौरीगञ्जको स्थानीय गाउँ, हाटखोला, गौरिया खोला, कालीथान जस्ता स्थानहरू आएका छन् । |
| १९ | १९ | कल्पना आफ्नो सुशिल र मित्रवत् व्यवहारले कमलको हृदय जित्न सफल हुनु, कमलका बाबुले कल्पनालाई किन बिहे गरेको भन्ने कुरा स्पष्ट पार्नु, बाबुले च्यान्टीसँग बिहे गरेको कुरा | गौरीगञ्ज |

| | | | |
|---|---|---|---|
| | | कमललाई चित्त बुझ्नु तर कल्पनालाई बिहे गरेको कुरासँग चित्त बुझाउन नसक्नु, च्यान्टीले नरेन्द्रबहादुरलाई सताएकी र कल्पनाले पनि उसलाई पतिको रूपमा नस्वीकार्दा ऊ गृहस्थीदेखि दिक्क बन्न पुग्नु, कल्पनालाई कमलले सौतेनी आमाको दृष्टिले नहेर्नु, कल्पनालाई पनि कमलले कान्छीआमा भनेको मन नपर्नु । | नरेन्द्रबहादुरको घरको वातावरण |
| २० | २० | कल्पना र कमलबीचको व्यवहार निश्छल भएकै कारणले उनीहरूको सम्बन्ध नजिक बन्न पुग्नु, आफ्नो बाबुको दुश्चरित्रको कारणले उसले राधाकृष्णको बाको सङ्लो चरित्रसँग आफ्नै बाबुको चरित्र दाँज्नु, कल्पनामाथि झुटा आरोपहरू थोपर्दै नरेन्द्रबहादुरले उनलाई बेस्सेको संज्ञा दिनु, कल्पनालाई तीन हजारमा किनेर ल्याएको रहस्य पनि खोलिदिनु, आफ्नै बाबुको कल्पनाप्रतिको त्यस किसिमको व्यवहारले कमलमा सहानुभूति जाग्नु । | " |
| २१ | २१ | बाबुको आज्ञा पालन गर्न कमलले कल्पनाको चियो गर्न थाल्नु, कल्पनाको पवित्र व्यवहारले उनीमाथि थोपरिएको लाञ्छनाहरू झुटा हुन् भन्ने कुरमा पूरा विश्वाश हुनु, नरेन्द्रबहादुरले कल्पनालाई बेस्सेको संज्ञा दिएकोमा उसलाई दुःख लाग्नु, डाक्टर दासको आवतजावतले नरेन्द्रलाई शङ्का लाग्नु, कमलले डाक्टरदासको बारेमा कल्पनासँग सोध्नु, कल्पनालाई कमलले बगैंचाको फूलजस्तै निर्मल देख्नु । | " |
| २२ | २२ | आफ्नो मनको व्याथा पोख्ने कल्पनाको सच्चा साथीको रूपमा कमल भेटिनु, उनले आफ्नो मृत बालाई साह्रै माया गर्थिन् बाको बारेमा कमललाई सबै कुरा बताउनु, नरेन्द्रको कुनै पनि कुरामा उनलाई चासो नहुनु, पैसा दिँदा पनि पैसाप्रति घृणा देखाउनु, मन दुःखी हुँदा उनले प्रायजसो सपनामा मृत बालाई नै देख्नु । | " |
| २३ | २३ | कमल आफ्ना बाबुको काम सम्हालेर कामदीया भएर बस्नु, पाठकनी बुढियाले विराटनगरको स्कूलबाट नाम काटिएको कुरा चिठीमा लेखेर पठाउनु, कमलले पढ्नुभन्दा खेतीको बारेमा हेर्नुपर्ने धारणा नरेन्द्रबहादुरको हुनु, ऊ कामदीया भएको नाताले हरेक कुरामा इन्साफ खोज्नु, गंगा नुनिया बदमास हो भनेर उसले थाहा पाउँदा पनि उसले केही कार्वाही नगर्नु, एकरात उसले आफ्नै घरमा बाबु र च्यान्टी मिलेर कल्पनालाई नाङ्गी बनाएर | " |

| | | | |
|---|---|---|---|
| | | गरेको अन्याय अत्याचार हेर्न विवश हुनु, नाङ्गो सत्यको विरोध गर्न नसक्नु, आफूले जति नै यातना खानु परेपनि कल्पनाले नरेन्द्रलाई कुनैपनि अवस्थामा स्वीकार नगर्नु । | |
| २४ | २४ | कल्पनाको स्थिर मनःस्थिति र अदम्य साहस देखेर नरेन्द्रबहादुरले हार खानु, कल्पनाको त्यस किसिमको साहसले नरेन्द्रको भित्री आँखा खुल्नु, नरेन्द्र र च्यान्टीको यातनापछि ज्वरोले ग्रस्त कल्पना भएको ठाउँमा कमल पुग्नु, कमलको मानवीय स्नेह कल्पनाले पाउनु, पीडाले ग्रसित कल्पनाप्रति च्यान्टी र नरेन्द्रको मन नपग्लनु, उनीहरू बिहेको लागि विराटनगरतिर लाग्नु । | गौरीगञ्ज नरेन्द्रबहादुरको घरको वातावरण, कल्पनाको कोठा |
| २५ | २५ | कमलले कल्पनाको हेरविचार राम्रोसँग गर्नु, ताराको चिठीको जवाफमा कल्पनामाथि गुज्रिएका सम्पूर्ण कुराहरू लेख्नु, आफ्नो बाबु कति निष्ठूरी थिए भन्ने कुराको जानाकारी दिनु । | " |
| २६ | २६ | कमलको स्नेहले भरिएको व्यवहारले कल्पनाको ज्वरो निको भएपछि नरेन्द्रको कोठा दुवै मिलेर सफा गर्नु, त्यसबेला कमलले उनलाई धेरै कुराहरू सम्झाउनु, कल्पनाले आफ्नो मनले चाहेको दुलाहाको कुरा गर्नु, सपनामा उनले बाको अनुहार निराश भएको र त्यो दृश्य एकाएक कमल भएकोमा छक्क पर्दै भन्नु, कमलले कल्पनाको भित्री मर्म बुझेर आफूलाई मन नपर्ने लोग्नेसँग बस्नुभन्दा अर्कै बिहे गर्ने सल्लाह दिनु, त्यो कुरा नरेन्द्रबहादुरले सुनेकोमा कमल अत्तालिन पुग्नु । | गौरीगञ्ज नरेन्द्रबहादुरको घरको परिवेश,नरेन्द्रबहादुरको कोठा |
| २७ | २७ | आफ्नो छोरासँग कल्पनाले निर्धक्कसँग कुरा गरेकीमा नरेन्द्रलाई ईर्ष्या लाग्नु, कमल र कल्पनामाथि शङ्का गर्नु, अस्थिर मन भएको नरेन्द्रले कमललाई कहिले जीवनभर झ्यालखाना हाल्छु त कहिले बाह्र वर्षसम्म ब्रह्मचारी बन्नुपर्ने कुराहरू भन्न पुग्नु, आफूभित्र उर्लेको विद्रोह कमलले नरेन्द्रबहादुरको अगाडि देखाउन नसक्नु । | गौरीगञ्ज |
| २८ | २८ | बाबुको डरले उसले कल्पनालाई भेट्न नसक्नु, केही समयपछि नरेन्द्रले उसलाई काठमाडौंतिर लिएर जानु, लप्टन बमबहादुरकी छोरी लिचुमैयाँसँग बिहे गरिदिनु, काठमाडौंमा किनेको नयाँ घरमा छोरा बुहारीलाई राखेर आफू गौरीगञ्ज फर्किनु, आफूले प्रेम गरेकै | काठमाडौंमा नरेन्द्रले भर्खर किनेर छोराबुहारीलाई राखी |

| | | | |
|---|---|---|---|
| | | केटीसँग बिहे हुँदा ऊ दङ्ग पर्नु, उसले राम्रोसँग ऐन स्रेस्ता पढ्न थाल्नु, बिहे भएको तीन महिनामै लिचुले छोरा जन्माउनु, विश्वासघातले उसको छाती थिलोथिलो हुनु । | छाडेको घरको परिवेश । |
| २९ | २९ | लिचुले बिहे गरेको तीन महिनामा छोरा जन्माएकीले जताजतै हल्ला हुनु, पहिले लिचुलाई प्रेम गरेको कारणले उसले आत्महत्या गर्ली कि भनेर कमल डराउनु, पहिलो भेटमै उसको मादक आँखाभित्र पसेकोले उसले लिचुलाई सुम्पुवा गर्न नसक्नु, त्यतिबेला स्वास्नीमान्छेको कानून कडा हुनु, लिचुले घटाएको घटनाको वास्तविकता कमललाई स्पष्ट नपार्नु, कमलले त्यस घटनाको रहस्य थाहा पाउन नसक्दा ऊ विश्वासघातको हजारौं पीडाका टुक्रामा बजारिन पुग्नु । | काठमाडौँ कमलको घरको परिवेश |
| ३० | ३० | विश्वासघातको भुमरीमा परेर ताराले पठाएको चिठी लामो समयपछि मात्र कमलले पढ्न पुग्नु, त्यस चिठीमा कमलले उनलाई जोगवनीसम्म पुऱ्याउन आएको, छुट्टिनेबेलामा म्वाइँ खाएको सम्झना, लिचुको बारेमा ताराले उल्लेख गरेको पाउनु, उसले लिचु र उसले जन्माएको जारपुत्रको स्थिति सहन नसक्नु, उसको रीस कोठामा भएका सामानहरूमा पोखिनु, पछि ती सामानहरूलाई बटुलेर राख्नु, फेरि ताराको चिठी ध्यान दिएर पढ्न सुरू गर्नु । | ” |
| ३१ | ३१ | ताराको चिठी पढ्दै जाँदा चिठीमा उसको बाबुको चरित्रको बारेमा पनि लेख्नु, कमलको बिहे भएकोमा बधाइ दिनु, कल्पनाको बारेमा ताराले कमलको चिठीबाट थाहा पाउनु, तारा गौरीगञ्ज गएकै भोलिपल्ट उसको बाबुको षड्यन्त्रमा कल्पनालाई गंगा नुनियाको बात लगाइनु, त्यो सहन नसकेर कल्पना पागल बन्न पुग्नु, दुवैलाई झ्यालखानामा पठाउनु, ताराले कल्पनामाथि भएको अन्याय आफ्नै आँखाले देख्नु, स्वास्नीमान्छेकै रूपमा उभिएकी च्यान्टीले पनि कल्पनालाई त्यो अवस्थामा पुऱ्याउन मद्दत गर्नु, त्यो देखेर ताराको मनमा परम्पराप्रति घृणा जाग्नु । | ” |
| ३२ | ३२ | लिचुको छोरा (जारपुत्र)को रुवाइले कमललाई घृणा लाग्नु, कमलको मनःस्थिति बिग्रिएकाले सबै स्वास्नीमान्छेहरूलाई घृणाको दृष्टिले हेर्न पुग्नु, आफन्तहरूले लिचुले गरेको विश्वासघातको बारेमा प्रश्न सोध्दा उसँग कुनै जवाफ नहुनु, | ” |

| | | | |
|---|---|---|---|
| | | समाजले लिचुप्रति गरेको व्यवहार सहन नसकेर उसले लिचुकै समर्थन गर्न पुग्नु, उसले सामाजिक बिडम्बनाहरूलाई धकेलिदिन पुग्नु, कमलको उप्रतिको राम्रो व्यवहार देखेर लिचु रुन थाल्नु । | |
| ३३ | ३३ | कमल नितान्त एक्लो हुनु, विरक्तिएर पशुपतितिर जानु, उसको मनःस्थितिमा जेठकी मालकिनी र तारा उदाउन पुग्नु, लिचुको छोरा अर्कैको हो भनेर जान्दाजान्दै पनि उसको बाआमाको हार्दिक अनुरोधले न्वारन गर्न पुग्नु, लिचुको छोराको न्वारन गरेकै कारणले समाजले उसैको छोरा हो भन्ने मान्यता दिए पनि उसको हृदयले त्यो कुरा स्वीकार गर्न नसक्नु । | कमलको घर, ससुराली, पशुपति, गुह्येश्वरी आदि स्थानहरू चित्रण गरिएको छ । |
| ३४ | ३४ | कमलले लिचुको छोराको न्वारन गरिसकेकोले त्यो छोराले वंश चल्न सक्दैन भन्ने कुराको द्वन्द्वमा ऊ पर्नु, लिचुको कारणले समाजमा दिएको मान्यतालाई नाघ्दै आफ्नै जेठाबालाई पर सार्न पुग्नु, लोग्नेमान्छेले जस्तै इज्जत स्वास्नीमान्छेले पनि पाउनुपर्छ भन्ने उसको सोचाइ हुनु, जति जुक्ति निकालेपनि लिचुको छोरा कसको हो भन्ने कुरा पत्ता लगाउन नसक्नु । | काठमाडौँ |
| ३५ | ३५ | लिचुको मनमा कमलले माया गरेको छ भन्ने लाग्नु, पूजापाठ गर्दै घर, छोरा, लोग्नेको हेरविचारमा ध्यान पुऱ्याउनु, लिचुको कुनैपनि व्यवहारले कमललाई आकर्षित गर्न नसक्नु, जेठाबासँग लिचुको छोराको बारेमा मुद्दा लड्नु, आफ्नै ससुराको अड्डामा कमलले जागिर खानु, परम्परागत कुराहरूले उसलाई पछ्याइरहनु, उसले दरबारभित्रका कुराहरूमा रुचि राख्नु, दरबारबाहिर बस्ने मान्छेको जन्म मृत्यु एउटै हुन्छ भन्ने कुराको बोध हुनु, उसलाई अन्तमा जे गरे पनि घर फर्किनुपर्ने बाध्यता हुनु, फेरि लिचुको माया लाग्न थाल्नु । | काठमाडौँमा कमलको घरको वातावरणका साथै अड्डाको परिवेश |
| ३६ | ३६ | बाँचिरहँदा पनि धेरैपल्ट आत्महत्या गरिसकेको उसले अनुभव गर्नु, जेठकी मालकिनीको घटनालाई छोडेर भाग्दाको आत्महत्या, आफ्नै कान्छीआमा कल्पनालाई अर्कोसँग बिहे गर्ने सल्लाह दिँदाको आत्महत्या, लिचुसँगको विश्वासघातको आत्महत्या, जारपुत्र आफ्नो नहुँदा पनि अदालतमा आफ्नै छोरा हो भनेर मुद्दा जित्दाको आत्महत्या, क्रमशः आफूले आफ्नो अस्तित्त्वको | काठमाडौँ, ताराको कोठा |

| | | | |
|---|---|---|---|
| | | आत्महत्या गरेको हुँ भन्ने कुरामा डुबिरहनु, एक्लै बाटोमा टोलाएर बसेको बेलामा अचानक तारासँग भेट हुनु, ताराले उसलाई आफैसँग लैजानु । | |
| ३७ | ३७ | कमलले ताराको कोठामा बसेर नेपाल पुकार हेर्न थाल्नु, लिचुको कुराले सताउनु, जारपुत्रको सम्बन्धमा कमल र उसका जेठाबाको बीचमा मुद्दा हुनु, जेठाबा मुद्दामा हारिँदा जेल पर्नु, लिचु र जारपुत्रको बारेमा उसले तारालाई बताउनु, ताराले लिचुको विरोध नगर्नु, कमलमा परिवर्तन नआएकोले उसलाई ठिटाको संज्ञा दिनु । | " |
| ३८ | ३८ | कमलले तारालाई घरमा लिएर आएपछि लिचुसँग उनको भेट गराउनु, तारा र लिचुबीच घनिष्टता कायम हुनु, लिचुले अवैध रूपमा जन्माएको छोराप्रति ताराले कुदृष्टि नराख्नाले कमललाई नरमाइलो लाग्नु । | काठमाडौँस्थित कमलको घरको परिवेश |
| ३९ | ३९ | ताराले धेरैपल्ट लिचुलाई भेटेकीले कमललाई ताराको स्वभावप्रति चिसो लाग्नु, तारा र कमल बालाजु घुम्न जाँदा उनले कमललाई धेरै कुराहरू सम्झाउनु, ताराले जारपुत्रको मात्र विरोध गरेर केही नहुने, परम्पराको नचाहिँदो कुराप्रति विरोध गर्न सक्नुपर्ने, स्वास्नीमान्छेले चाहिँसौताको छोरालाई आफ्नै छोरो सम्झिनुपर्ने तर, लोग्नेमान्छेले चाहिँ अर्काको छोरालाई आफ्नो सम्झिन बाध्य हुन नपर्ने, अनौठा कुरामा ताराले कमललाई सम्झाउनु, कमल सबै कुराहरू छोडेर ताराजस्तै क्रान्तिकारी बन्न चाहनु । | काठमाडौँ वरपरको वातावरण,बालाजु बाइसधारा |
| ४० | ४० | लिचुलाई सबैले पवित्र ठानेपनि कमलले त्यो स्वीकार गर्न नसक्नु, कमल दिक्क भएको देखेर ताराले उसलाई अधैर्यको संज्ञा दिनु, कमलको हृदयमा आँट भर्न लिचुलाई ऊभन्दा धेरै आँटी देखाउनु, क्रान्तिकारी कसरी बन्नुपर्छ भन्ने कुरा ताराले कमललाई बताउनु, ताराकै कोठामा आठपहरियाहरूले छापा मार्दा कमललाई समातेर लैजानु । | काठमाडौँको वातावरण,ताराको कोठा |
| ४१ | ४१ | आफ्नो ज्वाइँ झ्यालखानामा परेको लप्टन बमबहादुरले थाहा पाउनु, ज्वाइँको केही अपराध छैन भनेर जरसाहेबलाई बिन्ती चढाउनु, ताराको वास्तविक ठेगाना पत्ता नलागेसम्म कमललाई नछाड्ने कुरा हुनु, जेलभित्रका यावत् घटनाहरू देख्नु, कमलले ताराको ठेगाना अन्दाजको भरमा भन्दा त्यो ठेगाना वास्तविक भएर तारा समातिनु । | काठमाडौँ जेलको वातावरण |
| ४२ | ४२ | तारा समातिएकीले कमललाई धेरै पीडा हुनु, झ्यालखानाबाट | |

| | | | |
|---|---|---|---|
| | | मुक्त भए पनि कमललाई जीवनप्रति मोह नहुनु, उसले लिचुसँग उसको माइतमा टीका लगाउन जान अस्वीकार गर्नु, दुवैको विवाद हुनु, कमलले लिचुलाई माया गरेको होइन दया गरेको हो भन्ने कुरा स्पष्ट पार्नु, त्यो कुरा थाहा पाउनासाथ लिचुले आत्महत्या गर्नु, लिचुको आत्महत्याले ऊ आफैभित्र पिल्सिनु, हरेक कुरामा क्रियाशील हुँदाहुँदै पनि त्यसको परिणाम घाइते बन्न पुग्नु, जेठकी मालकिनी, कल्पना, लिचुलाई प्रेम र घृणा गरेको अवस्था, तारा उसको झुटो कुराले जेल परेको अवस्था आदि कुराहरूले घाइते बन्दै त्यसैलाई समातेर हिक्का छोडेर रुन थाल्नु । | काठमाडौँ |

**तालिकाको खोलुवा :**

उपर्युक्त तालिकाका आधारमा मूल औपन्यासिक कार्यव्यापारको परिच्छेदगत घटनासारलाई प्रस्तुत गरेर हेर्दा तिनमा प्रकट भएको स्थान विविध देखिन आउँछ । विभिन्न स्थानहरूको चित्रणद्वारा उपन्यासमा कथावस्तुलाई गति दिने र स्वाभाविक तुल्याउने कार्य भएको छ । उपन्यासमा कथानकको प्रारम्भ प्रमुख पात्र कमलको बाबु नरेन्द्रको जागिरे जीवनका कारण उसको पढाइ तीव्र गतिले बढ्न नसकेकोले उसको जेठाबाजे (नातामा भानिज दाइ पर्ने) को कडा निगरानीमा उसलाई दरबार हाइस्कूलमा भर्ना गरिएकोबाट भएको छ । काठमाडौंमा अध्ययन गर्ने क्रममा कमलकी आमाको मृत्य भएपछि ऊ आफ्ना दुई भाइहरू र बाबुको साथमा सहरकी ठूलीआमाकोमा बस्न थालेको छ । तत्कालीन सामाजिक परिवेशमा दोस्रो विवाह गर्ने परम्परा रहेको हुनाले नरेन्द्रले श्रीमतीको देहावसान भएको तीन महिना नपुग्दै बिहे गर्ने इच्छा प्रकट गरेको र जेठी सासूले राजेश्वरीसँग बिहे गर्ने सल्लाह दिएकी छन् । राजेश्वरीसँगको बिहेकै प्रसङ्गमा कथावस्तुमा स्थान परिवर्तन भई कथानक चैनपुरतिर लागेको छ, जसले गर्दा उपन्यास स्वाभाविक बन्न पुगेको देखिन्छ । नरेन्द्रले आफ्नो छोरा कमललाई राजेश्वरी माग्न पठाउँछ तर मकवानपुरेले तल्लो जातको भनी छोरी दिन अस्वीकार गरेपछि उसले कलैया माहिला जेठानकी छोरी च्यान्टीसँग बिवाह गरेको छ । सुब्बाङ्गी बडप्पन देखाउने नरेन्द्रले च्यान्टीसँग विवाह भएको एकवर्षपछि पुनः राजेश्वरीसँग विवाहको प्रसङ्ग चलाएको तर मकवानपुरेले सौतामाथि छोरी दिन अस्वीकार गरेपछि उसले राजेश्वरीलाई स्वास्नी राखेको छु भनी मुद्दा दायर गरेको र वारेस आफ्नै छोरा कमललाई बनाएको छ । कमल पितृभक्त बन्दै जानाले व्यवहारिक मुद्दा मामिलाले गर्दा उसको पढाइमा पूर्ण रूपमा अवरोध आएको छ । कमल आफ्नो बाबुको मुद्दाको वारेस भई बस्दा चैनपुर र वीरगञ्जको चित्रण उपन्यासमा स्वाभाविक रूपमा हुन गएको छ । कमल वीरगञ्जमा रहँदा लिचुमैयाँप्रति आकर्षित भएको छ । उनीहरूबीच प्रेमपत्र आदानप्रदान पनि हुने गरेको र उनीहरूको त्यो सम्बन्ध बमबहादुरले थाहा पाई लिचुमैयाँलाई दण्ड दिएपछि र आफ्नो प्रेमसम्बन्ध जेठाबाबुले थाहा पाएमा ऊप्रति राक्षसी भाव जाग्ने भयले कमल वीरगञ्जछोडेर जोगवनी हुँदै

पाठकनी बुढियाको घर विराटनगर गएको छ । ताराको व्यक्तित्वको चित्रण गर्नका साथै तत्कालीन राजनैतिक परिवेशको चित्रणको उद्देश्य राखेको कथावस्तुले विराटनगरको स्थानगत चित्रणबाट सफलता प्राप्त गरेको छ । केही समयको विराटनगर बसाइ र अध्ययन क्रमसँगै तारा भूमिगत भएकी र कमल पनि आफ्नो घर गौरीगञ्ज फर्किएको छ । कमल जब आफ्नो घर गौरीगञ्ज फर्कन्छ तब घटनाले नयाँ मोड लिइसकेको हुन्छ । नरेन्द्रले परम्परा र कल्पनाको घरको आर्थिक विवशताको फाइदा उठाएर अनि कमललाई मेरो भतिजो हो भनी फोटो देखाएर रूपरङ्गले धनी कल्पनालाई आफ्नी स्वास्नी बनाउँछ । कल्पना र नरेन्द्रबीच अनमेल विवाहका साथै परम्परा र आधुनिकताको दूरीले गर्दा उनीहरूको दाम्पत्यजीवन सुखपूर्ण हुन सक्दैन । हाम्रो समाजमा देखापर्ने सौतासौताको वैमनस्यता त्यहाँ पनि देखापर्दछ जसले गर्दा नरेन्द्रको घर भाँडिन्छ । नरेन्द्रले कल्पनालाई बेस्सेको आरोप लगाउँदै डा.दाससँग कल्पनाको लसपस भएको कुरा बताउँछ तर पछि कमलले कल्पनासँग त्यस बारेमा सोध्दा कुरा साँचो देखिदैन । कमल कामद गइरहेको बेला चुरोट बिर्सिएकाले घर फर्कदा च्यान्टी र कल्पना मिली कल्पनाप्रति अमानवीय तथा बलात्कारी स्वरूप देखाएका हुन्छन् तर, कल्पनाले त्यसलाई परास्त गर्छे । पशुताको नाङ्गो पराजयबाट पीडित नरेन्द्र ससुराली जानुको सट्टा जोगी बन्न जाने कुरा गर्छ । कमल ज्वरोग्रस्त कल्पनाको स्याहारसुसार गर्छ । कोठा सफा गर्दै कमलकी हुनेवाला दुलहीको बारेमा रमाइला गफगाफ भइरहेको बेलामा नरेन्द्र ससुरालीबाट एघारौं दिनका दिन घर फर्कन्छ । उनीहरू रहेको कोठामा प्रवेश गरेको र कमलले आफ्नै कान्छीआमालाई पाप सोंचेको भनी आफ्नै छोरालाई आशय करणीको मुद्दा हाल्ने धम्की दिन्छ । नरेन्द्रले गंगा नुनियाको आर्थिक विवशताको फाइदा उठाई उसलाई कल्पनाको कोठाभित्र पठाई बाहिरबाट ताल्चा लगाएर समाजको अगाडि उसलाई झुटो बयान गर्न लगाई कल्पनाको नाठो साबित गरी कल्पना र गंगा नुनियालाई कैदी जीवन बिताउन बाध्य पारेको छ ।

नरेन्द्रले आफ्नो छोरालाई मुद्दा हाल्नु वा तीर्थ पठाउनुको सट्टा बिहे गरिदिने उद्देश्यले काठमाडौं लिएर गई लप्टन बमबहादुरकी छोरी लिचुमैयाँसँग बिवाह गरिदिएर काठमाडौं आफ्नै नयाँ घरमा राखी आफू गौरीगञ्ज फर्किएको छ । विधिको बिडम्वना भनौं बिहे गरेको तीन महिना पनि नपुग्दै लिचुमैयाँले छोरा पाएकीले कमलको मानसिकतामा फेरि हलचल पैदा भएको छ । उक्त कुरा परम्पराविरोधी भएका कारण उसको जेठाबाबु होमबहादुरले लिचुमैयाँलाई फौजदारी अदालतमा सुम्पी सकभर उसको जार पत्ता लगाई उसैसँग छोरासहित पठाउने कुरा गर्छ । यस कुराले कमल आफ्ना आफन्तहरूबाट अपहेलित बन्न पुग्दछ । एकदिन उसका सबै इष्टमित्रहरू मिलेर लिचुलाई पालैपालो विभिन्न अपशब्दले गाली गर्नुका साथै लात्ताले पनि हिर्काउँछन् । लिचुमैयाँप्रतिको यस दयनीय अवस्था सहन नसकी कमलले आफ्ना इष्टमित्रलाई बाहिर जान भन्दै आवेशमा यो मेरो छोरा हो, यो मेरी स्वास्नी हो, यसले मेरो गर्भ बोकेकी हो भन्दै लिचुलाई आत्मसात् गर्न पुग्दछ । जेठाबाबु होमबहादुरले उसको गालामा थप्पड हान्दछन् तर उसको ससुरा बमबहादुर भने आफ्नो मौकाको फाइदा उठाउँछन भने अर्कोतिर बमबहादुरले पैसा, काजु, बदामले ज्वाइँलाई खुसी पार्दै छोरीको पाप लुकाउने प्रयत्न गर्दै मुद्दाप्रति नडराउने कुरा व्यक्त गर्दछ । केहीदिनपछि मुद्दाको फैसला कमलको पक्षमा हुन्छ र उसको जेठाबाबुलाई वर्ष दिनको जेल सजाय हुन्छ । मुद्दाको फैसलाको मूल्याङ्कन गर्दै हिँडिरहेको बखत उसको भेट तारासँग

हुन्छ । ताराको आग्रहमा उसले आफ्नी श्रीमतीलाई भेटाउँछ । ताराले कमललाई परम्पराबाट एक फिटमाथि उठ्न नसक्ने, सस्तो भावुकता भएको र समस्याबाट भाग्ने प्रवृत्तिको संज्ञा पाएपछि कमलमा क्रान्तिकारी वा आधुनिक बन्ने भावना जागृत हुँदै जान्छ । एकदिन ताराको कोठामा नेपाल पुकारको पुस्तक पढिरहेको अवस्थामा कमल पक्राउ पर्छ भने तारा त्यहाँबाट भाग्न सफल हुन्छे । कमलले तारा बस्ने ठाउँहरूको नाम दिन्छ । दुर्भाग्यवश तारा थुनिएपछि उसको ससुराको सहयोगमा ऊ जेलबाट निकालिन्छ । दसैंको समयमा कमल झ्यालखानाबाट छुटेपछि लिचुलाई पहिलेको भन्दा झन् तीव्र रूपले उपेक्षा गर्दै जान्छ । उसले ऊ आफ्नो जेठाबाबुकहाँ दसैंको टीका थाप्न नगएपछि खसी डोऱ्याएर किस्तीभरि मसला बोकी ससुरालीको हातको टीका थाप्न नजाने कुरा लिचुसमक्ष व्यक्त गर्दछ । लिचु हरेक किसिमबाट टीका थाप्न जान आग्रह गर्दछिन् तर, ऊ कुनैपनि हालतमा नजाने कुरा व्यक्त गर्दछ । यस कुराले उनीहरूबीचको विश्वाशको बाँध फुट्छ । लिचुको सुन्दर शरीर पूर्ण रूपले अपमानित हुन्छ । उनले पूर्वस्मृतिका कुरा सम्झदै पहिले नै झ्यालखाना अथवा सुम्पुवा नगरिदिएकोमा कमलसँग दुःख व्यक्त गर्छिन तर कमलले उनलाई दयाको दृष्टिले हेरेको हुनाले त्यसो नगरेको कुरा गर्दछ । त्यसपछि कमल लिचुप्रति वक्रदृष्टि उडाउँदै बाहिर निस्कन्छ । कमलाछी, शोभाभगवती हुँदै पोलिएको लासका बारेमा सोच्दै हिँड्दा उसमा सकारात्मक भावना जागृत हुन्छ र ससुरालीमा टीका थापेर पछिल्ला सारा कुरा समाप्त गर्ने चाहनाले घर फर्कन्छ । घरभित्र जतातत‌ै लिचुलाई खोज्दछ तर पाउँदैन । कमल आउनुभन्दा केहीघण्टा अगाडि लिचुले बगैंचामा आफ्नो शरीरमा पेट्रोल खन्याएर आत्महत्या गरिसकेकी हुन्छे । यसरी यो उपन्यासमा एउटी नारीको दुःखद अन्तमा टुङ्गिएको छ र मानवजीवनका विभिन्न पाटाहरूलाई समेट्दै कथानकले पूर्णता प्राप्त गरेको देखिन्छ ।

यसरी एक पालुवा अनेकौं याम उपन्यासमा घटित कथावस्तुमा लक्षित उद्देश्यपूर्तिका लागि विभिन्न स्थानहरूको स्वाभाविक चित्रण गरिएको छ जसबाट उपन्यासले गति प्राप्त गरेको छ ।

### ४.१.२ स्थान र पात्र

पात्रहरूको कार्यव्यापारले पनि उपन्यासको घटनाक्रमलाई अघि बढाउँछन् । पात्रविना कथानक गतिशील हुन सक्दैन । उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने महत्त्वपूर्ण कार्य पात्रले गरेको हुन्छ (बराल र एटम, २०५८:३०) । मानव जीवनको व्यापक भाष्य उतार्ने तत्त्व नै चरित्र हो । सामाजिक संरचनाको चित्र पनि चरित्रले नै उतार्ने गर्दछ । इतिहास र समाज, प्रान्त र देशान्तर, प्रवृति र पुस्ता, जाति र सभ्यता परिस्थितिअनुसार चरित्रकै माध्यमबाट प्रकट हुने गर्दछन् (सुवेदी,२०६४:२३) ।

कथानक र वातावरणले पात्रको गुणमा फरकपन ल्याउँछ । पात्रको व्यक्तित्व र रहनसहन परिवेशअनुकूल हुनुपर्दछ । देशकाल, वातावरणअनुकूल चरित्रको चित्रण भएन भने कृति अस्वाभाविक र अयथार्थ लाग्दछ । जुन देश, काल र वातावरणको कथानक छ पात्रको आचरण पनि सोहीअनुसार भयो भने पात्रमा सजीवता आउँछ । प्राचीन आख्यान साहित्यमा पात्र देशकाल निरपेक्ष देखिन्छन् त्यसैले ती कृतिहरू पढ्दा स्वाभाविक र यथार्थ लाग्दैनन् तर आधुनिक कथा, उपन्यासमा पात्रसंरचना देश, काल र वातावरणअनुकूल हुने हुँदा ती सत्य र यथार्थ लाग्छन् ।

उपन्यासमा घटना जुन स्थान वा समयको हो त्यसको वास्तविक चित्र उतार्ने खालको पात्र हुनु आवश्यक पर्दछ । **एक पालुवा अनेकौं याम** बृहत् आयामको उपन्यास भएकोले पात्रहरूको संख्या पनि निकै रहेको छ । विशेष गरी काठमाडौं, वीरगञ्ज, विराटनगर, गौरीगञ्जका पात्रहरूको उपस्थिति उपन्यासमा रहेको छ । नेपालको निकै फराकिलो भौगोलिक र सामाजिक परिवेशलाई अँगाली लेखिएको हुनाले यसले आकारगत विस्तृति प्राप्त गरेको देखिन्छ भने यस उपन्यासमा परिवेशको विशाल आयामको सिर्जनामा पात्रहरूको बाहुल्यले उल्लेखनीय भूमिका खेलेको छ । बाबुछोराको पुस्तागत अन्तर्क्रियाको आख्यानरेखामा उभिएको यस बृहदाकार उपन्यासले परिवेशको विस्तृति र पात्रविधानको बाहुल्यले गर्दा सङक्रमणकालीन नेपाली समाजका घातप्रतिघातहरूलाई प्रतिबिम्बित गर्न पुगेको छ (शर्मा, २०४२ :२२-२७) ।

यस उपन्यासमा प्रतिकूल चरित्रको रूपमा देखापरेको नरेन्द्रबहादुर आफ्नो स्वार्थको लागि जस्तोसुकै घृणित कार्य गर्न पनि पछि नहट्ने स्वार्थी पात्रको रूपमा चित्रण गरिएको छ । ऊ परम्परावादी संस्कारमा चुर्लुम्म डुबेको पात्र हो । बाहिर सज्जनपन देखाई समाजमा अन्याय, अत्याचार, शोषण, दमन, हत्या र बलात्कार गर्ने र अनावश्यक रूपमा धेरै पत्नी ल्याउने सामन्ती प्रवृत्तिको चरित्र हो उसको चरित्रले तराईको परिवेशको जमिनदारीको चित्रण गरेको छ ।

लिचुमैयाँ यस उपन्यासकी मुख्य सहायक नारी पात्र हो । सहरिया परिवेश र उच्चखानदानी परिवारसँग सम्बन्ध भएको परिवारमा जन्मिएकी लिचु घमण्डी स्वभावकी छे । आफ्नो बाबुको सम्पत्तिको आडमा अर्काको पेट बोकेर कमलसँग बिहे गरेर उसले आफ्नो कुकृत्यलाई ढाकछोप गर्ने प्रयत्न गर्दछे । लिचुमैयाँले तत्कालीन सहरिया परिवेशका केटीहरूको यौन उन्मादको परिणतिको प्रतिनिधित्व गरेकी छे । सहरिया लवाइखवाइ, चालचलन आदि कुराहरू लिचुको चरित्रमा  पाइन्छन् ।

कल्पना यस उपन्यासकी सहायक नारी पात्र हो । ऊ एउटा सौतेनी परिवारमा हुर्किएकी केटी हो । नरेन्द्रसँग भुक्याएर अनमेल विवाह भए पनि व्यवहार र मनोवैज्ञानिक रूपमा उनीहरूका बीचको सम्बन्ध राम्रो हुन सक्दैन । सहरी परिवेशमा हुर्किएकी, विभिन्न इच्छाआकांक्षा र रुचि भएकी नारीको प्रतिनिधित्व गरेकी छे । सहरिया वातावरण अनुसारको लवाइखवाइ, सरसफाइ तथा फूलहरू सजाउने काममा सौखिनजस्ता गुणहरू कल्पनाको चरित्रमा देखिन्छन् । स्थानअनुसारको चरित्रगत भिन्नता कल्पनामा पाइन्छन् । कल्पनाको चरित्रमार्फत् उपन्यासले स्वाभाविक गति प्राप्त गरेको देखिन्छ ।

जेठकी मालकिनी यस उपन्यासकी सहायक नारी पात्र हो । कमलकी माइजू पर्ने उनी सन्तानहीन र विधवा पनि हुन् । विधवा हुँदा सेता लुगा लगाउनुपर्ने ग्रामीण स्थान अथवा चैनपुरमा त्यो अन्धविश्वास अझै कायम हुँदा उनी सेतो लुगामा देखिन्छिन् । मन्त्रेको पेडा राजेश्वरीलाई खुवाएर खरिदार नरेन्द्रप्रति मोहित तुल्याउने दुष्प्रयासमा संलग्न कुटुनीजस्तै भएर देखिएकी जेठकी मालकिनी असाहय भएर पनि आँट र हिम्मत लिएर बाँच्ने नारी पात्र हुन् । श्रीमान्को मृत्युपछि देवरहरूबाट सम्पत्तिको हरण भएपछि दुःखी बन्न पुगेकी उनी स्वयं नाङ्गिएर रामलखन पटुवारीको घृणित यौन तृष्णाप्रति कटू व्यङ्ग्य गर्दै रणचण्डीकी प्रतिमूर्ति बन्दछिन् र नारीको स्वाभिमानको वकालत पनि गर्न पुगेकी छन् । उनको चरित्रमा ग्रामीण परिवेश अथवा

तराईको क्षेत्र चैनपुरको स्थानगत विशेषता झल्किन्छ । कमल बाबुको मुद्दाको वारेस बन्ने क्रममा चैनपुरमा बस्दा उनले उसको हेरचाह गरेकी छन् । आफू सन्तानहीन भएकाले उसलाई सन्तानझैं व्यवहार गरेकी छन् । उनी हिन्दू नारीकी प्रतिनिधि पात्र हुन् । श्रीमान्को मृत्युपश्चात् देवरहरूले सम्पूर्ण जग्गा आफ्नो नाउँमा पारेपछि उनी आर्थिक र सामाजिक रूपमा पीडित हुँदै जान्छिन् । उनी भाग्यले ठगीएकी एक विधवा चरित्र हुन् । सबै कुरा र सबैतिरबाट ठगिँदै गएपछि उनलाई नोकरहरूले समेत अभद्र व्यवहार गर्न पछि पर्दैन तर उनले अन्तिम समयसम्म पनि आफ्नो अस्तित्त्वलाई डग्न दिएकी छैनन् । जेठकी मालकिनीको चरित्रमार्फत् तत्कालीन समाजमा भाग्यले ठगिएका विधवाहरूलाई गर्ने र्दुव्यवहारको चित्रण गरिएको छ । उनको चरित्रमा तराईको ग्रामीण भेगको स्थानगत विशेषता पाइन्छ । ग्रामीण भेगअनुसारको लवाइखवाइ, भेषभूषा तथा बोलीचाली, चालचलन उनमा पाइन्छन् ।

रामलखन पटुवारी यस उपन्यासको सहायक पुरुष पात्र हो । ऊ चाकरी, चाप्लुसी गर्ने, आँखामा वासनात्मक प्रवृत्ति देखिने, लोभी भावना भएको पात्र हो । जेठकी मालकिनीको हिसाबकिताब राख्न सहयोग गर्ने उनीहरूको पुरानो नोकर रामलखन आफूलाई समाजसेवी ठान्ने नराम्रो नियत भएको पात्र हो । उसको चरित्रमा तराईको परिवेश चित्रित छ ।

गंगा नुनिया यस उपन्यासको गौण पुरुष पात्र हो । ऊ गरीब भएर पनि इमानदार नभएको पात्र हो । ऊ आफ्नो गरिबीका कारण एकहजार र बाह्रमुरी धानको लोभमा समाजका अगाडि कल्पनाको नाठो कहलिएर कैदी बन्न तयार भएको छ । जमिनदारहरूले आफ्नो स्वार्थपूर्ति गर्नका लागि गरीब र असाह्य मानिसहरूलाई बनाउने हतियारको रूपमा गंगा नुनिया प्रयोग भएको छ । ऊ तराईको प्रतिनिधि पात्र हो । उसको बोली, भेषभूषा, रहनसहन आदि तराईको ग्रामीण स्थानअनुसारको रहेको छ ।

बमबहादुर लिचुमैयाँको बाबु र यस उपन्यासको गौण पुरुष पात्र हो । उसले चाकरी गर्ने क्रममा ठूलाठूला मानिसहरूसँग पनि सम्बन्ध बढाएको छ । अर्काको चाकरी गरेर प्रशस्त धन कमाएकाले उसको परिवारको धाक, रवाफ, लवाइखवाइ र बोलीवचनमा ज्यादै भिन्नता छ । कमलसँग बिहे गरेको तीन महिना पनि नबित्दै आफ्नी छोरी लिचुले बच्चा पाएकीले समाजले उसलाई तिरस्कार गर्दा बमबहादुरले कमललाई काजु, बदाम, रूपैयापैसा, जागिर र कानूनको आडमा आफ्नी छोरीको पाप लुकाउने प्रयत्न गरेको छ । बमबहादुरको चरित्रमा सहरिया विशेषता झल्कन्छ । उसको चरित्रमा वीरगञ्ज र काठमाडौंको सहरिया परिवेशको उपस्थिति भएको छ ।

च्यान्टी र राजेश्वरी यस उपन्यासका गौण र नारी पात्र हुन् । नारीको शत्रु नारी नै हो र महिला हकहित र स्वतन्त्रताको निम्ति समाजमा नै नारी नै बाधक तत्त्वका रूपमा रहेको कुराको चित्रण च्यान्टीको चरित्रमार्फत् गरिएको छ भने राजेश्वरीका माध्यमबाट जातभातका कुराहरू आएका छन् । यी चरित्रहरूमा तराईको स्थानगत विशेषता झल्किएको छ ।

यसरी यस उपन्यासमा स्थानअनुकूल पात्रहरूको चित्रणद्वारा उपन्यासले स्वाभाविक रूप प्राप्त गरेको छ ।

### ४.१.३ स्थान र संवाद

साहित्यिक कृतिमा संवाद वा कथोपकथन भन्नाले पात्रहरूबीचको कुराकानीलाई बुझिन्छ । संवादले कथाको विकास, चरित्रचित्रण र लेखकको आशयलाई स्पष्ट पार्ने भूमिका निर्वाह गर्दछ । वर्णित घटना र दृश्यहरूमा सजीवता ल्याउनका साथै रोचकता र स्वाभाविकताको सिर्जना गर्न संवादको महत्त्वपूर्ण भूमिका हुन्छ (प्रधान, २०६१:८) । पात्रहरूका बीचमा स्थापित समस्या, अर्न्तद्वन्द्व र त्यसको परिणतिलाई संवादले उपयुक्त ढंगले प्रस्तुत गर्दछ (बराल र एटम, २०५८:२५) । कथानकमा आउने घटना र कार्यव्यापारलाई सुसंगठित पार्ने कार्य संवादले गर्दछ । संवाद पात्रको स्थानअनुसार र संक्षिप्त हुनुपर्दछ ।

यस उपन्यासमा संवादहरूको प्रयोग आवश्यक र सार्थक रूपमा गरिएको छ । उपन्यासमा प्रयुक्त संवाद र मनोवादहरू झर्को लाग्दा नभई रोचक र कौतूहलपूर्ण छन् । संवादका माध्यमबाट उपन्यासका घटनाहरू विश्वसनीय रूपमा अघि बढेका देखिन्छन् । संवादको प्रस्तुति र वैचारिक प्रक्षेपणले औपन्यासिककला उच्चकोटिको रहेको छ । उपन्यासमा लेखकीय टिप्पणीमा आएका परिचय बढी विश्वसनीय देखिन्छन् । संवादले चारित्रिक विशेषता र कथानकलाई गति दिनमा मद्दत गरेको छ भने परिवेशको चित्रण पनि गरेको छ । **एक पालुवा अनेकौं याम** उपन्यासको कथानकमा विभिन्न स्थानका विभिन्न पात्रहरू र ती पात्रहरूबीचको संवादलाई स्वाभाविक रूपमा चित्रण गरिएको छ । उपन्यासमा लिचुमैयाँ र कमलको संवाद, नरेन्द्र र कमलको संवाद, तारा र गंगा नुनियाकी श्रीमतीबीच भएको संवाद, तारा र कमलको संवाद, तारा र नरेन्द्रबहादुरको संवाद, कल्पना र कमलको संवाद, रामलखन पटुवारी र जेठकी मालकिनीबीचका संवादहरू उपन्यासमा उल्लेख्य रहेका छन् । उपन्यासको सुरूमै जेठाबाजे र कमलबीच भएको संवाद रहेको छ । यस संवादले काठमाडौंको स्थानगत परिवेशलाई झल्काएको छ । कमलको अध्ययनको सिलसिलामा जेठाबाजेको घर काठमाडौंमा बसी दरबार हाइस्कूलमा पढ्दै गरेको र यसक्रममा जेठाबाजेको घरमा बस्दा जेठाबाजे उसको अभिभावक बन्न पुगेका छन्

"के हेरिरहन्छस् बाबै मेरो मुखमा । लौ थन्क्याइहाल् । यसरी बाह्र बाह्र बजेसम्म पढेर बिरामी परिस् भने के गर्ने । ल थन्क्याइहाल् ।"

"थन्क्याऊँ त ?"

"हो हो थन्क्या ।"(पृ.३)

सातौं परिच्छेदमा जेठकी मालकिनी र रामलखन पटुवारीबीच भएको संवादमा ग्रामीण र चैनपुरको स्थानीय परिवेश झल्किन्छ । भाग्यले ठगिएकी जेठकी मालकिनीको गिर्दै गएको आर्थिक अवस्थाको फाइदा उठाउँदै आफ्नो अतृप्त यौनेच्छालाई पूरा गर्न खोज्ने रामलखनको कुप्रवृत्तिको चित्रण भएको पाइन्छ । तारा र गंगा नुनियाकी श्रीमतीबीच भएको संवादमा कल्पना बेस्से होइन भन्ने कुराको प्रमाणित भएको छ भने तराईको ग्रामीण स्थानको दयनीय आर्थिक अवस्थाको चित्रण उनीहरूको संवादमा पाइन्छ । उनीहरूको संवादले तराईको ग्रामीण स्थानलाई प्रतिबिम्वित गराएको छ :

"मेरो मर्दलाई के दोष दिन्छ तपाइँ खर्दार मालिकले जस्तो गर भन्यो त्यस्तै गऱ्यो । खर्दार मालिकले हजार टाका र बाह्रबेसी धान दिन्छु भन्यो र पनि मानेको थिएन, के भन्छ हजूर । आर

की गर्नु । घरमा एक दाना अन्न थिएन फेरि खरीदारी मालिकले जे भन्यो त्यो गर्नैपऱ्यो (पृ.२९२-२९७) ।"

कमल र ताराबीच भएको संवादमा पूर्वी नेपालको विराटनगर र काठमाडौंको स्थानगत परिवेश आएको छ :

"भोलि पनि स्वयम्भूतिर जाउँ, हुँदैन ठिटा ।"(पृ.३४०)

कल्पना र च्यान्टीबीचको संवादमा सौतेनी इर्ष्याभाव रहेको पाइन्छ । भने कमल र कल्पनाको संवादमा गौरीगञ्जको स्थानलाई चित्रण गरिएको छ :

"जुनबेला पहिलोपल्ट मैले तपाईंलाई देखेको थिएँ, म छक्क परेको थिएँ । यो गौरीगञ्जमा तपाईंजस्तो स्वास्नीमान्छेलाई देख्न पाइएला भनेर मैले सपनामा पनि कल्पना गरेको थिइनँ कान्छीआमा !" (पृ.२५३)

जरसाहेब र कमलको बीचका संवादहरूमा तत्कालीन सामन्ती शासकको चित्रणका साथै काठमाडौं शहरको स्थानगत परिवेश चित्रण गरिएको छ । कमल र पाठकनी बुढियाकाबीच भएको संवादमा तत्कालीन राजनीतिक परिवेश झल्किनुका साथै पूर्वी नेपालको विराटनगर, जोगवनीजस्ता ठाउँहरू आएका छन् ।

यसरी यस उपन्यासमा विभिन्न स्थानगत परिवेशमा आएका संवादहरूले उपन्यासलाई स्वाभाविक तुल्याएका छन् ।

### ४.१.४ स्थान र भाषाशैली

**एक पालुवा अनेकौं याम** उपन्यासको भाषा कलात्मक छ भने ठाउँ ठाउँमा स्थानीय भाषाको प्रयोग पनि गरिएको छ । स्थानअनुसार फरक र पात्रअनुकूल भाषाको प्रयोग यसमा भएको छ । प्रस्तुत उपन्यासको भाषा गद्य हुँदाहुँदै पनि लयात्मक बन्न पुगेको छ । ठाउँ -ठाउँमा उखान टुक्का, अनुकरणात्मक शब्द प्रयोगले उपन्यासको भाषाशैली सजीव सुन्दर र कलात्मक बनेको छ । उपन्यासमा पत्रात्मक तथा सम्बोधनात्मक शैलीको प्रयोग पनि भेटिन्छ । यसले विशेषतः तराई भागका मानिसहरूको प्रतिनिधित्व गरेकाले आगन्तुक, हिन्दी तथा स्थानीय शब्दको प्रयोग यसमा भएको छ । यस उपन्यासको धेरै ठाउँमा मानक नेपाली भाषाको प्रयोग गरिएको छ भने तराईको वातावरण चैनपुर र गौरीगञ्जका कतिपय पात्रहरूद्वारा स्थानीय भाषाको पनि प्रयोग भएको छ :

गंगा नुनियाः"मुई त एकदम से चिनुवा नि पानु । घुरीएकन हेरेपछि पो चिनिनुभयो ।"(पृ. १७२)

श्रीलालः "कि करबो खरीदार साहेब ।" (पृ.१७७)

विश्वाश पटवारीः "ओ ! कमलबाबु ! मो त डराइहाल्यो कुन छुवा(केटा) ले पक्यो भनेर ।" (पृ.२१९)

पात्रको स्तरअनुसार र ठाउँअनुसारको भाषाप्रयोगले उपन्यासले स्वाभाविक रूप प्राप्त गरेको छ । कमल र नरेन्द्रबहादुरको भाषा सामान्यतयाः मानक नेपाली नै रहेको छ । बमबहादुरको परिवारका सदस्यहरू लप्टनसाहेब, लप्टनी साहेब, लिचुमैयाँ तथा उनीहरूका अन्य नोकरहरूको भाषा उच्च आदरार्थी रहेको छ :

"त्यो  मेरी छोरी होइन, मेरो दुश्मन हो बुझिबक्सियो ज्वाइँ । हजूरले त्यति मर्जी नभा भए मैले सेरिएर मरेको भए पनिहुन्थ्यो । म त भगवानसित यही प्रार्थना गर्दछु दुनियाँमा कसैले छोरी नपाउनु ।"     (पृ.३००)

बमबहादुरको परिवारको भाषामा उच्चखानदानी, नवधनिक सहरिया रवाफ झल्कन्छ । चैनपुरमा रामलखन पटुवारीको भाषामा स्थानीयता झल्किएको छ । तराईको परिवेशमा बोलिने भाषाको प्रभाव देखिन्छ ।

विभिन्न ठाउँअनुसार  भाषाको प्रयोग फरक हुन जान्छ । कथानकमा जुन स्थानको प्रयोग गरिएको छ त्यही स्थानअनुकूलको भाषाको प्रयोगबाट उपन्यासले स्वाभाविक रूप प्राप्त गरेको छ ।

### ४.१.५ स्थान र उद्देश्य

व्यक्ति समाजकै सम्पूर्णताको एकाइ हो अर्थात् व्यक्ति आफैमा समाज पनि हो । समाजका अनेक पक्ष, रूप र अवस्था हुन्छन् । तिनीहरू व्यक्तिकै चरित्रद्वारा अभिव्यक्त भइरहन्छन् । व्यक्ति पात्रको चित्रण र स्थान विशेषको चित्रणद्वारा सिङ्गो समाजको स्वरूप, अवस्था तथा त्यसका वृत्तान्तहरूलाई प्रस्तुत गर्नु यस उपन्यासको अभिप्राय रहेको छ । यस उपन्यासमा कमलको चरित्रमार्फत् उपन्यासकारले पुरानो समाज, पराधीन जीवन, आर्थिक विवशता, कुकृत्यपूर्ण परम्परा र दूषित वातावरणमा बाँच्ने मानिसहरूका उकुसमुकुस, घिडघिडेपन, सन्ताप र शङ्कालुस्थितिहरूलाई यथार्थ रूपमा देखाउनु नै आफ्नो मूल लक्ष्य लिएका छन् । तत्कालीन परिवेशको यथार्थ चित्रण गर्ने उद्देश्य उपन्यासकारको रहेको छ । आफ्नो उद्देश्य पूरा गर्नका निम्ति विभिन्न स्थानहरूको उपयोग गरेका छन् ।

वि.सं २००७ साल र त्यस वरिपरिको सङ्क्रमणकालीन राजनीतिक परिवेश र त्यसबाट प्रभावित सङ्क्रमणकालीन सामाजिक अवस्थाको चित्रण गर्न काठमाडौं सहर र विराटनगरको स्थानलाई चित्रण गरिएको छ । राणाशासनकालीन चाकरी, चाप्लुसी र त्यस प्रथाको विरोध गर्नेलाई जेल हाल्नेजस्ता कुराहरूको चित्रणका लागि काठमाडौंको स्थानीय परिवेश आएको छ । यस उपन्यासमा परम्परागत वा पुरानो पुस्ता र नयाँ पुस्ताबीचको सङ्क्रमणकालीन अवस्थाको चित्रण गर्नु पनि उपन्यासकारको उद्देश्य रहेको देखिन्छ । यस्तो सङ्क्रमणकालीन अवस्थामा नयाँ पुस्ताले पुरानो पुस्ताको चापमा पुरानो मान्यतालाई पुरै त्याग्न नसकेको र आधुनिक मूल्य र मान्यतालाई पूर्ण रूपमा अँगाल्न नसकेको परिवेशको चित्रण गर्नु उपन्यासकारको मूल लक्ष्य रहेको देखिन्छ । यस्तो परिस्थितिको चित्रणको लागि उपन्यासकारले नरेन्द्रबहादुर, होमबहादुर, कमलजस्ता चरित्रमार्फत् चैनपुर, गौरीगञ्ज, विराटनगर, वीरगञ्जजस्ता स्थानहरूको चित्रण गरेका छन् । यस उपन्यासले कमललाई एउटा संस्कारग्रस्त पात्रको रूपमा उभ्याएको छ । कमल र लिचुको बिहे भएको तीन महिनापछि जारपुत्र जन्मिएपछि उसमा मानसिक हलचल पैदा हुन्छ । लिचुले अड्डा, कानून र आफ्नो बाबुको सहायताबाट आफ्नो पाप लुकाउन लगाउँछे । जुन कुरा कमलको स्वाधीनता र सामाजिक प्रतिष्ठाको निम्ति हाँक हुन जान्छ । जब कमलमा आफ्नो अस्तित्त्वको चेतना आभासित हुन्छ बाध्यताको जीवनदेखि उसलाई घृणा लाग्छ र विद्रोह गर्छ । कमलको घृणा र विरोधमा लिचुलाई बाँच्न गाह्रो पर्छ र आत्महत्या गर्छे । तत्कालीन स्वेच्छाचारी सरकार र

सामन्ती समाजको बाध्यतामा अनिच्छावश बाँचेर पनि बाँच्न नसकिने अवस्थाको जिउँदो अनुहार हो कमल । जसका माध्यमबाट उपन्यासकारले पुरानो समाज, पराधीन जीवन, आर्थिक विवशता, कुकृत्यपूर्ण परम्परा र दूषित वातावरणमा बाँच्ने मानिसहरूका उकुसमुकुस, घिडघिडेपन, सन्ताप र शङ्कालु स्थितिहरूलाई यथार्थ रूपमा देखाउनु नै यसको मुख्य उद्देश्य हो । यस उद्देश्य पूर्तिका लागि उपन्यासकारले गौरीगञ्ज र काठमाडौंको स्थानलाई चित्रण गरेका छन् । तत्कालीन परिवेशमा सामाजिक र पारिवारिक परम्परागत मूल्य र मान्यताहरू पनि सम्पूर्ण रूपमा हराइसकेका हुँदैनन् भने नयाँ मूल्य र तिनको विघटनको फलस्वरूप किचिएको र नवीन मूल्यका विफलताले निसास्सिएको देखाउनु उपन्यासकारको ध्येय रहेको छ । जुन समयमा पुराना मूल्य र मान्यताहरू पनि सम्पूर्ण रूपमा हराइसकेका हुँदैनन् भने नयाँ मूल्य र मान्यताको पनि पूर्ण रूपमा पालन गर्न नसकिरहेको अवस्थाको चित्रणका लागि उपन्यासकारले चैनपुर, गौरीगञ्ज, विराटनगर, वीरगञ्ज र काठमाडौंको स्थानलाई साथमा लिएका छन् । भाग्यले ठगिंदै गएकी जेठकी मालकिनीलाई रामलखन पटुवारीले सर्वाङ्ग नङ्ग्याएर वासना तृप्तिको कामना गर्नु र बूढो लोग्ने ठम्याएर जिम्मा लगाइदिने कल्पनाको घरको विवशता र नरेन्द्रबहादुरले आफूले भनेको नमान्दा कल्पनामाथि दिएको दुःख, यातना, सजायँ र अन्तमा जेलसमेत हाल्नुबाट समाजमा नरेन्द्रबहादुर र रामलखन पटुवारीजस्ता छद्मभेषी, दुष्ट प्रवृत्ति र नीच व्यवहार गर्ने मानिसहरूका चरित्रलाई यथार्थ रूपमा उद्घाटन गर्न उपन्यासकारले गौरीगञ्ज, चैनपुरजस्ता स्थानलाई चित्रण गरेका छन् । सात वर्षकै उमेरमा विवाह भएपछि कुम्भको मेलामा हराएकी तारा पाँच वर्षपछि आफ्नो घर फर्केर आउँदा सासूससुराबाट तिरस्कृत भएपछि अध्ययनपश्चात् ऊ नारी वर्गको प्रतिनिधित्व गर्दै तत्कालीन सरकार र परम्परित समाजको विरोधमा उत्रन्छे साथै नारी हक अधिकार र स्वतन्त्रताका लागि नेतृत्व गर्नुबाट तत्कालीन सरकारको शोषण, दमन, हत्या, बलात्कार र परम्पराको आडमा नारी जाति कसरी दबिएर बस्नु परेको छ भन्ने कुराको यथार्थ चित्र प्रस्तुत गर्नको लागि विराटनगर, काठमाडौं, गौरीगञ्जका साथै नेपथ्यमा रक्सौल, परवानीपुर, मुजफ्फरपुर जस्ता स्थानहरूलाई चित्रण गरिएको छ । साथै तराईको परिवेशमा तत्कालीन समयमा प्रचलित जमिनदारी प्रथा र तल्लो स्तरका जनताहरूको निम्न आयका साथै उनीहरूको दयनीय अवस्थाको चित्रणका लागि गौरीगञ्जको स्थानीय परिवेशको चित्रण गरिएको छ । जमिनदारको नाममा तल्लो वर्गप्रतिको थिचोमिचो, अन्याय, अत्याचारका साथै तत्कालीन समयमा प्रचलित बहुविवाह, अनमेल विवाहजस्ता कुप्रवृत्तिको चित्रणका लागि गौरीगञ्जलाई ल्याइएको छ । प्रस्तुत उपन्यासमा विभिन्न पात्रहरूका माध्यमबाट समाजमा परम्परा र कानूनको आडमा मानिसहरूले गर्ने अन्याय, अत्याचार, शोषण, दमन, बलात्कार र कुव्यवहारहरूलाई यथार्थ रूपमा प्रतिबिम्बित गर्नु उपन्यासको प्रमुख उद्देश्य रहेको छ यसको लागि उपन्यासकारले काठमाडौंलगायत वीरगञ्ज, चैनपुर, गौरीगञ्जजस्ता स्थानहरूको सहायता लिएका छन् ।

यसरी यस उपन्यासमा तत्कालीन वि.सं २००७ साल र त्यस वरिपरिको सङ्क्रमणकालीन समाजका विविध पक्षहरूलाई चित्रण गर्नको लागि उपन्यासकारले व्यापक स्थानगत परिवेशको चित्रण गरेका छन् । राणाकालीन निरंकुश शासन र त्यसको विरोध गर्दै केही चेतनशील र शिक्षित वर्गहरू लागिपरेको अवस्था र तत्कालीन समयमा प्रचलित शोषण, दमन, अन्याय, अत्याचार र

सामन्ती प्रथाको चित्रण गर्ने उद्देश्य उपन्यासकारको देखिन्छ । साथै तत्कालीन सङ्क्रमणकालीन समयको राजनैतिक, आर्थिक, सामाजिकजस्ता पक्षहरूको यथार्थ चित्रण गर्नका लागि उपन्यासकारले व्यापक स्थानगत परिवेशमा यो उपन्यास खडा गरेको छन् ।

## ४.२.समय

समय पनि परिवेशको एक महत्त्वपूर्ण तत्त्व हो । उपन्यासमा घट्ने घटनाहरूले कुनै युग, बेला वा समयअवस्थाको चित्रण गरेका हुन्छन् । उपन्यासमा प्रस्तुत समयले अन्य तत्त्वहरूसँगको सम्बन्धबाट मात्र स्वाभाविकता प्राप्त गर्दछ । एक पालुवा अनेकौं याम उपन्यासमा प्रस्तुत भएको समयअवस्था र त्यससँग उपन्यासका अन्य तत्त्वहरूको सम्बन्धलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### ४.२.१ समय र कथानक

**एक पालुवा अनेकौं याम** उपन्यास वि.सं २०२६ सालमा प्रकाशनमा आएपनि यसले ग्रहण गरेको परिवेश हो यसको प्रकाशन मितिभन्दा लगभग दुई दशकभन्दा बढीअघिको नेपाली समाज । अर्थात् वि.सं २००७ सालअघिको सामाजिक परिवेश, नयाँ पुस्ता र पुराना पुस्ताबीचको द्वन्द्व, सामाजिक सङ्क्रमणको पृष्ठभूमिमा नेपाली सामाजिक जीवनको यथार्थ चित्रण **एक पालुवा अनेकौं याम** उपन्यासमा गरिएको छ । सामाजिक वा पारिवारिक विडम्वना शोषणयुक्त सामाजिक स्वभाव, राजनैतिक चेतना, पुरानो संस्कार र नयाँ आदर्शका सम्मिश्रित मनस्थितिबाट उब्जेका परिस्थितिहरूलाई यस उपन्यासले स्थान दिएको छ । राणाकालीन समयको सामन्ती संस्कार, शोषण, उत्पीडन र त्यसका विरुद्ध विद्रोह गर्ने वर्गको जन्म नभएको अवस्थाको चित्रण गरिएको छ । परम्परागत पात्र र आधुनिक विचार भएका पात्रका बीचमा द्वन्द्व देखाइएको छ ।

प्रस्तुत उपन्यास वि.सं २००७ सालको राजनैतिक हलचलका साथै नेपाली जनमानसमा क्रमशः हुर्कदै आएको सामाजिक सङ्क्रमणको दोसाँधको प्रस्तुतिका साथै वि.सं २००७ सालले समाजमा ल्याएका आर्थिक, सांस्कृतिक र धार्मिक विचलनलाई समेत यसमा चित्रण गरिएको छ । सामाजिक सन्दर्भमा सङ्क्रमणकालीन नेपाली समाजका वातावरण, जीवनप्रक्रिया, सामन्ती मनोवृत्ति र सङ्कुचित सोचाइहरू पाइन्छन् भने नयाँ विद्रोही वर्गको जन्म भइसकेको हुँदैन । यस्तो किसिमको जीवनसन्दर्भको चित्रण यसमा पाइन्छ । साथै पात्रहरूको माध्यमबाट सामाजिक मनोवैज्ञानिक यथार्थको प्रस्तुति पनि पाइन्छ । पहाडको जीवनचर्यामा आइलागेका आर्थिक सङ्कटबाट पलायित हुँदै तराई झरेपछि नवधनिक बन्न पुगेका उच्च वर्गहरू पनि त्यसका प्रभावमा देशको राजधानीसम्म लगेर छोराछोरी पढाउने र आफू पनि जागिरे बन्न पुग्नेजस्ता पक्षको प्रस्तुति, आभिजात्यको नयाँ आवरणमा बाँच्ने जमिनदार, खरिदार, लप्टनजस्ता पात्रको प्रस्तुतिलाई उपन्यासले समेटेको छ (सुवेदी, २०६४:१३८) ।

तत्कालीन सामाजिक परिवेशमा दोस्रो विवाह गर्ने परम्पराअनुसार नरेन्द्रले श्रीमतीको देहावसान भएको तीन महिना पनि नपुग्दै बिहे गर्ने इच्छा प्रकट गरेको र आफ्नी जेठी सासूले राजेश्वरीसँग बिहे गर्ने सल्लाह दिएकी छन् । नरेन्द्रले आफ्नो छोरा कमललाई राजेश्वरी माग्न पठाउँछ तर मकवानपुरेले तल्लो जातको भनी छोरी दिन अस्वीकार गरेपछि उसले माहिला

जेठानकी छोरी च्यान्टीसँग बिवाह गरेको छ । वि.सं २००७ साल र त्यस वरपरको समयमा विद्यमान दोस्रो बिवाह, बहुविवाह र जातपातको प्रचलन यसको कथानकमा आएको छ । सुब्बाङ्गी बडप्पन देखाउने नरेन्द्रले च्यान्टीसँग बिवाह भएको एकवर्षपछि पुनः राजेश्वरीसँग विवाहको प्रसङ्ग चलाएको तर मकवानपुरेले सौतामाथि छोरी दिन अस्वीकार गरेपछि उसले राजेश्वरीलाई स्वास्नी राखेको छु भनी मुद्दा दायर गरेको र वारेस आफ्नै छोरा कमललाई बनाएको छ । कमल पितृभक्त बन्दै जानाले व्यवहारिक मुद्दा मामिलाले गर्दा उसको पढाइमा पूर्ण रूपमा अवरोध आएको छ । समाजमा भाग्यले ठगिएका र आर्थिक अवस्था कमजोर भएपछि आफ्नै नोकरचाकरहरूले समेत कसरी हेप्दारहेछन् भन्ने कुरा कमलका मामा रामबहादुरको मृत्युपछि जेठकी मालकिनीलाई उनकै नोकरले कुदृष्टिले हेर्नाका साथै उनको बाध्यताको फाइदा उठाई हिराको औंठीको आडमा उनको शरीरलाई नङ्ग्याएर यौनेच्छा प्रकट गर्नुबाट देखिन्छ । कमल आफ्नो बाबुको मुद्दाको वारेस भई वीरगञ्ज आउनेजाने क्रममा लप्टन बमबहादुरको परिवारसँग चिनजान भएको र उसकी छोरी लिचुमैयाँप्रति ऊ आकर्षित भएको छ र यी दुईबीच प्रेमपत्र आदानप्रदान पनि भएको छ । उनीहरूबीचको प्रेमसम्बन्ध बमबहादुरले थाहा पाई लिचुलाई दण्ड दिएपछि र आफ्नो प्रेमसम्बन्ध जेठाबाबुले थाहा पाएमा उप्रति राक्षसी भाव जाग्ने भयले कमल वीरगञ्ज छाडेर जोगवनी हुँदै पाठकनी बुढियाको घर विराटनगर गएको छ । त्यहाँ आफ्नो बाबु नरेन्द्र र ताराबीच बहस भइरहेको हुन्छ । ताराले आधुनिकताको पक्षमा वकालत गरेकी हुन्छे भने नरेन्द्र परम्पराको पक्षमा । तत्कालीन २००७ साल वरपरको सङ्क्रमणकालीन नेपाली समाजका साथै परम्परागत मूल्यमान्यता समाप्त भइनसकेको र आधुनिक मूल्यमान्यताको पूर्णतया वरण भइनसकेको अवस्थाको चित्रण उपन्यासमा भएको छ । नरेन्द्रले कमललाई तारिखको बारेमा सोध्दा उसले तारिख गुज्रिएको कुरा बताएको र त्यसप्रति नरेन्द्रले गुनासो प्रकट गरेको छ । पाठकनी बुढियाकी छोरी तारा कुम्भमेलामा हराएपछि र पछि आफ्नो घरमा स्वीकार नगरेपछि ऊ परम्परावादी संस्कार र तत्कालीन राणशासन सत्ताविरोधी भई प्रजातन्त्र प्राप्तिका लागि आन्दोलनमा सक्रिय रूपमा लागेकी क्रान्तिकारी नारी हो । शिक्षित, निडर र महिला हकहितको नेतृत्व गर्ने तारासँग कमलको भेट भएपछि उसको पढाइको सिलसिला पुनः सुरू हुन्छ तर उसले पाठ्यपुस्तकमा भन्दा रुमानी भावका पुस्तक पढ्ने गरेकाले ताराले उसलाई गम्भीर र विचारउत्तेजक पुस्तक पढ्न सल्लाह दिँदै आधुनिक र क्रान्तिकारी बन्ने सल्लाह दिएकी छे । यद्यपि कमल परम्परावादी, संयमयुक्त, मर्यादावादी र यथास्थितिवादी धरातलबाट माथि उठ्न सकेको देखिदैन । पीताम्बरलाई पर्चा छरेको अभियोगमा सिपाहीहरूले पक्रेर लगेका कारण तारा रातको समयमा घर छोडेर जोगवनीतर्फ भागेकी छे । कमलले तारालाई यस कार्यमा मद्दत पुऱ्याएको छ । तत्कालीन समयमा महिलाहरूप्रतिको दृष्टिकोण, शिक्षादीक्षा, हकअधिकार, थिचोमिचोका साथै निरंकुश शासन व्यवस्थाबाट असन्तुष्ट भई त्यसका विरुद्ध आन्दोलन गर्न कतिपय शिक्षित र सचेत जनताहरू आन्दोलनमा सक्रिय हुन थालेको समयअवस्थाको चित्र उतारिएको छ । कमल जब आफ्नो घर गौरीगञ्ज फर्कन्छ तब घटनाले नयाँ मोड लिइसकेको हुन्छ । नरेन्द्रले परम्परा र कल्पनाको घरको आर्थिक विवशताको फाइदा उठाएर अनि कमललाई मेरो भतिजो हो भनी फोटो देखाएर रूपरङ्गले धनी कल्पनालाई आफ्नी स्वास्नी बनाउँछ । कल्पना र नरेन्द्रबीच अनमेल

बिवाहका साथै परम्परा र आधुनिकताको दूरीले गर्दा उनीहरूको दाम्पत्य जीवन सुखपूर्ण हुन सक्दैन । हाम्रो समाजमा देखापर्ने सौतासौताको वैमनस्यता त्यहाँ पनि देखापर्दछ जसले गर्दा नरेन्द्रको घर भाँडिन्छ । नरेन्द्रले कल्पनालाई बेस्सेको आरोप लगाउँदै डा.दाससँग लसपस भएको कुरा बताउँछ तर पछि कमलले कल्पनासँग त्यसबारेमा सोध्दा कुरा साँचो देखिदैन । कमल कामद गइरहेको बेला चुरोट बिर्सिएकाले घर फर्कदा च्यान्टी र नरेन्द्र मिली कल्पनाप्रति अमानवीय तथा बलात्कारी स्वरूप देखाएका हुन्छन् तर कल्पनाले त्यसलाई परास्त गर्छे । पशुताको नाङ्गो पराजयबाट पीडित नरेन्द्र ससुराली जानुको सट्टा जोगी बन्न जाने कुरा गर्छ । कमल ज्वरोग्रस्त कल्पनाको स्याहारसुसार गर्छ । कोठा सफा गर्दै कमलकी हुनेवाला दुलहीको बारेमा रमाइला गफगाफ भइरहेको बेलामा नरेन्द्र ससुरालीबाट एघारौं दिनका दिन घर फर्कन्छ । उनीहरू रहेको कोठामा प्रवेश गरेको र कमलले आफ्नै कान्छी आमालाई पाप सोंचेको भनी आफ्नै छोरालाई आशय करणीको मुद्दा हाल्ने धम्की दिन्छ । नरेन्द्रले गंगा नुनियाको आर्थिक विवशताको फाइदा उठाई उसलाई कल्पनाको कोठाभित्र पठाई बाहिरबाट ताल्चा लगाएर समाजको अगाडि उसलाई झुठो बयान गर्न लगाई कल्पनाको नाठो साबित गरी कल्पना र गंगा नुनियालाई कैदी जीवन बिताउन बाध्य पारेको छ । वि.सं २००७ साल वरिपरिको परिवेशमा समाजमा विद्यमान बहुविवाह प्रथा, अनमेल बिवाह, केटीको इच्छा विपरीत गरिने बिवाह, लोग्नेले भनेबमोजिम नहुँदा नारीले भोग्नुपरेको पीडा, सौतासौताको वैमनस्यताका साथै तराईमा विद्यमान जमिनदार र मालिक्याइँको भडक त्यसबाट पीडित निरिह निम्नस्तरका जनताको दयनीय अवस्थाको चित्रण गरिएको छ ।

नरेन्द्रले आफ्नो छोरा कमललाई मुद्दा हाल्नु वा तीर्थ पठाउनुको सट्टा बिहे गरिदिने उद्देश्यले काठमाडौं लिएर गई लप्टन बमबहादुरकी छोरी लिचुमैयाँसँग बिवाह गरिदिएर काठमाडौंको आफ्नै नयाँ घरमा राखी आफू गौरीगञ्ज फर्किएको छ । विधिको बिडम्वना भनौं बिहे गरेको तीन महिना पनि नपुग्दै लिचुमैयाँले छोरा पाएकीले कमलको मानसिकतामा फेरि हलचल पैदा भएको छ । उक्त कुरा परम्परा विरोधी भएका कारण उसको जेठाबाबु होमबहादुरले लिचुमैयाँलाई फौजदारी अदालतमा सुम्पी सकभर उसको जार पत्ता लगाई उसैसँग छोरासहित पठाउने कुरा गर्छ । कमलले बच्चाको बाबुको बारेमा लिचुलाई सोध्दा राधिका नोकर्नीमार्फत् तपाइँको (कमलको) भाकामा चार पाँच पत्र आदानप्रदान भएको र एकपत्रमा भेट्ने मनसाय भएकाले मैले राति गोठमा भेट्ने समय दिएको कुरा व्यक्त गरेको प्रस्तुत गरिएको छ । यस कुराले कमल आफ्ना आफन्तहरूबाट अपहेलित बन्न पुग्दछ । एकदिन उसका सबै इष्टमित्रहरू मिलेर लिचुलाई पालैपालो विभिन्न अपशब्दले गाली गर्नुका साथै लात्तीले पनि हिर्काउँछन् । लिचुमैयाँप्रतिको यस दयनीय अवस्था सहन नसकी कमलले आफ्ना इष्टमित्रलाई बाहिर जान भन्दै आवेशमा यो मेरो छोरा हो, यो मेरी स्वास्नी हो, यसले मेरो गर्भ बोकेकी हो भन्दै लिचुलाई आत्मसात् गर्न पुग्दछ । जेठाबाबु होमबहादुरले उसको गालामा थप्पड हान्दछन् तर उसको ससुरा बमबहादुर भने आफ्नो ओंठमा मुस्कान फिँजाउँदै आफ्ना वरिपरिका आँखाहरूलाई साक्षी राख्दै रहस्यमय कागजमा दस्तखत गराउँछन् । घटनाहरू घट्दै जाने क्रममा एकातिर जेठाबाबु होमबहादुरले अदालतमा मुद्दा हालेको देखिन्छ भने अर्कोतिर बमबहादुरले पैसा, काजु, बदामले ज्वाइँलाई खुसी पार्दै छोरीको पाप लुकाउने प्रयत्न गर्दै मुद्दाप्रति नडराउने कुरा व्यक्त गर्दछ ।

केहीदिनपछि मुद्दाको फैसला कमलको पक्षमा हुन्छ र उसको जेठाबाबुलाई वर्षदिनको जेल सजाय हुन्छ । मुद्दाको फैसलाको मूल्याङ्कन गर्दै हिंडिरहेको बखत उसको भेट तारासँग हुन्छ । ताराको आग्रहमा उसले आफ्नी श्रीमतीलाई भेटाउँछ । ताराले कमललाई परम्पराबाट एक फिटमाथि उठ्न नसक्ने, सस्तो भावुकता भएको र समस्याबाट भाग्ने प्रवृत्तिको संज्ञा दिएपछि कमलमा क्रान्तिकारी वा आधुनिक बन्ने भावना जागृत हुँदै जान्छ । एकदिन ताराको कोठामा नेपाल पुकारको पुस्तक पढिरहेको अवस्थामा कमल पकाउ पर्छ भने तारा त्यहाँबाट भाग्न सफल हुन्छे । कमलले तारा बस्ने ठाउँहरूको नाम दिन्छ । दुर्भाग्यवश तारा थुनिएपछि उसको ससुराको सहयोगमा ऊ जेलबाट निकालिन्छ । पुरानो पुस्ताको नयाँ विचार र मान्यतालाई आत्मसात् गर्न नसकिरहेको अवस्थाका साथै नयाँ पुस्ताले पुरानो मान्यतालाई पुरै त्याग्न र आधुनिक विचार र मान्यताको वरण गर्न नसकिरहेको समयअवस्थाको चित्रण उपन्यासमा भएको छ । तत्कालीन अवस्थामा समाजका ठूलाबडाहरूले अदालतलाई आफ्नो वशमा राखी मुद्दाको फैसला आफ्नो पक्षमा गराउने, आफ्नो मान्छेलाई जेलबाट छुटाउनेजस्ता सामन्ती प्रवृत्तिको चित्रण गरिएको छ । जुनबेला कोही व्यक्ति आधुनिक विचार बोकेका र क्रान्तिकारी समेत बनेका छन् भने कोही पुरानो अवस्थालाई त्याग्न नसकेको र नयाँ मान्यतालाई वरण गर्न नसकेको अवस्थाको चित्रण उपन्यासमा भएको छ । दसैंको समयमा कमल झ्यालखानाबाट छुटेपछि लिचुलाई पहिलेको भन्दा झन, तीव्ररूपले उपेक्षा गर्दै जान्छ । उसले ऊ आफ्नो जेठाबाबुकहाँ दसैंको टीका थाप्न नजाने कुरा लिचुसमक्ष व्यक्त गर्दछ । लिचु हरेक किसिमबाट टीका थाप्न जान आग्रह गर्दछिन् तर, ऊ कुनै पनि हालतमा नजाने कुरा व्यक्त गर्दछ । यस कुराले उनीहरूबीचको विश्वासको बाँध फुट्छ । त्यसपछि कमल लिचुप्रति वक्रदृष्टि उडाउँदै बाहिर निस्कन्छ । कमलाछी, शोभाभगवती हुँदै पोलिएको लासका बारेका सोंच्दै हिंड्दा उसमा सकारात्मक भावना जागृत हुन्छ र ससुरालीमा टीका थापेर पछिल्ला सारा कुरा समाप्त गर्ने चाहानाले घर फर्किन्छ । घरभित्र जताततै लिचुलाई खोज्दछ तर पाउँदैन । कमल आउनुभन्दा केही घण्टा अगाडि लिचुले बगैंचामा आफ्नो शरीरमा पेट्रोल खन्याएर आत्महत्या गरिसकेकी हुन्छे । यसरी यो उपन्यासमा एउटी नारीको दुःखद अन्त्यमा टुङ्गिएको छ र मानवजीवनका विभिन्न पाटाहरूलाई समट्दै कथानकले पूर्णता प्राप्त गरेको देखिन्छ ।

यसरी यस उपन्यासमा उपन्यासकारले वि.सं २००७ साल वरिपरिको सङ्क्रमणकालीन समयअवस्थाका साथै तत्कालीन समयमा प्रचलित आर्थिक, सामाजिक, राजनैतिक पक्षहरूको चित्रण गरेका छन् । राणाकालीन समयको सामन्ती संस्कार, शोषण, उत्पीडन र त्यसका विरुद्ध विद्रोह गर्ने वर्गको जन्म नभइसकेको समयअवस्थाका साथै पुरानो पुस्ता र नयाँ पुस्ताको बीचमा द्वन्द्व रहेको समयअवस्थालाई **एक पालुवा अनेकौं याम** उपन्यासको कथानक बनाइएको छ ।

## ४.२.२ समय र पात्र

पात्रहरूको कार्यव्यापारले उपन्यासको घटनाक्रमलाई अघि बढाउँछन् । पात्र वा चरित्रविना कथानक गतिशील हुन सक्दैन । उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने महत्त्वपूर्ण कार्य पात्रले गरेको हुन्छ (बराल र एटम, २०५८ :३०) । मानवजीवनको व्यापक भाष्य उतार्ने तत्त्व नै चरित्र हो । सामाजिक संरचनाको चित्र पनि चरित्रले नै उतार्ने गर्दछ । इतिहास र समाज, प्रान्त र देशान्तर, प्रवृत्ति र पुस्ता, जाति र सभ्यता परिस्थितिअनुसार चरित्रकै माध्यमबाट प्रकट हुने गर्दछन् (सुवेदी, २०६४:२३) । पात्रको व्यक्तित्व र रहनसहन परिवेशअनुकूल हुनुपर्दछ । देशकाल, वातावरणअनुकूल चरित्रको चित्रण भएन भने कृति अस्वाभाविक र अयथार्थ लाग्दछ । जुन देश, काल र वातावरणको कथानक छ पात्रको आचरण पनि सोहीअनुसार भयो भने पात्रमा सजीवता आउँछ । प्राचीन आख्यान साहित्यमा पात्र देशकाल निरपेक्ष रहन्थे त्यसैले ती कृतिहरू पढ्दा स्वाभाविक र यथार्थ लाग्दैनन् । तर आधुनिक कथा, उपन्यासमा पात्रसंरचना देश, काल र वातावरणअनुकूल रहने हुँदा ती सत्य र यथार्थ लाग्दछन् । उपन्यासमा घटना जुन स्थान वा समयको हो त्यसको वास्तविक चित्र उतार्ने खालको पात्र हुनु आवश्यक पर्छ ।

यस उपन्यासको प्रमुख पात्र कमल हो । कमलकै केन्द्रीयतामा यो उपन्यास प्रस्तुत भएको छ । ऊ उपन्यासको मञ्चीय र बद्ध पात्र हो आमाको मृत्युपछि टुहुरो बन्न पुगेको कमलको त्यसपछिको जीवन जटिल र अव्यवस्थित बन्न पुगेको छ । परम्परागत सामन्ती प्रवृत्तिको प्रतीक बाबु नरेन्द्रको कारणबाटै उसको पढाइमा पनि बाधा पुगेको छ । अमिनीका खरिदार बाबुको जागिरको सरुवासँगै काठमाडौं, कलैया, दाङ, सल्यान र झापा हुँदै कहिले अंग्रेजी परम्परा र कहिले संस्कृत परम्पराको शिक्षामा उसले भोगेको युग र समाजजस्तै ऊ अलमलिएको छ । वि.सं १९९४ मा उसले दरबार हाइस्कूलमा पढ्दा उसकी आमाको मृत्यु भएको र त्यसै समयविन्दुपछि उसका कुदिन सुरू हुन लागेका हुन् । त्यसपछि भने कमल आत्मनियन्त्रणमा रहँदैन । बाबुको बिहेका लागि कान्छीआमा खोजीदिने भीष्म बनेर बाबुको सेवाटहल गर्दागर्दै उसको व्यक्तित्व अन्तर्विभाजित बनी तहसनहस हुन थाल्छ । चारैतिर लखेटिने प्रक्रियाले उसको मानसिकता यति कमजोर हुन्छ कि प्रगतिवादी मूल्य वा क्रान्ति, विद्रोहको नयाँ युवा मूल्यकै प्रतीक ताराको आगमन र प्रयासबाट पनि ऊ सम्हालिन सक्दैन । त्यसो हुनाले उसमा सामाजिक जीवन र समस्यालाई विद्रोही युवापुस्ताका हैसियतले हेर्ने र पुराना मूल्यका विरुद्ध नवचेतनाको वरण गर्ने सामर्थ्य छैन । कहिलेकाहीँ भने कमल वास्तविकताप्रति सचेत रहने अस्थिर क्षीण प्रयास पनि गर्न पुगेको अनुभव हुन्छ तर उसको संस्कार र मनोरचनाले बेलाबखतका यस्ता सोचाइहरू व्यवहारमा उत्रन सक्दैनन् । त्यसो हुनाले परम्पराविरुद्ध जान नसकेको सङ्क्रमणकालीन सामाजिक यथार्थ र जीवनगत बिडम्बना उसको चरित्रमार्फत् प्रस्तुत गरिएको छ (शर्मा, २०४२:७६-७७) ।

पितृभक्त र आज्ञाकारी पुत्र कमलको जीवन विसङ्गत छ । विभिन्न समस्याहरूसँग संघर्ष गर्नुपरे पनि ऊ आत्मनियन्त्रणमा हिँड्न सकेको छैन र सही बाटो पहिल्याउन सक्दैन । उसमा पलायनवादिता र हीनताग्रन्थि मानसिकता पाइन्छ । कार्लयुङ्को मनोविलेषण सिद्धान्तअनुसार कमलमा एनिमा तत्त्व (स्त्री तत्त्व) पाइन्छ भने फ्रायडको मनोविश्लेषणअनुसार रतिरागात्मक भावना पनि उसमा रहेको पाइन्छ । उसमा मातृप्रणयको ग्रन्थि रहेको छ । जसरी खडेरी वर्षात्को

अनेक याममा प्रतिकूल प्रहारले गर्दा पालुवा राम्रोसँग सप्रन पाउँदैन र कठ्याङ्ग्रिएर त्यसले जसोतसो जीवनयात्रालाई तन्काउनुपर्ने भइदिन्छ त्यसरी नै यस उपन्यासको नायक कमलले पनि अनेकौं असङ्गतिहरू भोगी टाक्सिनुपरेको छ । कमल आफ्नो बाबुको राजेश्वरीप्रतिको झगडाको मुद्दामा वारिस हुनुदेखि लिएर बिहे गरेको तीन महिना पनि नबित्दै छोरा पाएकी लिचुलाई आफ्नै स्वास्नी हो भन्नुमा अनिच्छाले काम गरिराखेको हुन्छ । विवशताले गरिराखेको हुन्छ । उसमा सधैंभरि अनिच्छा, पश्चाताप र विवशताहरू विद्यमान रहन्छ । त्यस्तै पश्चाताप र विवशतामा हुर्केको कमलको जिन्दगी आफ्नो कहिल्यै हुन सकेन । ऊ कहिले बाबुको, कहिले जेठाबाबुको त कहिले जेठकी मालकिनीको, कहिले ताराको, कहिले कान्छीआमा कल्पनाको, कहिले लिचुमैयाँ त कहिले जारपुत्र र बमबहादुरको भइराखेको हुन्छ । ताराले उसलाई बाध्यता र परम्पराको विरुद्धमा लाग्न अभिप्रेरित गर्छे तर ऊ त्यसका विपरीत त्यसैमा भासिदै जान्छ र समर्पित हुँदै जान्छ । सात सालअघिको स्वेच्छाचारी सरकार र परम्परित सामन्ती समाजका बाध्यतामा अनिच्छावश बाँचेर पनि बाँच्न नसकिने अवस्थाको जिउँदो अनुहार हो कमल । कमलले पुरानो समाज, पराधीन जीवन, आर्थिक विवशता, दुराचारी व्यवहारको कुकृत्यपूर्ण परम्परा र दूषित वातावरणमा बाँच्नेहरूको उकुसमुकुस, सन्ताप र घिडघिडेपनजस्ता स्थितिको प्रतिनिधित्व गरेको छ । पारिवारिक र नैतिक मूल्यलाई शिरोपर गर्दागर्दै पनि तिनै मूल्यभित्र ऊ विसङ्गति देख्दछ र भोग्दछ । सामाजिक र पारिवारिक परम्परागत मूल्य र तिनको विघटनका फलस्वरूप कमल किचिएको छ भने नवीन मूल्यका विफलताले ऊ निसास्सिएको छ । उसले उपन्यासको अन्त्यतिर गरेको विद्रोह तत्कालीन परम्परित सामन्ती व्यवस्थाका ठेकेदारहरूप्रतिको एक प्रहार हो भन्न सकिन्छ । यसरी कमलको जीवनवृत्तमा आधारित कथानक भएकाले कमलको चरित्रमार्फत् वि.सं २००७ र त्यस वरपरको समाजको यथार्थ चित्रण गरिएको छ ।

नरेन्द्रबहादुर यस उपन्यासको सहायक पुरुष पात्र हो । वि.सं २००७ साल र त्यस वरपरको परम्परित समाजमा विद्यमान जमिनदारी, मुखिया, सुब्बा र मालिक्याइँजस्ता वर्गको प्रतिनिधि चरित्र हो नरेन्द्रबहादुर । ऊ यस उपन्यासको मञ्चीय र बद्ध पात्र हो । आफ्नी पत्नीको मृत्युपश्चात् तीनमहिना पनि नबित्दै बिहे गर्ने इच्छा प्रकट गर्दै मकवानपुरेकी छोरी राजेश्वरीलाई माग्ने प्रयत्न गर्दछ तर मकवानपुरेले छोरी नदिएपछि उनीहरूमाथि मुद्दा दायर गर्दै वारेस छोरालाई दिएर उसको भविष्यमाथि खेलवाड गर्ने नरेन्द्र एक प्रतिकूल चरित्रको रूपमा देखापर्दछ । छोराको भविष्यमाथि उसले आफ्नो अभिभावकत्व निर्वाह गर्न सकेको छैन् । नरेन्द्र तत्कालीन समाजमा चलिआएका कुराहरूलाई अन्धाधुन्धा समर्थन गर्ने, समाजमा शोषण, दमन गर्दै आफूलाई उच्च वर्गको रूपमा देखाउने पात्रको रूपमा चित्रण गरिएको छ । आफ्नै छोराको हीनताग्रन्थिको कारण बनेको नरेन्द्र तत्कालीन समयमा प्रचलित बहुविवाह, सामन्ती मनोवृत्ति र क्रूर पिताको पुराना संस्करण पनि हुन् । बाहिर आफूलाई ठूलो देखाउन खोज्ने आडम्बरी प्रवृति भएको नरेन्द्रमा पुरानो मान्यता र नराम्रो संस्कार पाइन्छ । राजेश्वरीसँग बिवाह गर्न नपाएको रिसमा मुद्दा दायर गर्ने, छोराको भविष्यमाथि खेलवाड गर्ने, च्यान्टीसँग बिवाह गरिसकेपछि फेरि कल्पनालाई रखौटीको रूपमा राख्ने नरेन्द्रमा जमिनदार र जागिरेको घमण्ड रहेको छ । ऊ एउटा पुरानो पुस्ताको प्रतिनिधित्व गर्ने दूषित तत्त्व हो । उसले कल्पनाको घरको आर्थिक विवशताको फाइदा उठाई दुई

हजार रूपैंयामा कल्पनालाई किनेको छ । आफूले भनेको नमान्दा उसलाई बेस्सेको आरोप लगाउने र शारीरिक र मानसिक यातना दिनेजस्ता अमानवीय कार्य गर्दछ । गंगानुनियाको गरिबीको फाइदा उठाई उसलाई कल्पनाको नाठो साबित गरी उसलाई कैदी जीवनयापन गर्न बाध्य गराउँछ । उसले आफ्नै छोरालाई कान्छीआमाप्रतिको आशय करणीको आरोप लगाउँछ र अर्काको पेट बोकेकी लिचुमैयासँग उसको बिहे गराई मानसिक दलदलमा फसाएर आफ्नै वंशप्रति खिल्ली उडाएको छ ।

यसरी नरेन्द्रबहादुर आफ्नो स्वार्थको लागि जस्तोसुकै घृणित कार्य गर्न पछि नहट्ने स्वार्थी पात्रको रूपमा चित्रण गरिएको छ । ऊ परम्परावादी संस्कारमा चुर्लुम्म डुबेको पात्र हो । बाहिर सज्जनपन देखाई समाजमा अन्याय, अत्याचार, शोषण, दमन, हत्या र बलात्कार गर्ने र अनावश्यक रूपमा धेरै पत्नी ल्याउने तत्कालीन सामन्ती मनोवृत्तिको प्रतिनिधि चरित्र हो । यसले वि.सं २००७ साल पूर्वको परम्परागत संस्कारको प्रतिनिधित्व गरेको छ ।

तारा यस उपन्यासकी सहायक नारी पात्र हो । तारा पाठकनी बुढियाकी छोरी हो । सात वर्षको उमेरमा अपहरण र मुजफ्फरपुरको आर्यसमाजी अनाथालयबाट छ वर्षसम्म आश्रयदानजस्ता प्रसङ्गका साथ नेपाल फर्केपछि घरकाले बुहारीका रूपमा स्वीकार नगरिएकी चरित्र हो । त्यसपछि पढेर मास्टरनीसमेत भैसकेकी तारामा परम्पराप्रति आक्रोश छ । चल्दै आएका थोत्रा सामाजिक मूल्यलाई उसले तोड्न चाहेकी छ । वि.सं २००७ सालपछि समाजमा देखिन थालेको परिवर्तन र चेतनाको प्रतिनिधित्व ताराले गरेकी छ । तारा नवीन विचार, मान्यता र दृष्टिकोण बोकेकी नारी चरित्र हो । उसले तत्कालीन पुरानो मान्यता, परम्परा र शासनसत्ताको विरोध गरेकी छे । ऊ विद्रोही प्रवृत्तिकी देखिन्छे र आधुनिक विचार र चेतनाको प्रतिनिधित्व गर्दछे । उसको लवाइखवाइ, बोलीव्यवहार हरेक कुरामा आधुनिकता झल्किन्छ । ऊ बौद्धिक र शिक्षित छे । उसमा एनिमस तत्त्व (पुरुष तत्त्व) प्रवल रहेको छ । यसरी यस्ती युगसचेत नारीलाई अन्तमा कारागारमा पुऱ्याएर उपन्यासकारले तत्कालीन सामाजिक स्थिति र परिवेशको उद्घाटन गरेका छन् ।

लिचुमैयाँ यस उपन्यासकी मुख्य सहायक नारी पात्र हो । सहरिया परिवेश र उच्च खानदानी परिवारसँग सम्बन्ध भएको परिवारमा जन्मिएकी लिचु घमण्डी स्वभावकी छे । आफ्नो बाबुको सम्पत्तिको आडमा अर्काको पेट बोकेर कमलसँग बिहे गरेर उसले आफ्नो कुकृत्यलाई ढाकछोप गर्ने प्रयत्न गर्दछे । यस उपन्यासमा लिचुका माध्यमबाट वि.सं २००७ सालपूर्वको परम्परित समाजमा उच्च वर्गले सम्पत्तिको आड लिएर सोझासाझा युवाहरूलाई अर्काको गर्भ स्वीकार गर्न बाध्य गराउँछन् भन्ने सामाजिक यथार्थ उद्घाटन भएको छ ।

कल्पना यस उपन्यासकी सहायक नारी पात्र हो । ऊ एउटा सौतेनी परिवारमा हुर्किएकी केटी हो । नरेन्द्रसँग झुक्याएर अनमेल बिवाह भए पनि व्यवहार र मनोवैज्ञानिक रूपमा उनीहरूको सम्बन्ध राम्रो हुन सक्दैन । सहरी परिवेशमा हुर्किएकी, विभिन्न इच्छा, आकांक्षा र रुचि भएकी कल्पनाले घरमा एउटी स्वास्नी हुँदाहुँदै पैतालीस वर्षको परम्परावादी बूढो लोग्नेलाई हरेक कुराबाट तिरस्कार गर्छे । यही तिरस्कार सहन नसकी नरेन्द्रले उसलाई बेस्सेको आरोप लगाई गंगा नुनियालाई नाठो साबित गरी कैदी जीवन भोग्न बाध्य बनाएपछि ऊ पागल भएकी छे । कल्पना

पितृरतिग्रन्थिले पीडित नारी हो । उसले आफ्ना बाबु मेजर वीरसिंह फूलबारी सजाउने काममा सौखिन थिए त्यसैले ऊ पनि त्यस्तै काम गर्दछे । सपनामा बाबुलाई देखेको कुरा गर्दछे भने छिटै मर्न पाए बाबुसँग भेट हुने कुरामा ऊ आश्वस्त हुन पुग्छे । यस उपन्यासमा कल्पनाको चरित्र निर्माण गरेर तत्कालीन वि.सं २००७ पूर्वको परम्परित समाजमा आफ्नो आमाबाबुको मृत्युपछि सौतेनी परिवारले सौताका छोराछोरीप्रति गर्ने कूव्यवहार, अनमेल बिवाह, सौतासौताको झगडा तथा तत्कालीन सामन्ती परिवेशमा विद्रोहको साहस प्राप्त गर्न नसकी स्वपीडक बनेकी कल्पनाको चरित्रले तत्कालीन परिवेशलाई प्रतिबिम्वित गर्दछ । कल्पनाको व्यक्तित्व, विचार तथा पहिरनले आधुनिकतालाई प्रतिबिम्वित गर्दछ ।

जेठकी मालकिनी यस उपन्यासकी सहायक नारी पात्र हुन् । उनी कमलकी माइजू पर्दछिन् । उनले नरेन्द्रबहादुरको राजेश्वरीसँग बिहे गरिदिन निकै प्रयास गरेकी छन् । कमल बाबुको मुद्दाको वारेस बन्ने क्रममा चैनपुरमा बस्दा उनले उसको हेरचाह गरेकी छन् । आफू सन्तानहीन भएकाले उसलाई सन्तानझैं व्यवहार गरेकी छन् । उनी हिन्दू नारीकी प्रतिनिधि पात्र हुन् । उनी एक असाह्य चरित्र हुन् । आफ्नो श्रीमान्को मृत्युपश्चात् उनकै नोकर अथवा हिसाबकिताब राख्ने कारिन्दा रामलखन पटुवारीसँग मिली उनका देवरहरूले सम्पूर्ण जग्गा आफ्नो नाममा पार्दछन् । यसपछि उनी आर्थिक र सामाजिकरूपमा पीडित हुँदै जान्छिन् । उनी भाग्यले ठगिएकी एक विधवा चरित्र हुन् । सबैकुरा र सबैतिरबाट ठगिदै गएपछि उनलाई नोकरले समेत अभद्र व्यवहार गर्न पछि पर्दैन् तर उनले अन्तिम समयसम्म पनि आफ्नो अस्तित्त्वलाई डग्न दिएकी छैनन् । जेठकी मालकिनीको चरित्रमार्फत् तत्कालीन २००७ सालपूर्वको परम्परित समाजमा भाग्यले ठगिएका विधवाहरूलाई गर्ने र्दुव्यवहारको चित्रण गरिएको छ ।

रामलखन पटुवारी यस उपन्यासको सहायक पुरुष पात्र हो । ऊ चाकरी चाप्लुसी गर्ने, आँखामा वासनात्मक प्रवृत्ति देखिने, लोभी भावना भएको पात्र हो । जेठकी मालकिनीको हिसाबकिताब राख्न सहयोग गर्ने ऊ उनीहरूको पुरानो नोकर पनि हो । आफूलाई समाजसेवी ठान्ने, सामाजिक कार्य गर्ने बाहनामा अर्कालाई दुःख दिने वासनात्मक प्रवृत्ति भएको उसले जेठकी मालकिनीको आर्थिक विवशताको फाइदा उठाई उनलाई नङ्ग्याउनसमेत पछि परेको छैन् । उसले तत्कालीन समयमा समाजमा सामाजिक कार्य गर्ने बाहनामा अर्कालाई दुःख दिने वासनात्मक प्रवृत्ति भएका प्रतिकूल चरित्रको प्रतिनिधित्व गरेको छ ।

गंगा नुनिया यस उपन्यासको गौण पुरुष पात्र हो । ऊ गरिब भएर पनि इमानदार छैन् । ऊ आफ्नो गरिबीका कारण अरूलाई ठग्न, चोर्न पनि पछि परेको छैन् । उसले परिवार पाल्नका लागि एक हजार र बाह्रमुरी धानको लोभमा समाजका अगाडि कल्पनाको नाठो कहलिएर कैदी बन्न तयार भएको छ । यस उपन्यासमा गंगा नुनियाजस्तो चरित्रलाई आधार बनाएर वि.सं २००७ सालपूर्व विद्यमान् सामन्ती व्यवस्था, वर्गीय शोषणका साथै त्यस समयमा समाजमा हुनेखानेहरूले आफ्नो स्वार्थपूर्ति गर्नका लागि गरीब र असाह्य मानिसहरूलाई कसरी हतियारको रूपमा प्रयोग गर्दछन् भन्ने यथार्थ पक्षलाई देखाइएको छ । साथै तत्कालीन समयको आर्थिक अवस्थाको पनि चित्रण गरिएको छ ।

बमबहादुर यस उपन्यासको गौण पुरुष पात्र हो । उसले चाकरी गर्ने क्रममा ठूला-ठूला मानिसहरूसँग पनि सम्बन्ध बढाएको छ । अर्काको चाकरी गरेर प्रशस्त धन कमाएकाले उसको परिवारको धाक, रवाफ, लवाइखवाइ र बोलीवचनमा ज्यादै भिन्नता छ । कमलसँग बिहे गरेको तीन महिना पनि नहुँदै आफ्नी छोरी लिचुले बच्चा पाएकीले समाजले उसलाई तिरस्कार गर्दा बमबहादुरले कमललाई काजु, बदाम, रूपैयाँपैसा, जागिर र कानूनको आडमा आफ्नी छोरीको पाप लुकाउने प्रयत्न गरेको छ । बमबहादुरको चरित्रमार्फत् तत्कालीन सामाजिक परिवेशमा आफ्नो इज्जत र मानप्रतिष्ठा जोगाउनका लागि ठूलाबडा र खानदानी परिवारहरूले पैसाको भरमा कानूनलाई समेत हात लिएर अपराध वा गल्तीलाई ढाकछोप गर्ने प्रवृत्तिलाई देखाउन खोजिएको छ । साथै बमबहादुर राणाकालीन सामन्ती परिवेशमा दरबारमा सम्बन्ध बढाई चाकरी गर्ने वर्गहरूको प्रतिनिधि चरित्र हो ।

होमबहादुर र जरसाहेब यस उपन्यासमा गौण पात्रका रूपमा आएका छन् । होमबहादुर तत्कालीन समाजमा मानिसहरू आफ्नो वंशमाथि कुनै कालोबादल लाग्न नदिनका लागि प्रयासरत देखिएको पात्र हो भने जरसाहेब तत्कालीन राज्य शासकहरूले निरिह जनतामाथि गरेको थिचोमिचो, अन्याय, अत्याचार, हत्या, लुट र बलात्कारजस्ता अमानवीय क्रियाकलापलाई यथार्थरूपमा चित्रण गर्ने चरित्र हो । उसले सामन्ती शासककालीन समयको प्रतिनिधित्व गरेको छ ।

यी सबै चरित्रले उपन्यासलाई जीवन्तता प्रदान गर्नुका साथै परिवेशप्रधान पनि बनाएका छन् । उपन्यासमा आएका चरित्रले कुनै निश्चित समय,स्थान र परिस्थितिको चित्रण गरेका छन् ।

### ४.२.३ समय र संवाद

**एक पालुवा अनेकौं याम** उपन्यासमा संवादहरूको प्रयोग आवश्यक र सार्थक रूपमा गरिएको छ । उपन्यासमा प्रयुक्त संवाद र मनोवादहरू झर्को लाग्दा नभई रोचक र कौतूहलपूर्ण छन् । संवादका माध्यमबाट उपन्यासका घटनाहरू विश्वसनीय रूपमा अघि बढेका छन् । संवादको प्रस्तुति र वैचारिक प्रक्षेपणले औपन्यासिककला उच्चकोटिको रहेको छ । उपन्यासमा लेखकीय टिप्पणीमा आएका पात्र परिचयभन्दा संवादका क्रममा आएका परिचय बढी विश्वसनीय देखिन्छन् । संवादले चारित्रिक विशेषता र कथानकलाई गति दिनमा मद्दत गरेको छ भने परिवेशको चित्रण पनि गरेको छ । लिचुमैयाँ र कमलको संवाद, नरेन्द्र र कमलको संवाद, तारा र गंगा नुनियाकी श्रीमतीबीचको संवाद, तारा र कमलको संवाद,  तारा र नरेन्द्रबहादुरको संवाद, कल्पना र कमलको संवाद, रामलखन र जेठकी मालकिनीबीचका संवादहरू उपन्यासमा उल्लेख्य रहेका छन् । संवादकै माध्यमबाट उपन्यासकारको वैचारिक पक्षलाई अभिव्यक्ति दिने काम पनि भएको छ ।

उपन्यासको सुरूमै जेठाबाजे र कमलको संवाद रहेको छ । दोस्रो परिच्छेदमा नरेन्द्र र कमलकी ठूलीआमाबीचको संवादमा कमलकी आमाको मृत्युपछि नरेन्द्रको अर्को बिहेको चर्चा रहेको छ । तेस्रो, चौथो र पाँचौं परिच्छेदमा कमल र नरेन्द्र, नरेन्द्र र ठूलीआमा, नरेन्द्र र जेठकी मालकिनीबीच भएका संवादहरू  १९९७/९८ सालतिर कमलले दरबार हाइस्कूलमा पढ्दै गर्दा उसकी आमाको मृत्यु भएकोले बाबु नरेन्द्रले तत्कालीन समय र परिवेशअनुकूल अर्की बिहे गर्ने

इच्छा प्रकट गरेको र बिहेको सन्दर्भमा आएका संवादहरू तत्कालीन समयको र समाजको प्रतिनिधित्व गर्दछन् । सातौं परिच्छेदमा जेठकी मालकिनी र रामलखन पटुवारीबीच भएको संवाद कारुणिक र मार्मिक देखिन्छ । भाग्यले ठगिएकी जेठकी मालकिनीको गिर्दै गएको आर्थिक अवस्थाको फाइदा उठाउँदै आफ्नो अतृप्त यौनेच्छालाई पूरा गर्न खोज्ने रामलखनको कुप्रवृत्ति वि.सं २००७ साल पूर्वको परम्परित समाजमा विधवालाई समाजले हेर्ने दृष्टिकोण, उनीहरूको दयनीय अवस्थालाई रामलखन र जेठकी मालकिनीका संवादले स्पष्ट पारेका छन्:

"कि चिनेनौ यो औंठी सत्ते सत्ते त्यै औंठी हो जसको निम्ति तिमी मरिमेट्थ्यौ रामलखन ।"

"बुझें मैले यो त्यै औंठी होला त्यो भएर के भो त ?"

"के तिमीले सब बिर्सियौ सम्झ त, कस्तो मन पराएका थियौ त्यो औंठीलाई ?"

"के त पहिले तिमीले बोलेको सबै झुट थियो ?"

"झुटो थिएन केवल समयको फेर हो जेठकी मलकाइन । म त्यो औंठी होइन तपाइँलाई चाहन्थें, औंठीको आड लिएर म आफ्नो हृदयभित्र बसेको तपाइँको मूर्तिलाई देखाइरहेको थिएँ । औंठीको मोल हजार रुपियाँ लगाएर म आफ्नो प्रेमलाई उद्घाटन गरिरहेको थिएँ ।"

"म प्यासा छु तिमीलाई झलक्क देखेको दिन देखिन । आऊ यो रामलखनको प्यासलाई मेटिदेऊ यो छातीभित्र लुकेर ।" (पृ.७०,७१)

तारा र नरेन्द्रको संवादमा परम्परा र आधुनिकताबीच द्वन्द्व पाइन्छ । तारा र गंगा नुनियाकी श्रीमतीबीच भएको संवादमा कल्पना बेस्से होइन भन्ने कुराको प्रमाणित भएको छ भने वि.स २००७ साल पूर्वको सामन्ती समाजमा वर्गीय उच्चताका र नीचताका साथै तत्कालीन समयको आर्थिकरूपमा उच्च वर्गहरूले तल्लो वर्गलाई गर्ने शोषणका साथै तत्कालीन समयको आर्थिक अवस्थाको चित्रण भएको छ :

"मेरो मर्दलाई के दोष दिन्छ तपाइँ खर्दार मालिकले जस्तो गर भन्यो त्यस्तै गऱ्यो । खरदार मालिकले हजार टाका र बाह्रबेसी धान दिन्छु भन्यो र पनि मानेको थिएन, के भन्छ हजूर । आर की गर्नु । घरमा एक दाना अन्न थिएन फेरि खरिदारी मालिकले जे भन्यो त्यो गर्नैपऱ्यो ।" (पृ२९६-२९७)

कमल र उसकी कान्छीआमा कल्पनाबीच भएको संवादमा वि.सं २००७ सालपूर्वको परम्परित समाजमा विद्यमान अनमेल बिवाहलाई चित्रण गरिएको छ र त्यसप्रति खेद व्यक्त गरिएको छ ।

यस उपन्यासमा कमल र ताराबीच भएका संवादहरू गहकिला, बौद्धिक र दार्शनिक छन् । उनीहरूका संवादमा क्रान्तिचेतना, परम्पराप्रति विद्रोहका साथै वि.सं २००७ सालतिरको राजनीतिक परिवेश विद्यमान रहेका छन् ।

नरेन्द्र र कमलबीचको संवादमा तत्कालीन पुरानो पुस्ता वा अभिभावकबाट नयाँ पुस्ता च्यापिएको र माथि उठ्न नसकेको समय अवस्थालाई देखाइएको छ :

"अँ तारिख के गरिस तैंले ?"

"तारेख गुज्रियो ।"

"हजूर गुज्रयो ।"

"कसरी गुज्रियो ?"

"के गर्नु मैले तारिख छाड्दिनँ भनेको हो नि । जेठाबा र अमिनीका लप्टन साहेबले टिप्पा लिन लागेपछि ।"

"तँलाई जेठा बा कहाँ कसले जानु भनेको थियो ?"

"के गर्नु नगएर ।पेट......................................" (पृ. १२०-१२१)

कमल र पाठकनी बूढीबीच भएको संवादमा वि.सं २००७ सालतिरको राजनीतिक परिवेश देखिन्छ :

तिनी फेरि चुप लाग्छिन् र पहिलेकै किसिमले माटो खन्दै जान्छिन् रहस्य र आतङ्कले झन् रहस्य र आतङ्क थप्दै गएझैं । छिनभरपछि ऊ सोध्छ "तारा माइजू खै त ?"

"झन् भन्दै छु ।"

"के ?"

"अलि बिस्तारै बोल,मेरो हजूरभन्नुहुन्थ्यो कलिमा खुकुरीभन्दा कर्द लाग्ने हुन्छ भन्या ठीकै रहेछ । नजिकै सरकारको गाथागादी ताक्ने भनेर पुलिसले पीताम्बरको घर घेरिरहेछ, तिमीलाई भने डरै छैन ।

""तारा माइजू ?"

"ऊ जोगवनी पुगीहोली"

"जोगवनी !"(पृ.१५४)

बयालीसौं परिच्छेदमा भएका जरसाहेब र कमलको बीचका संवादहरूमार्फत् तत्कालीन सामन्ती शासक र वि.सं २००७ सालतिरको राजनीतिक परिवेश चित्रण गरिएको छ :

जरसाहेब फेरि भन्छन् - "जे भए पनि तँ यहाँ ताराको सट्टामा छस् बुझिस् ।"

"बुझें ।"

"तेरो छुटकाराको निम्ति तारा यहाँ हुनुपर्छ बुझिस् ।"

"बुझें ।"

"त भन तारा कहाँ लुकेकी छ ?"

"म भन्न सक्दिनँ उनी कहाँ लुकेकी छन् । मेरो विचारमा तिनी.......................।"(पृ.३६२)

यसरी यस उपन्यासमा विभिन्न समयलाई प्रतिबिम्वित गराउने संवादहरू स्वाभाविक रूपमा प्रकट भएका छन् ।

### ४.२.४ समय र भाषा

**एक पालुवा अनेकौं याम** उपन्यासको भाषा कलात्मक छ भने ठाउँ-ठाउँमा स्थानीय भाषाको प्रयोग गरिएको छ । स्थानअनुसार फरक र पात्रअनुकूल भाषाको प्रयोग भएको छ । यस उपन्यासको धेरै ठाउँमा मानक नेपाली भाषाको प्रयोग गरिएको छ भने तराईको वातावरण चैनपुर र गौरीगञ्जका कतिपय पात्रहरूद्धारा स्थानीय भाषाको पनि प्रयोग भएको छ । पात्रको स्तरअनुसार, ठाउँ र समयअनुकूलको भाषा प्रयोगले उपन्यासले स्वाभाविक रूप प्राप्त गरेको छ ।

यस उपन्यासमा ग्रामीण भेगमा बसोबास गर्ने पात्रले प्रयोग गरेको भाषाभन्दा सहरी भेगमा बसोबास गर्ने पात्रले प्रयोग गर्ने भाषा केही मात्रामा परिष्कृत र आधुनिकता पाइन्छ । लप्टन बमबहादुरको परिवारको भाषा आधुनिक नवधनाढ्य हुनुका साथै दरबारिया नजिक रहेको छ । तत्कालीन समयमा आधुनिक हुँ भन्ने र हुनेखानेहरूले उच्च आदरार्थी भाषाको प्रयोग गरेका छन् । ताराको भाषाशैली परिष्कृत, परिमार्जित हुनुका साथै बौद्धिक, शिक्षितका साथै आधुनिक समयअनुकूल रहेको पाइन्छ :

"आफूभन्दा कमजोर देखियो भन्दैमा मान्छेलाई कहिल्यै हेप्ने बानी नगर्नुहोला खर्दारसाहेब ! मान्छे मात्रलाई आफ्नो अस्तित्त्वसँग प्रेम हुन्छ । एकअर्कालाई एक अर्काको अस्तित्त्व खोस्ने केही अधिकार छैन ।...............................।" (पृ.१२२)

पुरानो पुस्ताका मानिसहरूको भाषा नयाँ पुस्ताका तुलनामा भिन्न रहेको छ । यसको प्रतिनिधित्व पाठकनी बुढियाले गरेकी छिन्:

"मेरो हजूर भन्नुहुन्थ्यो एकाबिहान कौवा करायो भने पाहुना आउँछ भनेर जान्नु । ल हेर त कस्तो रहेछ त मेरो कुरा ?"(पृ.१०९)

वि.सं २००७ सालपूर्वको सामन्ती तथा वर्गीय समाजमा आर्थिक रूपमा पिछडिएका र तल्लो वर्गका मानिसहरूले निम्नस्तरको भाषाको प्रयोग गरेका छन् :

"हुन्छ की कमलबाबु ! शालार बेटा शाला । नोनिया फरेब गर्छ ।"(पृ.२१९)

यसरी यस उपन्यासमा समयअनुकूल पात्रहरूले प्रयोग गरेको भाषालाई स्वाभाविक रूपमा प्रस्तुत गरिएको छ । पुरानो पुस्ताका मानिसहरूले बोल्ने भाषा नयाँ पुस्ताका तुलनामा केही फरक रहेको छ । नयाँ पुस्ताका पात्रहरू कमल, ताराजस्ता पात्रले प्रयोग गर्ने भाषा अलि स्तरीय र बौद्धिक देखिन्छ । तत्कालीन समयमा दरबारिया र त्यससँग सम्बन्ध भएका मानिसहरूले उच्च आदरार्थी भाषाको प्रयोग गर्ने गरेका छन् । यसको उदाहरण बमबहादुरको परिवारको भाषाबाट पाउन सकिन्छ । त्यसैगरी वि.सं २००७ साल अघि र त्यस वरिपरिको समयमा आर्थिक रूपमा पिछडिएका वर्गहरूले बोल्ने भाषा अलि निम्नस्तरको रहेको कुरा यस उपन्यासमा देखाइएको छ ।

### ४.२.५ समय र उद्देश्य

**एक पालुवा अनेकौं याम** उपन्यास वि.सं २०२६ सालमा प्रकाशनमा आए पनि यसले वि.सं २००७ साल वरिपरिको सङ्क्रमणकालीन नेपाली समाजको चित्रण गरेको छ । वि.सं २००७ साल अघिको सामाजिक परिवेश, नयाँ पुस्ता र पुराना पुस्ताबीचको द्वन्द्व, सामन्ती राणाशासनका साथै त्यस समयको सामाजिक, राजनीतिक अवस्थाको चित्रण गर्नु यसको उद्देश्य रहेको छ । सामाजिक वा पारिवारिक बिडम्वना, शोषणयुक्त सामाजिक स्वभाव, राजनैतिक चेतना, पुरानो संस्कार र नयाँ आदर्शका सम्मिश्रित मनस्थितिहरूबाट उब्जेका परिस्थितिहरूलाई यस उपन्यासले स्थान दिएको छ । राणाकालीन समयको सामन्ती संस्कार, शोषण, उत्पीडन र त्यसका विरुद्ध विद्रोह गर्ने वर्गको जन्म नभएको अवस्थाको चित्रण गर्नुका साथै परम्परागत र आधुनिक विचार भएका पात्रका बीचमा द्वन्द्व देखाउनु यस उपन्यासको उद्देश्य रहेको देखिन्छ ।

प्रस्तुत उपन्यास वि.सं २००७ सालको राजनैतिक हलचलका साथै नेपाली जनमानसमा क्रमश: हुर्कदैं आएको सामाजिक सङ्क्रमणको दोसाँधको प्रस्तुतिका साथै २००७ सालले समाजमा

ल्याएका आर्थिक, सांस्कृतिक र धार्मिक विचलनलाई समेत चित्रण गरेको छ । सामाजिक सन्दर्भमा सङ्क्रमणकालीन नेपाली समाजका वातावरण, जीवनप्रक्रिया, सामन्ती मनोवृत्ति र सङ्कुचित सोचाइहरू पाइन्छन् भने नयाँ विद्रोही वर्गको जन्म भइसकेको भइसकेको हुँदैन । यस्तो किसिमको जीवनसन्दर्भको चित्रण गर्ने उद्देश्य यसमा रहेको छ । राणाकालीन सामन्ती व्यवस्थामा चाकरी, चाप्लुसीका प्रभावमा आफूलाई उच्च वर्गका ठान्नेहरू, आभिजात्यको नयाँ आवरणमा बाँच्ने जमिनदार, खरिदार, लप्टनजस्ता पात्रहरूको यथार्थ चित्रण यसमा गरिएको छ भने तत्कालीन समयको राजनीतिक, धार्मिक, आर्थिक, सामाजिक आदि कुराको चित्रण पनि गरिएको छ । यस समयमा कतिपय पात्रहरू पुरानो संस्कार, मान्यता बोकेका पात्रहरू छन् भने कतिपय पात्रहरू शिक्षित, आधुनिक विचार भएका क्रान्तिकारीका साथै राजनैतिक चेतनाका लहरहरू उनीहरूमा आइसकेको समयअवस्थाको चित्रण गर्नु यसको उद्देश्य रहेको छ ।

## ४.३ वातावरण

उपन्यासमा पात्रहरूको मनोभावलाई प्रकट गर्नको लागि प्रस्तुत गरिएको प्राकृतिक वातावरण वा अवस्थालाई नै वातावरण भनिन्छ । उपन्यासमा वातावरणको प्रस्तुतिका माध्यमबाट स्वाभाविकता सिर्जना हुन्छ । **एक पालुवा अनेकौं याम** उपन्यासमा पनि पात्रहरूको मनोभावलाई व्यक्त गर्न विभिन्न प्रकारको प्राकृतिक वातावरणको प्रतिपादन गरिएको छ । उपन्यासमा प्रस्तुत भएको वातावरणको अन्य तत्त्वहरूसँगको सम्बन्धलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### ४.३.१ वातावरण र कथानक

**एक पालुवा अनेकौं याम** उपन्यासको कथानक विभिन्न वातावरणमा घटेका घटनाहरूको संयोजनमा रहेको छ । परिच्छेद एकमा अध्ययनको सिलसिलामा काठमाडौंको जेठाबाजेको घरमा बसेको अवस्थामा कमलकी आमाको मृत्यु हुन पुग्दछ । आमाको असामयिक मृत्युको घटनालाई देखाउनको लागि रातको अन्धकारयुक्त मौन र शून्य वातावरणको चित्रण गरिएको छ । त्यसपछि नरेन्द्रबहादुर आफ्ना छोराहरूको साथमा सहरकी जेठीसासूकोमा (कमलकी ठूलीआमा) बस्न थाल्छन् । यसक्रममा उनीहरूबीचमा घरव्यवहारका व्यवहारिक कुरा र नरेन्द्रको अर्को बिहे गर्ने प्रसङ्गमा छोरासँग कुरा गर्दा अँध्यारो र शून्य वातावरणको चित्रण गरिएको छ । त्यसपछि यस उपन्यासको कथानक नरेन्द्रबहादुरको अर्को बिहेको सन्दर्भलाई लिएर चैनपुरतिर लागेको छ । चैनपुरमा रामलखन पटुवारीले राजेश्वरीलाई मोहनी लगाउने कुरा गरेपछि खरिदार नरेन्द्रबहादुर चञ्चल र अधीर देखिन्छन् भने कमलको अनुहारमा छिनभर पहिले फैलिएको उदासीनताको छायाँ मानो हराउँछ । राजेश्वरीलाई मन्तरेको पेडा खुवाएपछि जेठकी मालकिनी तथा नरेन्द्रबहादुरमा फैलिएको रौनकता तथा खुसीयालीलाई उनीहरूको क्रियाकलापमार्फत् देखाइएको छ । साथै यस अवस्थामा कमलले राजेश्वरीले पेडा खाएको कुरा बाबुलाई भनेपछि नरेन्द्रबहादुरमा उत्सुकता र खुसीयाली देखिएको छ । रामलखनको नीच र दुष्ट प्रवृत्ति र कालो मनलाई देखाउनको लागि उसको रूपरङ्ग पनि सेतो धोती र कुर्ता लगाई हिँड्ने रातभैँ अँध्यारो भनी चित्रण गरिएको छ । चैनपुरमै कमल रतनमामासँगको साथमा अथवा उनीसँग खेल्न, हिँड्न र डुल्नमा रमाइरहेको

अवस्थाका साथै भित्री मनमा बाबु नरेन्द्रप्रतिको डर र त्रासलाई दर्शाउन चैनपुरको वातावरणको चित्रण यसरी गरिएको छ :

"साँझ ओर्लिसकेको छ । गाउँका फूसका छाना छानामा, आँगन आँगनमा बाग बगैंचा र खेतका सपाट छातीमा । हावा चालमारेर उसलाई छुँदै गोधुलीमा मिसिन्छ ।............................।" (पृ.३२)

नरेन्द्रबहादुरले राजेश्वरीलाई बिहे गर्न नपाएको झोंकमा मकवानपुरमाथि मुद्दा दायर गरेर वारेस छोरालाई सुम्पन्छ भने आफू गौरीगञ्ज बस्न थाल्छ । बाबुको मुद्दाको वारेस भएर कमल जेठकी मालकिनीकोमा बस्न थाल्छ र वीरगञ्ज ओहोरदोहोर गर्छ । यसैक्रममा जेठकी मालकिनी घरमा नभएको बखत र कमल मुद्दाको सिलसिलामा वीरगञ्ज पुगेका बेला जेठकी मालकिनीको घरका सम्पूर्ण सामानहरू चोरी हुन्छन् । घर फर्कदा घरमा चोरी भएको थाहा पाएपछि भएको कमलको उदास मनस्थितिको चित्रणका लागि चैनपुरको वातावरण र बगैंचाको उराठ र नियास्रो वातावरणको चित्रण गरिएको छ । साथै चोरीको उदासीन दृश्य देखाउनको लागि र त्यसभन्दा अगाडि लैलामजनूका नाटकका रमाइला दृश्यहरूका साथै कमलमा चढ्दै गएको जवानीसँगै उसमा उत्पन्न भएका रङ्गीन भावनाहरूका साथै गाउँले ठिटीहरूसँगको रसरङ्गको रमाइलो वातावरणलाई देखाइएको छ । चैनपुरबाट लखेटिएपछि कमल वीरगञ्जमा जेठाबाबुको घरमा बस्न थाल्छ । उसको सामीप्य लप्टन बमबहादुरको परिवारसँग बढ्दै जान्छ । यसक्रममा लिचु र कमलबीच प्रेमसम्बन्ध पनि बढ्न जान्छ । उनीहरूको प्रेमसम्बन्धलाई देखाउनका लागि लिचुमैयाँको घर अगाडिको सुन्दर लहरे गुलाबको झ्याङ्लाई चित्रण गरिएको छ । साथै लिचु र कमलको विछोडलाई देखाउन राजकुमारको कथा अगाडि सारिएको छ । कमलले लिचुलाई मायारूपी पत्र लेख्दा वा प्रेम व्यक्त गर्दाको अवस्थामा रातको निस्तब्धतामा टहटह जूनेलीमा, आकाशमा ताराहरू चम्किरहेको बखत पोखरीको डिलमा जितको झैं लयमा गीत गुनगुनाउँदै पोखरीको पानीमा खुट्टा चलाउँदै उसको मन र चेतनालाई चित्रण गरिएको छ ।

वीरगञ्जमा लिचुमैयाँ र कमलको प्रेमसम्बन्धको बारेमा लप्टन बमबहादुरले थाहा पाई लिचुमैयाँलाई दण्ड दिएपछि अपमान र लाञ्छनाबाट आत्मरक्षा गर्ने हेतुले कमल जोगवनी रेलवे स्टेसन हुँदै विराटनगरतर्फ लाग्दछ । यहाँबाट उपन्यासमा कथानकले नयाँ मोड लिन पुग्दछ । विराटनगरमा कमल पाठकनी बुढियाको घरमा पुग्दछ । त्यहाँ उसको भेट बाबु नरेन्द्रसँग हुन्छ । साथै कमलले पुनः अध्ययन गर्नुपर्ने ताराको सल्लाह र अनुरोधमा विराटनगरमै कमलको अध्ययनको सिलसिला पुनः जोडिन्छ । ऊ पाठकनी बुढियाको घरमा बस्न थाल्छ । तारालाई क्रान्तिकारी र विद्रोही नारीको रूपमा चित्रण गर्नका लागि उनको जीवनमा सानैमा बिहे, बिहेपछि कुम्भमेलाको वातावरणमा परिवारबाट बिछोडिई हिँडिरहेका बेला दुईजना बाबाजीहरूले परिवारका बीचमा पुऱ्याइदिन्छौं भनेर टाढा एकान्त जङ्गलमा लगी शरीरका सारा गहना एक-एक गरेर फुकालेर लगेको र उनलाई त्यहीँ छोडिएको दयनीय अवस्थाको चित्रण गरिएको छ । विराटनगरमा कमल र तारा साँझको बेलामा घुम्न निस्कन्छन् । ताराको कमलप्रति केही मात्रामा अनुराग रहेको पाइन्छ । यही ताराको कमलप्रतिको प्रेम आसक्तिलाई देखाउन विराटनगरको सुनसान एकान्त स्थान, रातको बेलाको वातावरणको चित्रण गरिएको छ ।

यस उपन्यासमा तारा राजनैतिक क्रममा फरार भएपछि कमल आफ्नो घर गौरीगञ्ज फर्कन्छ भने कथानकले पनि गौरीगञ्जको वातावरणमा फरक मोड लिन पुगेको छ । गौरीगञ्जमा कमल कामद गइरहेको बेलामा बाबु नरेन्द्रबहादुर र च्यान्टी मिलेर कल्पनामाथि बलात्कारको प्रयास गरिरहेको अवस्थामा चुरोट बिर्सिएकाले ऊ फर्केर आउँछ । यस अवस्थामा त्यो भयावह दृश्यले उसको हात कामेको र खुट्टा लगलगाएको साथै उसलाई शिथिल अनुभव हुन्छ । रात्रीकालीन समयको वातावरण यसमा प्रस्तुत गरिएको छ । पौरुषहीनताको आभास बोकी अर्थात् कल्पनासँगको पराजयबाट नरेन्द्रबहादुरलाई घर गृहस्थी, स्वास्नी छोराछोरी र जन्म नै निस्सारबोध भई बिहान उज्यालो भएपछि ससुराली जान तयार भएको बयलगाडामा बसेर विराटनगर जानुको सट्टा धोती रुमाल काँधमा हाली जोगी हुन निस्केका पछिपछि रुँदै च्यान्टी आइरहेका बेला गौरियाखोलामा कमलसँग भेट हुन्छ । यस अवस्थाको बिहानीको समयको चित्रण उपन्यासमा भएको छ । साथै नरेन्द्रको निस्सार जीवनलाई चित्रण गर्न गंगा नुनियाले उडाएको धुवाँलाई प्रस्तुत गरिएको छ । बलात्कारको शिकार भएकी कल्पनाको ज्वरोग्रस्त अवस्थालाई देखाउन कमलको माध्यमबाट यस्तो किसिमको वातावरणको प्रतिपादन गरिएको छ :

"यो स्वाडी दुर्गन्ध फाँसीको फन्दा हुऱ्याउँदै उसलाई पछि लागेझैं अनुभव हुन थाल्छ । ..........................................................।" (पृ.२२९-२३०)

छब्बीसौं परिच्छेदमा कमल र कल्पना मिलेर घरका कोठाहरूमा सरसफाइका क्रममा रमाइलो वातावरण, कमलको बिहेको कुरा, नयाँ दुलही (कमलकी हुनेवाला दुलही) कस्ती आउने हुन् भन्ने तथा कान्छीआमा कल्पनालाई अर्को बिहे गर्न सल्लाह दिँदै रमाइलो वातावरण सिर्जना भइरहेको बेला उसको बा नरेन्द्रबहादुर घरमा आई सबै कुरा सुन्दा उसको शरीर शिताङ्ग हुन्छ । यसैबेला नरेन्द्रबहादुरले छोरालाई कान्छीआमाप्रति आशय करणी गरेको भनी आरोप लगाउँछन् । सत्ताईसौं परिच्छेदमा कमललाई लिएर नरेन्द्रबहादुर गौरिया खोलातर्फ हिँडेपछि अब बाबुले के गर्ने हुन् भन्ने स्थितिमा कमलले आफूलाई एउटा चुँडिएको मालाको दानाझैं ऊ आफूलाई अनुभव गर्छ । मौनता उसलाई एकदमै अस्वाभाविकझैं लाग्न थाल्छ । नरेन्द्रबबहादुरले लप्टन बमबहादुरकी छोरी लिचुमैयाँसँग आफ्नो छोरा कमलको बिहे गराई काठमाडौंको नयाँ घरमा राखेर आफू गौरीगञ्ज फर्कन्छ । यसपछि कथानकले छुट्टै मोड लिएको छ । बिहे भएको तीन महिना नबित्दै छोरा जन्माएकी लिचुको दयनीय अवस्थाको चित्रणका साथै उसलाई घरबाट निकाल्न छिमेकीहरू लागिपरेको अवस्थालाई प्रस्तुत गर्न मानिसहरूको खिसी र हाँसोयुक्त वातावरणको सिर्जना गरिएको छ । उपन्यासको अन्तमा लिचुमैयाँको आत्महत्यालाई देखाउन कमल दसैंमा टीका थाप्न ससुराली नगएपछि विरक्तिएर हिँडेको कमलको मानसिकताको चित्रणमा शून्य वातावरण, उराठतापूर्ण वातावरणको चित्रण गरिएको छ ।

यसरी यस उपन्यासको कथानकमा पात्रका विभिन्न मानसिक भावहरूलाई व्यक्त गर्नको लागि विभिन्न खालको प्राकृतिक वातावरणको सिर्जना गरेर उपन्यासलाई स्वाभाविक र गतिशील तुल्याइएको छ ।

## ४.३.२ वातावरण र पात्र

**एक पालुवा अनेकौं याम** उपन्यासमा घटित घटनालाई विभिन्न स्थान र पात्रहरूका माध्यमबाट स्वाभाविक तुल्याउने र गतिशील बनाउने कार्य भएको छ । यसमा प्रस्तुत गरिएका पात्रहरू विभिन्न ठाउँहरूबाट टिपिएका छन् । यिनीहरूका माध्यमबाट विविध किसिमका भावहरू प्रकट गर्न विभिन्न किसिमको वातावरणको सिर्जना गरिएको छ ।

कमल यस उपन्यासको प्रमुख पात्र हो । ऊ मातृविहीन टुहुरो बालक हो । उपन्यासको प्रारम्भमै उसकी आमाको मृत्युको घटनालाई देखाउनको लागि र उसको अवस्थालाई चित्रण गर्नका लागि रातको अन्धकारयुक्त मौन र शून्य वातावरणको चित्रण गरिएको छ । कमल आमाको मृत्युपछि बाबुसँग सहरकी ठूलीआमाकोमा रहँदा बाबुले अर्को बिहेको कुरा गर्छन् यसै प्रसङ्गमा कुरा चल्दा अँध्यारो र शून्य वातावरणको चित्रण गरिएको छ । चैनपुरमा कमल रतनमामासँग खेल्न र डुल्नमा रमाउँछ भने भित्री मनमा बाबुप्रति उसको डर र त्रास देखिन्छ । यस्तो किसिमको कमलको आन्तरिक भाव व्यक्त गर्नका लागि चैनपुरको वातावरणको चित्रण गरिएको छ । जेठकी मालकिनीको घरका सम्पूर्ण सामानहरू चोरी भएपछि उदास भएको कमलको मनस्थितिको चित्रणका लागि चैनपुरको वरपरको वातावरण र बगैंचाको उराठ र नियास्रोपनको चित्रण गरिएको छ । युवावस्थाको उमेरमा कमलमा चढ्दै गएको जवानीको भावलाई व्यक्त गर्नका लागि लैलामजनूका नाटकका रमाइला दृश्यहरूका साथै गाउँले केटीहरूसँगको रमाइलो वातावरणलाई देखाइएको छ । कमलको मनमा रहेको लिचुमैंयाँप्रति प्रेमलाई व्यक्त गर्न उसले मायारूपी पत्र लेख्दा अर्थात् माया व्यक्त गर्दा रातको टहटह जूनेली समय, पोखरीको डिल, गीत गुनगुनाउँदै र पानीमा खुट्टा चलाइरहेको वातावरणमा कमलको मन र चेतनाको चित्रण गरिएको छ । छब्बीसौं परिच्छेदमा कमलको कान्छी आमाप्रतिको आकर्षण, नरेन्द्रबहादुरको डर, त्रासलाई चित्रण गर्नका लागि कमल र कल्पना मिलेर घरका कोठाहरूमा सरसफाइका क्रममा रमाइलो वातावरण,कमलको बिहेका कुरा, नयाँ दुलहीका बारेमा जिज्ञासा तथा कल्पनालाई अर्को बिहे गर्न सल्लाह दिँदै रमाइलो वातावरणको सिर्जना गरिएको छ । कमललाई लिएर नरेन्द्रबहादुर गौरिया खोलातर्फ हिँडेपछि अब बाबुले के गर्ने हुन् भन्ने त्रासमय स्थितिमा रहेको कमलले आफूलाई एउटा चुँडिएको मालाको दानाझैं ऊ आफूलाई अनुभव गर्न थाल्छ । यस अवस्थामा मौन, भय र आतङ्कयुक्त वातावरणको सिर्जना गरिएको छ । बिहे भएको तीन महिना पनि नबित्दै लिचुले छोरा पाएपछि कमलको उदास र तनावपूर्ण मानसिकताको चित्रणका लागि शून्य र उराठतापूर्ण वातावरणको चित्रण गरिएको छ ।

नरेन्दबहादुर यस उपन्यासको सहायक पुरुष पात्र हो । यसले तत्कालीन परम्परित समाजमा विद्यमान जमिन्दार, मुखिया, सुब्बाङ्गी र मालिक्याइँजस्ता वर्गहरूको नेतृत्व गरेको छ । जागिरे जीवनबाट अवकाश लिएपछि आफ्नो घर गौरीगञ्जमा बस्ने क्रममा उसकी श्रीमती अर्थात् कमलकी आमाको मृत्यु हुन्छ । आफ्नी श्रीमतीको मृत्यु भएकोले तीन महिना पनि नबित्दै उसले बिहे गर्ने इच्छा व्यक्त गर्दछ जतिबेला ऊ आफ्ना छोराहरूका साथ सहरकी आफ्नी जेठीसासूकोमा बसेको हुन्छ । यसैबखत नरेन्द्रले बिहेका कुरा गर्दा उसको मनस्थितिको चित्रणका लागि अँध्यारो र शून्य वातावरणको चित्रण गरिएको छ । त्यसैगरी रामलखन पटुवारीले राजेश्वरीलाई मोहनी लगाउने कुरा गरेपछि खरिदार नरेन्द्रबहादुर चञ्चल र अधीर देखिन्छन् ।

राजेश्वरीलाई मन्तरेको पेडा खुवाएपछि नरेन्द्रबहादुरमा फैलिएको उत्सुकता र खुसियालीलाई विभिन्न क्रियाकलापमार्फत् देखाइएको छ । पौरुषहीनताको आभास बोकी अर्थात् कल्पनासँगको पराजयबाट नरेन्द्रबहादुरलाई घरगृहस्थी, स्वास्नी, छोराछोरी र जन्म नै निस्सारबोध भई बिहान उज्यालो भएपछि ससुराली जान तयार पारेको बयलगाडामा बसेर विराटनगर जानुको सट्टा धोती रुमाल काँधमा हाली जोगी हुन निस्केका पछि पछि रुँदै च्यान्टी आइरहेको अर्थात् नरेन्द्रबहादुरको निस्सारपूर्ण जीवनलाई देखाउन गौरिया खोलाको बिहानीको वातावरणमा गंगा नुनियाले उडाएको धुवाँको चित्रण गरिएको छ ।

लिचुमैयाँ यस उपन्यासकी मुख्य सहायक नारी पात्र हो । कमलको जीवनमा प्रत्यक्ष रूपले प्रभाव पारेकी र मूल कथानकमा सहभागी हुनाले उनलाई उपन्यासको नायिका पनि भन्न सकिन्छ । सहरिया परिवेश र उच्च खानदानसँग सम्बन्ध भएको परिवारमा जन्मेकी लिचुको यौन मादकताले भरिएको नयनलाई देखाउन वीरगञ्जमा लहरेगुलाफको झ्याङ्को सुन्दर चित्रण गरिएको छ । त्यस्तै लिचुको कमलप्रतिको आकर्षणलाई देखाउनको लागि उसका विभिन्न क्रियाकलापहरूको चित्रण गरिएको छ । लिचु र कमलको विछोडलाई देखाउन राजकुमारको कथा अगाडि सारिएको छ । बिहे भएको तीन महिना नबित्दै छोरा जन्माएकी लिचुको दयनीय अवस्थाको चित्रणका साथै उसलाई घरबाट निकाल्न छिमेकीहरू लागिपरेको अवस्थालाई प्रस्तुत गर्न मानिसहरूको खिसी र हाँसोयुक्त वातावरणको सिर्जना गरिएको छ । त्यस्तै उपन्यासको अन्तमा लिचुमैयाँको आत्मस्वाभिमान अर्थात् आत्महत्यालाई देखाउन शून्य वातावरण, उराठतापूर्ण वातावरणको चित्रण गरिएको छ ।

तारा यस उपन्यासकी सहायक नारी पात्र हो । यस उपन्यासमा तारालाई क्रान्तिकारी र विद्रोही नारीको रूपमा चित्रण गर्नका लागि सात वर्षकै उमेरमा विवाह भएको र कुम्भको मेलाको वातावरणमा परिवारबाट विछोडिई हिँडिरहेको बेला दुईजना बाबाजीहरूले परिवारको बीचमा पुऱ्याइदिन्छौं भनेर टाढा एकान्त जङ्गलमा लगी शरीरका सारा गहना एक-एक गरेर फुकालेर लगेको र उनलाई त्यहीं छोडिएको साथै पाँचवर्षपछि घर फर्कदा सासूसुराबाट बुहारीका रूपमा स्वीकार नगरेपछि अध्ययन प्रारम्भ गरेर प्राध्यापक बनेको कुराको चित्रण गरिएको छ । साथै ताराको कमलप्रतिको यौन आसक्तिलाई देखाउन विराटनगरको एकान्त स्थान, रातको बेलाको वातावरणको चित्रण गरिएको छ ।

कल्पना यस उपन्यासको सहायक नारी पात्र हो । सौतेनी परिवारमा हुर्किएकी कल्पना उसको बाबुको मृत्युपछि सौतेनी आमा र दाजुहरूबाट नरेन्द्रबहादुरको तीन हजार ऋणमा बेचिएर आएकी केटी हो । यस उपन्यासमा कल्पनाको बाबुप्रतिको आकर्षण र प्रेमलाई देखाउन कल्पनाले जहिले पनि सपनामा बाबुलाई देख्ने कुरा उल्लेख गरिएको छ । बलात्कारको शिकार भएकी कल्पनाको ज्वरोग्रस्त अवस्थालाई देखाउन कमलको माध्यमबाट यस्तो किसिमको वातावरणको प्रतिपादन गरिएको छ :

"त्यो स्वाडी दुर्गन्ध फाँसीको फन्दा हुऱ्याउँदै उसलाई आफ्नो पछि लागेझैं.............। (पृ.२२९-२३०)

अनमेल बिवाहका कारण परम्परावादी बूढो लोग्ने भनाउँदो नरेन्द्रलाई हरेक कुराबाट तिरस्कार गर्ने कल्पनाको मनोवैज्ञानिक चित्रणमा फूलहरूको स्याहार गर्नु र फूलहरूतर्फको आकर्षणलाई देखाइएको छ ।

रामलखन पटुवारी यस उपन्यासको सहायक पुरुष पात्र हो । उसको नीच र दुष्ट प्रवृत्तिका साथै कालो मनलाई देखाउनका लागि उसको स्वरूप र रूपरङ्ग पनि रातझैं अँध्यारो भनी चित्रण गरिएको छ । ऊ आन्तरिक रूपमा चाकरी चाप्लुसी गर्ने, आँखामा वासनात्मक प्रवृत्ति देखिने, लोभी भावना भएको पात्र हो ।

यसरी यस उपन्यासमा विभिन्न भावलाई व्यक्त गर्न विभिन्न किसिमको वातावरणको प्रतिपादन गरिएको छ ।

### ४.३.२ वातावरण र संवाद

**एक पालुवा अनेकौं याम** उपन्यासमा संवादहरूको प्रयोग आवश्यक र सार्थक रूपमा गरिएको छ । उपन्यासमा प्रयुक्त संवादहरू झर्को लाग्दा नभई रोचक र कौतूहलपूर्ण छन् भने यिनीहरूका माध्यमबाट विभिन्न भावहरू व्यक्त गरिएको छ । यस उपन्यासमा कमललाई जेठाबाजेप्रतिको डर र त्रासलाई देखाउन काठमाडौंमा रातको सुनसान वातावरणमा घण्टाघरको टिनटिन आवाजको चित्रण गरिएको छ । साथै यस समयमा कमलकी आमाको मृत्युको घटनालाई देखाउन रातको एकान्त सुनसान अन्धकार एकान्त समयको चित्रण गरिएको छ । आमाको मृत्युपछि टुहुरो बन्न पुगेको कमललाई कुलदेउताको प्रसाद भनेर जेठाबाजेले केही खानेकुरा खुवाउन खोज्दा उनीहरूकाबीच यी संवादहरू भएका छन् :

"....................केही छैन अब एकछिनमा सुत्लास् । एकछिनपछि म रिफेललाई लिएर गैहाल्छु । आउने पनि थिइनँ । के गर्नु आउन पऱ्यो । रिफेलको हातमा तेरो जेठाबाले खानेकुरा पठाउनुभएको रहेछ,त्यसैले ।"

"यति राति खानेकुरा !"

"त्यै त भन्छु नि कुलदेउताको प्रसाद रे । त्यसैले रातारात गरेर बिचरा रिफेललाई आउन परेको । नत्र को आइरहन्थ्यो यति बेला रमनको आँखा छलेर कसो रिफेल ?" (पृ.४)

श्रीमतीको मृत्युपछि उदास देखिएको र अर्को बिहेको सन्दर्भमा गम्भीर देखिएको नरेन्द्रको मानसिक अवस्थाको चित्रणका लागि उसकी सहरकी जेठीसासूको घरको सुनसान र अन्धकार रातको निद्रा नपरेको र मनमा छटपटी र बेचैनी बढेको वातावरणको चित्रण गरिएको छ । साथै यस समयमा नरेन्द्र र कमलबीच भएका केही संवादहरू यसप्रकार छन् :

"साँच्ची भन्छु कमल ! तँ साह्रै सानो थिइस् एकदम मरञ्च्याँसे । हरहमेसै भनेजस्तो तँलाई यो छातीमा च्यापेर हिँड्ने गर्थे । तैंले यो हातमा कति हगिस् होलास्, कति मुतिस् होलास् । अहिलेसम्म त्यसको गन्ध यो हातमा टाँस्सिएको छ । आज भीष्मजस्तो भैदिए मेरो छाती हर्षले कत्रो फराकिलो हुने थियो । अब तेरी आमा छैन, तेरा भाइहरू साना छन् ।"

"त्यसो भए एउटा बिहे गरे पनि त हुन्छ नि !"

"बिहे त बिहे कसलाई बिहे गर्ने ?"

".........................।" (पृ.२६)

जेठकी मालकिनीको घरका सम्पूर्ण सामानहरू चोरी भएपछि निराश र उदास भएको कमलको मानसिकताको चित्रणमा चैनपुरको उदास, नियास्रो र उराठिलो वातावरणको चित्रण गरिएको छ । जेठकी मालकिनीले के भन्ने हुन् भन्ने डर र त्रासमा रहेको कमलमा उनी फर्केपछि उनीहरूबीचमा निम्न संवादहरू भएका छन् :

"मैले सब थाहा पाइसकेकी छु । तिम्रो केही दोष छैन । दोष त छ उसैलाई जसले धनी र गरीब छुट्टयाएको छ । हरे ! बिचरा कति गरीब रहेछ, लुगाकपडा, भाँडाकुँडा त लग्यो लग्यो माटाका भाँडासमेतलाई पनि माया मार्न सकेन । राती कहाँ सुत्यौ त ?"
"यहीं" ……………………………………………।" (पृ.६६)

ताराको कमलप्रतिको आकर्षणलाई देखाउन विराटनगरको परिवेशमा साँझमा जून लागिसकेको समयमा बाँसको झ्याङ्मा बास बसेका बकुल्लाका बथानहरू पनि उँध्न थालेको समय, खोलाको किनारमा हरियो दुबोमाथि पल्टिएर ताराले निलो आकाशतिर हेरिरहेको सूनसान एकान्त स्थान, रातको बेलामा कमल र ताराबीच निम्नसंवादहरू भएका छन् :

"सबै कुराको सीमा हुन्छ माइजू । त्यो बाँसको झ्याङ् देख्नुहुन्छ, त्यसमा बस्ने बकुल्लाहरूले पनि त अहिलेसम्म उडिरहन पर्ने हो । हामी मान्छे ती पञ्छी फेरि पनि सीमा छ किन ?"
"जो बन्धनमुक्त छ उसलाई केको सीमा……………………………………………………।" (पृ.२५४)

कमल र कल्पना मिलेर कोठा सफा गर्दै रमाइलो वातावरण सिर्जना भईरहेको, कमलकी हुनेवाला दुलहीको बारेमा तथा कमलले कान्छीआमा कल्पनालाई अर्को बिहे गर्न सल्लाह दिएको अवस्थामा नरेन्द्रबहादुर घरमा आई सबै कुरा सुन्छन् र कमललाई कान्छीआमाप्रति आशय करणीको अभियोग लगाउँछन् । यस अवस्थामा कल्पना र कमलबीच विभिन्न संवादहरू भएका छन् । त्यस्तै बिहे भएको तीन महिना नबित्दै छोरा जन्माएकी लिचुको दयनीय अवस्थाको चित्रणका साथै उसलाई घरबाट निकाल्न छिमेकीहरू लागिपरेको अवस्थामा मानिसहरूको खिसी र हाँसोयुक्त वातावरणको सिर्जना गरिएको छ । यस अवस्थामा कमल र छिमेकीहरूबीच निम्न संवादहरू भएका छन् :
"को बेस्से ?"
"अरू को नि ! यही बेस्सेको कुरा गर्छु ।"
"यो कि तपाईंहरू ।" (पृ.२९३)

लिचुमैयाँको आत्महत्यालाई देखाउन कमल दसैंमा टीका थाप्न ससुराली नगएपछि विरक्तिएर हिँडेको कमलको मानसिकताको चित्रणमा शून्य वातावरण, उराठपूर्ण वातावरणको चित्रण गरिएको छ । यसैक्रममा उनीहरूबीच भएका संवादहरू निम्नानुसार छन् :
"भन्ठानेकी थिएँ मैले प्यार पाएकी छु, सहाराको निम्ति बलियो ढालजस्तो छाती पाएकी छु । हरे ! कति भुलमा रैछु म………।"
"कुन साहसले त्यस्तो आशा गरेकी ?"

"त यही चाहेको होइन हजूरले । दुनियाले मलाई रण्डी वेश्या भनेर हिँडोस्, बाहिर निस्कँदा सुकुल गुण्डाहरू सिटी बजाउँदै मेरो पछि लागून् । यस्तै थियो भने किन त्यति बेला नै मलाई सफासफी भनेर खोरमा नपठाएको ? कम से कम आत्महत्या गरेर भए पनि म तपाईंबाट पन्छिन सक्ने थिएँ ।"

"आत्महत्या ।" (पृ.३७२)

यसरी यस उपन्यासमा विभिन्न संवादहरू आएका छन् ।

### ४.३.४ वातावरण र भाषा

**एक पालुवा अनेकौं याम** उपन्यासमा परिष्कृत र परिमार्जित गद्य भाषाको प्रयोग गरिएको छ । दृश्यात्मक पद्धति र वर्णनात्मक शैलीलाई अङ्गीकार गरेको यस उपन्यासमा पाठकीय आकर्षण र स्वाभाविकता ल्याउन नाटकीय ढङ्ग अपनाउँदा संवादात्मक अभिव्यक्तिको पनि प्रयोग भएको छ । ठाउँ ठाउँमा पूर्वस्मृतिको भाषाको प्रयोग गरिएको छ भने उखानटुक्का र अनुकरणात्मक शब्द प्रयोगले उपन्यासको भाषाशैलीलाई सजीव, सुन्दर र कलात्मक बनाएको छ । केही ठाउँमा पत्रात्मक तथा सम्बोधनात्मक शैलीको प्रयोग भेटिन्छ । **एक पालुवा अनेकौं याम** उपन्यासमा प्रस्तुत गरिएको विभिन्न वातावरणमा विभिन्न किसिमको भाषाको अभिव्यक्ति भएको छ ।

कमल र नरेन्द्रबहादुरबीच नरेन्द्रको बिहेको विषयमा कुरा हुँदा नरेन्द्रबहादुरको गम्भीरता र श्रीमतीको मृत्युपछिको उदासीनतालाई देखाउन सुनसान, अँध्यारो वातावरणको सिर्जना गरिएको छ । उनीहरूले प्रयोग गरेको भाषा सामान्य बोलीचाली वा मानक नेपाली छ भने उनीहरूको कुरा गराइको शैली अनौपचारिक किसिमको छ । जेठकी मालकिनीको घरका सम्पूर्ण सामानहरू चोरी भएपछि निराश र उदास भएको कमलको मनस्थितिलाई चित्रण गर्न रातको शून्य र मौन वातावरण आएको छ । रामलखन पटुवारीको घरमा झ्याली, मजीरा, ढोलक र हारमोनियमको स्वरले गुञ्जायमान छ र चैनपुरे देहाती भाषाको गीत गाएका छन् । वीरगञ्जमा कमल र लिचुमैंयाको प्रेमाकर्षणलाई देखाउन लिचुको घर अगाडि लहरे गुलाबको सुन्दर चित्रण गरिएको छ । यस क्रममा लिचुको परिवारका सदस्यहरूको भाषा उच्च आदरार्थी छ भने लहरे गुलाबको झ्याङ् लिचुको यौवनको प्रतीकका रूपमा आएको देखिन्छ । कमल र लिचुको प्रेमसम्बन्धलाई व्यक्त गर्दा जुनेली रात, आकाशमा ताराहरू, पोखरीको पानीमा खुट्टा चलाइरहेको वातावरणमा पत्रात्मक भाषाशैलीको अबलम्वन गरिएको छ :

मधुरे !

तिम्रो नौनी कुँदिएको झैं मूर्तिमा......................................................। (पृ.९६)

तारा र कमलको प्रेमआकर्षणलाई देखाउन विराटनगरको परिवेशमा टह-टह जून लागिरहेको साझँको बेला, बाँसको झ्याङ्मा बकुल्लाहरू बास बसिसकेको समय, खोलाको किनार हरियो दुबोमाथि पल्टिएर निलो आकाशतिर हेरिरहेकी तारा र चुरोटको धुवाँ उडाइरहेको कमलका साथै सुनसान एकान्त स्थानको चित्रणका साथै उनीहरूबीच भएको कुराकानीमा काव्यात्मक भाषाको प्रयोग गरिएको छ :

"सबै कुराको सीमा हुन्छ माइजू । त्यो बाँसको भ्याङ् देख्नुहुन्छ त्यसमा बस्ने बकुल्लहरूले पनि त अहिलेसम्म उडिरहनुपर्ने हो । हामी मान्छे ती पन्छी फेरि पनि सीमा छ किन ?" (पृ.१३२)

तारालाई क्रान्तिकारी र विद्रोही नारीको रूपमा चित्रण गर्न कुम्भमेलामा अपहरणमा परी परिवारबाट विछोडिई डाँकाहरूद्वारा टाढा एकान्त जङ्गलमा लगी शरीरका सारा गहना फुकालेर लगेको र उनलाई त्यहीँ छोडिएको दयनीय अवस्थाको चित्रण गरिएको छ । साथै यसपछि अध्ययन गरेर प्राध्यापक समेत भइसकेकी ताराको भाषाशैली बौद्धिक र तार्किक छ । यस उपन्यासको अन्तमा लिचुमैंयाको आत्महत्यालाई देखाउन कमल दसैंमा टीका थाप्न ससुराली नगएपछि विरक्तिएर हिँडेको कमलको मानसिकताको चित्रणमा शून्य वातावरण, उराठतापूर्ण वातावरणको चित्रणका साथै उनीहरूबीच संवादात्मक भाषाशैली अवलम्वन गरिनुका साथै लिचुको भाषाशैली उच्च आदरार्थी रहेको देखाइएको छ । विभिन्न ठाउँमा संवादात्मक भाषाशैलीद्वारा विभिन्न भावहरू व्यक्त गरिएको यस उपन्यासको कतिपय ठाउँमा मनोवादको पनि प्रयोग गरिएको छ । विभिन्न अवस्था र वातावरणमा अनुकरणात्मक शब्दका साथै उखानटुक्काको पनि प्रयोग गरिएको छ । विभिन्न अवस्था र वातावरणमा भाषिक विचलनको अवस्थाबाट स्वाभाविक भावको सिर्जना गएिको छ ।

यसरी यस उपन्यासमा गरिएको भाषिक प्रयोगबाट पनि उपयुक्त वातावरण सिर्जना गरी विभिन्न भावहरू व्यक्त गर्न सहयोग पुगेको छ ।

### ४.३.५ वातावरण र उद्देश्य

**एक पालुवा अनेकौं याम** उपन्यासको कथानकमा पात्रका विभिन्न भाव र अवस्थाहरूलाई प्रस्तुत गर्नको लागि विभिन्न प्रकारको वातावरणको प्रस्तुति गरिएको छ । उपन्यासमा विभिन्न अवस्थाको प्राकृतिक वातावरणको चित्रण गरेर पात्रका मनोभावनाहरूको प्रकट स्वाभाविक रूपमा गरिएको छ । उपन्यासमा पात्रका सुखद मनोभावहरू र दुःखद मनोभावहरूको प्रकट गर्नको लागि त्यस्तै किसिमको सुहाउँदो वातावरणको प्रस्तुति गरिएको छ । यस उपन्यासमा प्रकट भएको वातावरणको माध्यमबाट उपन्यासकारले उपन्यासलाई स्वाभाविक तुल्याउनुका साथै विभिन्न भाव र विचारहरूको प्रस्तुति गर्ने कार्य गरेका छन् ।

**एक पालुवा अनेकौं याम** उपन्यासको परिच्छेद एक मैं प्रस्तुत गरिएको रातको अन्धकारयुक्त, मौन र शून्य वातावरणको माध्यमबाट उपन्यासकारले मृत्युको भयानक दृश्यलाई चित्रण गर्ने उद्देश्य लिएका छन् । त्यस्तै कमल र नरेन्द्रबहादुर सहरकी ठूलीआमाकहाँ रहँदा श्रीमतीको मृत्युको कारण निराश र उदासीन नरेन्द्रको मानसिक अवस्थाका साथै अर्को बिहेको मनस्थितिको चित्रणका लागि रातको अँध्यारो र शून्य वातावरण प्रस्तुत गरिएको छ । कमलको बाबुप्रतिको डर र त्रासलाई चित्रण गर्नका लागि चैनपुरमा त्यस्तै किसिमको प्राकृतिक वातावरणको सिर्जना गरिएको छ । रामलखन पटुवारीको नीच, दुष्ट प्रवृत्तिलाई देखाउनको लागि उसको रूपरङ्गलाई रातको अँध्यारोपनसँग तुलना गरिएको छ । जेठकी मालकिनीको घरका सम्पूर्ण सामानहरू चोरी भएपछि उदास हुन पुगेको कमलको मानसिकताको चित्रणका लागि वातावरण र बगैंचा नै उराठ र नियास्रो भएको प्राकृतिक वातावरणको प्रस्तुति गरिएको छ । चोरीको उदासीन दृश्यलाई देखाउनको लागि त्यसभन्दाअगाडि लैलामजनूका नाटकका रमाइला दृश्यहरू प्रस्तुत गरेर

रमाइलो वातावरणका माध्यमबाट एक्कासि दुःखद वातावरण प्रस्तुत गरिएको छ । वीरगञ्जमा कमल र लिचुको प्रेमसम्बन्धलाई देखाउनको लागि लहरे गुलाबको भ्याङ्को सुन्दर चित्रण गरिएको छ । उनीहरूबीच भएको प्रेम व्यक्त गर्दाको अवस्थामा सुन्दर जुनेली साँझका साथै आकाशमा ताराहरू चम्किरहेको र त्यसको छायाँ पोखरीमा परेको सुन्दर वातावरणको प्रस्तुति  गरिएको छ । कुम्भमेलामा ताराको अपहरण, एकान्त जंगलमा डाँकाहरूले छोडेको दुःखद वातावरण सिर्जना गरी त्यस दुःखद वातावरणले ताराको जीवनमा आमूल परिवर्तन गरी उनलाई शिक्षित, बौद्धिक, क्रान्तिकारी र विद्रोही नारी हुने अवसर प्रदान गरेको कुराको चित्रण गरिएको छ । कमल विराटनगरमा रहँदा ताराको कमलप्रतिको प्रेम आसक्तिलाई देखाउनको लागि सुनसान, एकान्त स्थान र साँझको बेलाको गोधूली वातावरणको चित्रण गरिएको छ । कल्पनासँगको पराजयबाट निराश भएको नरेन्द्रबहादुरलाई घर गृहस्थी, स्वास्नी, छोराछोरी र जन्म नै निस्सारबोध भई जोगी हुन निस्केको अवस्थामा गौरिया खोलामा बिहानीको समयको शून्य र एकान्त वातावरणमा गंगा नुनियाले कालीथानको मन्दिरमा उडाएको गाँजाको धुवाँको चित्रणका माध्यमबाट उनको निस्सारपूर्ण जीवनको चित्रण गरिएको छ । नरेन्द्रबहादुरले कमललाई कान्छीआमाप्रति आशय करणीको अभियोगमा दण्डस्वरूप अर्काको पेट बोकेकी लिचुमैंयासँग बिहे गरिदिएको दुःखद कुराको चित्रणका लागि त्यसभन्दा अगाडि कल्पना र कमलबीच भएको रमाइलो वातावरणको प्रस्तुत गरिएको छ । उपन्यासको अन्तमा लिचुमैयाँको आत्महत्याको दुःखद अवस्थालाई देखाउनको लागि साथै कमलको विरक्तपूर्ण मानसिकताको चित्रण गर्नको लागि शून्य र उराठ वातावरणको चित्रण गरिएको छ ।

यसरी विभिन्न प्राकृतिक वातावरणको सिर्जना गरेर त्यसका माध्यमबाट विभिन्न मानसिक भावहरू व्यक्त गरिएको छ । उपन्यासकारले आफ्नो उद्देश्य पूर्ति गर्नका लागि कतै प्रकृतिको सुखद त कतै दुखद प्रस्तुतिका माध्यमबाट विभिन्न अवस्थाहरूको चित्रण गरी उपयुक्त वातावरणको सिर्जनाबाट औपन्यासिक सफलता प्राप्त गरेका छन् ।

## ४.३ निष्कर्ष

उपन्यासमा परिवेशको चित्रण गर्दा निश्चित स्थान, समय, वातावरण र त्यस अनुकूलको भाषा, चालचलनका साथै पात्रहरूको भोगाई, सोचाइ, भेषभूषा, संस्कृतिको चित्रण गरिएको हुन्छ (बराल,२०६४:२८८-२८९) । **एक पालुवा अनेकौं याम** उपन्यासमा नेपालको पूर्वी तराईको विभिन्न स्थानहरू झापा, विराटनगर, बारा, वीरगञ्ज लगायत काठमाडौंको  वातावरण र परिवेशको चर्चा गरिएको छ । कथानक पनि यिनै स्थानसँग आधरित भएर आएको  छ । यसका चरित्रहरू पनि स्थानअनुकूल र कतिपय स्थानीय परिवेशकै रहेका छन् । उनीहरूको जीवनको सोंचाइ, भोगाइ परिवेशअनुकूल रहेको छ । यसरी परिवेश अनुकूलको चालचलन, संस्कृति आदिको जीवन्त चित्रण भएकाले **एक पालुवा अनेकौं याम** उपन्यास परिवेशप्रधान भएको छ । दौलतविक्रम विष्ट भोजपुरमा जन्मेर पनि विभिन्न स्थानहरू घुम्ने अवसर पाएका हुनाले परिवेशको स्वाभाविक चित्रण गर्न सफल भएका छन् ।

परिच्छेद-पाँच

# शोधनिष्कर्ष

## ५.१ निष्कर्ष

वि.सं १९८३ मा भोजपुरमा जन्मेका र वि.सं २०५९ पौष १३ गते ७७ वर्षको उमेरमा यस धर्तीबाट बिदा भएका दौलतविक्रम विष्ट नेपाली साहित्यका विशिष्ट प्रतिभा हुन् । वि.सं २००३ सालमा प्रकाशित **आँखा** कवितामार्फत् नेपाली साहित्यको क्षेत्रमा सार्वजनिक रूपमा देखिएका विष्टका छिटफुट रूपमा कविता र नाटक लेखनबाहेक आख्यानका क्षेत्रमा सात वटा कथासङ्ग्रह र नौ वटा उपन्यास गरी जम्मा सोह्र वटा साहित्यिक कृति प्रकाशित भएका छन् । साहित्यका विविध क्षेत्रमा सक्रिय भए पनि उनको उपन्यासकारिता सबैभन्दा बढी सबल र सफल मानिन्छ । दौलतविक्रम विष्ट मिश्रित प्रवृत्तिका गतिशील उपन्यासकार हुन् । उनका नौ वटा औपन्यासिक रचनाहरूले समान प्रवृत्तिलाई आत्मसात् गरेका छैनन् । उनले आफ्ना रचनाहरूमा राष्ट्रिय परिवेश तथा स्थान विशेषको व्यापक चित्रण गरेका कारण आञ्चलिक उपन्यास लेख्ने साहित्यकारको रूपमा उनी बढी चर्चित बन्न पुगेका छन् ।

दौलतविक्रम विष्ट नेपाली उपन्यास विधाका एक बहुचर्चित उपन्यासकार हुन् । उनका नौ वटा औपन्यासिक कृतिहरूलाई तीन चरणमा विभाजन गरिएको पाइन्छ । पहिलो चरण (२०१६-२०२९) मा उनका दुई उपन्यासहरू **मञ्जरी** र **एक पालुवा अनेकौं याम** रहेका छन् । यस चरणको मूल प्रवृत्तिमा सामाजिक यथार्थवाद रहेको छ । विष्टको दोस्रो चरण (२०३०-२०४४) मा चारवटा उपन्यास रहेका छन् । यस चरणमा उनी **चपाइएका अनुहार** (२०३०) मार्फत् राष्ट्रिय परिवेशलाई नाघेर अन्तर्राष्ट्रिय परिवेशको सिर्जना गर्दै अस्तित्त्ववादी विसङ्गतिवादी प्रवृत्ति र अन्तर्राष्ट्रिय मानवतावादी चेतनालाई आत्मसात् गर्न पुगेका छन् । **मञ्जरी** मा देखिएको प्रगतिवादी चेतना **बिग्रिएको बाटो** र **भोक र भित्ताहरू** म क्रमशः भ्याङ्गिदै गएको छ भने **थाकेको आकाश** ले **चपाइएका अनुहार**को अस्तित्त्ववादी विसङ्गतिवादी चेतना र अन्तर्मुखी प्रवृत्तिलाई आत्मात् गर्दै बालमनोविज्ञानको नयाँ सन्दर्भलाई भित्र्याएको छ । उमेरगत प्रौढताका कारण तेस्रो चरण (२०४५-यता) मा विष्टले **ज्योति ज्योति महाज्योति** उपन्यासमार्फत् सांस्कृतिक आध्यात्मिक चेतना र दार्शनिक दृष्टिकोणको प्रतिपादन गरेका छन् । **हिमाल र मान्छे** उपन्यासले हिमाली भेगका मानिसहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिकजस्ता विविध क्षेत्रलाई समेटेको पाइन्छ भने **फाँसीको फन्दामा** (२०५३) ले नेपालको राष्ट्रिय राजनीतिमा देखापरेका विकृति र विसङ्गतिलाई उद्घाटन गरेको छ । विष्टमा रहेको सामाजिक यथार्थवादी उनको औपन्यासिक मूल प्रवृत्ति हो । उपन्यासयात्राका तीनवटै चरणमा यसको पूर्ण व्याप्ति रहेको छ भने यसै प्रवृत्तिसँगै सहप्रवृत्तिका रूपमा अस्तित्त्ववादी विसङ्गतिवादी प्रवृत्ति, प्रगतिवादी चेतना, आध्यात्मवादी प्रवृत्ति र राष्ट्रवादी चेतनाहरू आएका छन् । विष्टले उपन्यास विधामा नयाँ प्रवृत्तिलाई भित्र्याउनुभन्दा पनि उपन्यास विधामा आइसकेका प्रवृत्तिलाई व्यापकता दिनु उनको उपन्यासकारिताको शक्ति देखिन्छ । प्रवृत्तिगत नवीनतामा भन्दा विषयगत नवीनतामा चाहिँ उनी निकै अगाडि बढेका छन् ।

विष्टको उपन्यास यात्राको प्रथम चरणमा प्रकाशित कृति **एक पालुवा अनेकौं याम** (२०२६) हो । यस उपन्यासले वि.सं २००७ साल अघिको सामन्ती व्यवस्था, युवापुस्ताको द्वन्द्वशीलता र सामाजिक सङ्क्रमणको पृष्ठभूमिमा नेपाली सामाजिक जीवनको एक विशाल परिवेशलाई सामाजिक र मनोवैज्ञानिक यथार्थका आधारमा चित्रित गरेको छ । उपन्यास विशाल पटभूमिमा निर्मित भएको र यसमा एउटा युगजीवनको सिङ्गो चित्र उतारिएको छ । पुरानो संस्कार र नयाँ आदर्शका सम्मिश्रित मनस्थितिबाट उब्जेका परिस्थिति, सामाजिक तथा पारिवारिक विडम्बनाहरू, शोषणयुक्त सामाजिक स्वभाव तथा राजनैतिक चेतनाका लहरहरू समेतलाई यस उपन्यासमा स्थान दिइएको छ । बयालीसौं परिच्छेदमा संरचित यो उपन्यासमा तत्कालीन समयमा देखिएका विकृति तथा विसङ्गतिहरूलाई उजागर गरिएको छ । नेपालको तत्कालीन अवस्थाको यथार्थ रूप प्रस्तुत गरिएको यस उपन्यासमा मुख्य कार्यस्थलका रूपमा काठमाडौं, गौरीगञ्ज, चैनपुर, विराटनगर, वीरगञ्जजस्ता स्थानहरू आएका छन् भने अन्य भाग नेपथ्यीय परिवेशको रूपमा **एक पालुवा अनेकौं याम** उपन्यासमा आएका छन् । प्रमुख, सहायक र गौण पात्र नेपथ्यीय र मञ्चीय रूपमा उपस्थित भएर कार्यव्यापार गरेका छन् ।

कुनै पनि पात्रले कार्यव्यापार गर्ने आधारभूमिलाई परिवेश भनिन्छ । कुनै निश्चित परिवेशमा उपन्यासको निर्माण हुन्छ । कुनै निश्चित देश, काल, अवस्था र स्थलमा आएर उपन्यासले पूर्णता दिनका लागि परिवेश आवश्यक तत्त्वका रूपमा रहन्छ । उपन्यासमा पात्रको सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक एवम् विभिन्न संस्कार, रहनसहन, भेषभूषा, जीवनपद्धति आदि परिवेशसँगै जोडिएर आएका हुन्छन् । परिवेशमा देशकाल र वातावरण गरी दुई तत्त्व रहेका हुन्छन् ।

**एक पालुवा अनेकौं याम** २००७ सालको सेरोसेरोलाई समेटेर राणाकालीन र त्यसपछिको दुई दशकका समयमा समाजमा देखिएका आर्थिक, सांस्कृतिक र राजनैतिक जीवनमूल्यहरूलाई प्रस्तुत गरिएको उपन्यास हो । वि.सं २००७ सालअघिको सामन्ती व्यवस्था र त्यसको परिवर्तनको सङ्केत गर्नाका साथै व्यक्तिका मनस्थिति एवम् मानसिक द्वन्द्वको उद्घाटन यसमा गरिएको छ । उपन्यास विशाल पटभूमिमा निर्मित भएको र यसमा एउटा युगजीवनको सिङ्गो चित्र उतारिएको छ । पुरानो संस्कार र नयाँ आदर्शका सम्मिश्रित मनस्थितिहरूबाट उब्जेको परिस्थिति, सामाजिक तथा पारिवारिक विडम्बनाहरू, शोषणयुक्त सामाजिक स्वभाव तथा राजनैतिक चेतनाका लहरहरू समेतलाई यस उपन्यासले चित्रित गरेको छ । यो उपन्यास २०२६ सालमा प्रकाशनमा आएपनि यसले ग्रहण गरेको समय २००७ साल र त्यस अघिपछिको सङ्क्रमणकालीन समाज हो । तत्कालीन समयमा समाजमा विद्यमान जमिनदार, मुखिया, सुब्बा, हाकिमजस्ता उच्च वर्गका ठानिने मानिसहरूले परम्परादेखि लादी आएका विकृति र विसङ्गति तथा अमान्य कुराहरूलाई उपन्यासमा देखाइएको छ । तत्कालीन वातावरण र समयानुकूल परिवेशले गर्दा पाठकलाई यथार्थबोध गराउन सक्ने सामर्थ्य रहेको छ ।

**एक पालुवा अनेकौं याम** उपन्यासको मुख्य कार्यस्थल वा स्थान भोजपुर, झापा, काठमाडौं वीरगञ्ज, विराटनगर, बारा मञ्चको पर्यावरणमा देखिएका र रक्सौल, चारधाम, मुजफ्फरपुर नेपथ्यमा वर्णित परिवेशका रूपमा रहेका छन् । यसमा विभिन्न ठाउँका विभिन्न मानिसहरू,

संस्कार तथा तिनीहरूसँगको बसउठलाई कमलरूपी पालुवाले यामको रूपमा भोगेको देखाइएको छ । **एक पालुवा अनेकौं याम** उपन्यासले देशकालको सीमालाई नाघ्न नसके तापनि यसले देश (नेपाल) को सिङ्गो युगलाई बोक्ने साहसिक कार्य गरेको छ । विभिन्न स्थानगत परिवेशमा विभिन्न घटनाहरू घटित भएको देखाएर उपन्यासले स्वाभाविक रूप प्राप्त गर्नाको साथै परिवेशप्रधान भएको छ ।

**एक पालुवा अनेकौं याम** उपन्यासले खरिदार नरेन्द्रबहादुरको परिवारको सेरोफेरोमा गति प्राप्त गरेको छ । यसको कथानक कार्यकारण शृङ्खलामा अघि बढेको र परिवेशसित पुरै सम्बन्धित देखिन्छ । नरेन्द्रबहादुर, बमबहादुर, होमबहादुरजस्ता पात्र र उनीहरूका परिवारका सामाजिक, सांस्कृतिक चालचलन, रहनसहन, मान्यता, मर्यादा आदिको विस्तृत चर्चा उपन्यासमा गरिएको छ । राणाकालीन सामन्तहरूको रहनसहन र लवाइखवाइको पनि यसमा प्रशस्त चर्चा गरिएको छ । विभिन्न स्थानगत वनस्पति, प्रकृति, भाषा, भेषभूषा आदिको सजीव चित्रण गरिएको छ । यस उपन्यासमा पात्रका विभिन्न भावहरूलाई व्यक्त गर्नको लागि विभिन्न खालको प्राकृतिक वातावरणको पनि सिर्जना गरिएको छ । पात्रका सुखद तथा दुःखद मनोभावहरूको चित्रणका लागि त्यस्तै खालको वातावरणको प्रतिपादन उपन्यासमा भएको छ । कतै सुखद र रमाइलो प्राकृतिक वातावरणको चित्रणका माध्यमबाट दुःखद घटनाको वर्णन गरिएको छ भने कतै दुःखद र डरलाग्दो वातावरण प्रस्तुत गरेर सुखद परिस्थितिको सिर्जना गरिएको छ । उपन्यासमा पात्रका भेषभूषा, भाषा, चालचलन आदिका माध्यमबाट परिवेशअनुकूल बनाइएको छ ।

**एक पालुवा अनेकौं याम** उपन्यासमा विभिन्न औपन्यासिक तत्त्वहरूको उपयुक्त संयोजन भएको छ । परिवेशअनुकूलको कथानक, पात्र, संवाद र भाषाको प्रयोगले उपन्यास स्वाभाविक बनेको छ । यस उपन्यासको कथानकमा विभिन्न स्थानहरू र एउटा निश्चित समय र वातावरणमा घटित घटनाहरूलाई कार्यकारण शृङ्खलामा जोडेर कथानक पूर्ण भएको छ । कथानकले काठमाडौ, झापा, विराटनगर, वीरगञ्ज, बाराजस्ता स्थानगत परिवेशमा कार्यव्यापार पूरा गरेको छ । परिवेशअनुरूप पात्रको क्रियाकलाप अगाडि बढेको छ भने स्थान र समयअनुकूलको पात्रको प्रयोग गरिएको छ । पात्रका विभिन्न मानसिक भावहरू व्यक्त गर्नका लागि उपयुक्त वातावरणको पनि सिर्जना गरिएको छ । यस उपन्यासको प्रमुख पात्र कमल वि.सं २००७ सालपूर्वको परम्परित समाजका मूल्यमान्यता र आधुनिक मूल्यमान्यताको प्रतिचापमा पिल्सिएको पात्र हो । नरेन्द्र परम्परित समाजको जिमिदारी र सामन्ती स्वभावको प्रतिनिधि पात्र हो । बमबहादुर राणाकालीन समयको चाकरी र चाप्लुसी गर्दै जीवन निर्वाह गर्ने प्रतिनिधि पात्रका रूपमा देखापरेको छ । त्यस्तै तारा, कल्पना, जेठकी मालकिनी, रामलखन पटुवारी, होमबहादुर, पीताम्बर, गंगा नुनियाजस्ता पात्रहरू पनि तत्कालीन परिवेश र सङ्क्रमणकालीन समाजका उपज देखिन्छन् । यस उपन्यासमा जरसाहेब सामन्ती निरंकुश राणाकालीन समयको शासकको प्रतिनिधि भएर देखापरेको छ । विभिन्न स्थानहरूबाट पात्रहरू टिपी उपन्यासलाई स्वाभाविक बनाइएको छ । त्यसैले यसमा पात्र र परिवेशको घनिष्ट सम्बन्ध छ ।

**एक पालुवा अनेकौं याम** उपन्यासमा प्रयुक्त संवादहरू स्वाभाविक रहेका छन् । पात्रको स्तरअनुसार, ठाउँअनुसार र समयअनुसारका उपयुक्त संवादहरूको प्रस्तुति स्वाभाविक रूपमा

गरिएको छ । उपन्यासमा प्रयोग भएको भाषा परिवेशअनुकूलको रहेको छ । कतै कतै स्थानीय भाषाको प्रयोग गरेर स्वाभाविक परिवेशको सिर्जना गरिएको छ भने पात्रअनुकूल भाषाको प्रयोग उपन्यासमा भएको छ । औपन्यासिक उद्देश्य पूर्तिको लागि उपन्यासकारले कुनै निश्चित स्थान, समय र वातावरणको प्रस्तुतिबाट लक्ष्य प्राप्त गरेका छन् ।

निष्कर्षमा भन्दा **एक पालुवा अनेकौं याम** सामाजिक यथार्थवादी चिन्तन पद्धतिका दृष्टिले नेपाली उपन्यासपरम्परामा उच्च स्थान राख्ने विष्टका उपन्यासमध्येमा समाजबोध र मनोविज्ञान दुवै दृष्टिले उत्कृष्ट रचना हो । विशाल आयाममा फैलिएको र स्थानीय परिवेशको चित्रणका दृष्टिले विष्टको एकमात्र नारी समस्या, यथार्थवादी दृष्टिकोण, गरिबीको यथार्थ चित्रणका साथै देशको राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षलाई पनि आफ्नो गर्भमा समेटेको छ । विभिन्न स्थान, समय र वातावरणअनुकूल कथानक, चरित्रहरू, उनीहरूको संवाद, भाषा, जीवनभोगाइ, संस्कार आदिको सजीव चित्रण भई उपन्यास परिवेशप्रधान भएको छ ।

## ५.२ सम्भावित शोधशीर्षकहरू :

१) **एक पालुवा अनेकौं याम** उपन्यासमा पात्रविधान

२) **एक पालुवा अनेकौं याम** उपन्यासमा युगचेतना

# सन्दर्भग्रन्थसूची

## नेपाली पुस्तक :

अधिकारी, हेमाङ्गराज (२०६३), (सम्पा.) **प्रयोगात्मक नेपाली शब्दकोश**, दो.सं, काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि.।

थापा, मोहनहिमांशु  (२०३६), **साहित्य परिचय**, ललितपुर : साझा प्रकाशन ।

नेपाल, घनश्याम (१९८७), **आख्यानका कुरा,** सिलिगुडी :नेपाली साहित्य प्रचार समिति ।

न्यौपाने, टंकप्रसाद (२०३८), **साहित्यको रूपरेखा,** ललितपुर : साझा प्रकाशन ।

पोखरेल, भानुभक्त (२०४०), **सिद्धान्त र साहित्य,** विराटनगर :श्यामा पुस्तक भण्डार ।

प्रधान, कृष्णचन्द्रसिंह  (२०६१), **नेपाली उपन्यास र उपन्यासकार,** चौ.सं, ललितपुर : साझा प्रकाशन ।

................ (सम्पा) (२०५८), **साझा समालोचना**, पाँ.सं, ललितपुर : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र (२०४०), **नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि**, दार्जिलिङ् : दीपा प्रकाशन ।

प्रसाईं, नरेन्द्रराज (२०६०), **दौलतविक्रम विष्टको परिक्रमा**, ललितपुर : साझा प्रकाशन ।

बराल, ईश्वर र अन्य (सम्पा.) (२०५५), **नेपाली साहित्यकोश**, काठमाडौँ : ने.रा.प्र.प्र. ।

बराल, ऋषिराज (२०६३), **उपन्यासको सौन्दर्यशास्त्र**, दो.सं, ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**,  दो.सं, ललितपुर : साझा प्रकाशन, ।

.............. (२०६४), **नेपाली आख्यान र नाटक**, काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

भट्टराई, घटराज (२०५१), **प्रतिभै प्रतिभा र नेपाली साहित्य**, दो.सं, काठमाडौँ : एकता बुक्स एण्ड डिष्ट्रिब्युटर्स प्रा.लि. ।

राई, इन्द्रबहादुर  (२०५८), **नेपाली उपन्यासका आधारहरू**, ते.सं, ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०५५), **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौँ :ने.रा.प्र.प्र., ।

..................(२०४८), **शैलीविज्ञान**, काठमाडौँ : ने.रा.प्र.प्र. ।

शर्मा, तारानाथ 'भूमिका' (२०५५), **चपाइएका अनुहार**, लेखक, दौलतविक्रम विष्ट,  सा.सं, ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६४), **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**, दो.सं, ललितपुर : साझा प्रकाशन ।

**पत्रपत्रिका**

दाहाल, खेम (२०५७), 'उपन्यास एक चर्चा',**कुञ्जिनी** (वर्ष ८,अङ्क ५) पृ.६५ ।

पौडेल, विष्णुप्रसाद (२०५८), 'दौलतविक्रम विष्ट र उनको औपन्यासिक यात्राको चरण विभाजन', **गरिमा** (वर्ष १९, अङ्क १०, ूर्णाङ्क २२६,) पृ.६३-७३ ।

शर्मा, गोपीकृष्ण (२०४२), '**एक पालुवा अनेकौ याम** उपन्यासको पात्रविधान', **वाङ्मय** (वर्ष ५,अङ्क ५,) पृ.६६-८० ।

**शोधपत्र**

अधिकारी, लक्ष्मी (२०६२), **चपाइएका अनुहारको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

अधिकारी, विश्वबन्धु (२०६०), **एक पालुवा अनेकौं याम उपन्यासको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, विरेन्द्र ब. क्याम्पस, त्रि.वि., भरतपुर ।

घर्ती, दुर्गाबहादुर (२०५३), **अनुराधा उपन्यासको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि.वि., कीर्तिपुर ।

थापा, सुन्दरी (२०५६), **एक पालुवा अनेकौं याम उपन्यासमा द्वन्द्वविधान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र पद्मकन्या क्याम्पस त्रि.वि., काठमाडौं ।

नेउपाने, पशुपति (२०५०), **ज्योति ज्योति महाज्योति उपन्यासको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि.वि., कीर्तिपुर ।

शर्मा, सीता (२०३८), **दौलतविक्रम विष्टको जीवनी र व्यक्तित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि.वि., कीर्तिपुर ।

सुवेदी, धनप्रसाद (२०५६), **नेपाली आञ्चलिक उपन्यासको ऐतिहासिक सर्वेक्षण**,अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि.वि., कीर्तिपुर ।

**हिन्दी**

अग्निहोत्री, श्रीनारायण (१९६१), **हिन्दी उपन्यास साहित्यका शास्त्रीय विवेचना**, आगरा : सरस्वती पुस्तक सदन ।

बर्मा, धीरेन्द्र र अरू (सम्पा.) (२०२०), **हिन्दी साहित्यकोश**, दो.सं., वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

बर्मा, बृन्दावनलाल (१९५६), **उपन्यास और कला**, (सम्पा.) शिवकुमार मिश्र, कानपुर : रवि प्रकाशन ।

**अङ्ग्रेजी**

Abrams,M.H. (2001), **A Glossary of Literary Terms**, 7thed.,A Harcourt Higher Learning company .

**Elements of story (2009 august 9)**, http//hrsbstaff.ednet.ns.ea./engrmja/elements.html.

Forster,E.M. (1998), **Aspects of the Novel** (edt.), olliver stallybrass, London : penguin Books, .

Hudson,W.H. (1991), **An Introduction to the study of Literature**,reprint, Ludhiana : kalyani publishers .

Scholes, Robert comely etal (edt.) (1991), **Elements of Literature**, 4thed.,Delhi :oxford University press .

Wikipedia (2009 august 9 ), **Setting**, http//en.wikipedia.org/wiki .